उच्च चरित्र भएकी पत्नी (हितोपदेश ३१:१०-३१)

१० उच्च चरित्र भएकी पत्नी कसले पाउन सक्छ? तिनी मानिकभन्दा पनि अति नै बढी मूल्यकी हुन्छिन् ।
११ तिनका पतिले तिनीमाथि पूरा भरोसा गर्छन, र उनलाई कुनै असल कुराको अभाव हुदैन् ।
१२ तिनले आफ्नो जीवनकालभरि नै उनको भलो गर्छिन्, कुभलो होइन ।
१३ तिनले ऊन र सनपाट चुनेर आफ्ना हातहरुले उत्सुकतासाथ काम गर्छिन् ।
१४ व्यापारी जहाजहरुले जस्तै तिनले टाढाबाट भोजन ल्याउँछिन् ।
१५ तिनी राती नै उठछिन्, आफ्नो परिवारको लागि भोजनको इन्तिजाम गर्छिन् र आफ्नी दासी ठिटीहरुलाई आ-आफ्नो भाग दिन्छिन् ।
१६ खूबै सोच-विचार गरेर तिले एउटा खेत किन्छिन्, र आफ्नो कमाइले तिनी दाखबारी लाउँछिन् ।
१७ तिनले आफ्नो काम फूर्तिसँग गर्छिन, आफ्नो कामको लागि तिनका पाखुराहरु बलिया छन् ।
१८ तिनले आफ्नो कारोबार लाभदायक भएको देख्छिन्, र तिनको बत्ती राती निभ्दैन ।
१९ तिनले आफ्नो हातमा चर्खाको डण्डा लिन्छिन्, र आफ्नै औंलाले पिउरी पक्रन्छिन् ।
२० तिनले गरीबहरुलाई आफ्नो मुट्ठी खोल्छिन्, र आफ्नो हात दीन-हीनहरुका लागि बढाउँछिन् ।
२१ हिउँ पर्दा आफ्नो परिवारको निम्ति तिनी डराउँदिनन्, किनभने तिनीहरु सबैले सिन्दुरे रङ्गको वस्त्र पहिरेका हुन्छन् ।
२२ तिनले आफ्नो खाटको लागि ओढ्ने-ओछयाउने बनाउँछिन्, तिनी मलमल र बैजनी कपडाले पहिरेकी हुन्छिन् ।
२३ तिनका पति शहरका मूल ढोकामा सम्मानित हुन्छन्, जहाँ उनी मुलुकका पाकाहरुसँग बसेका हुन्छन् ।
२४ तिनले सूती कपडाका वस्त्रहरु बनाउँछिन् र ती बिकी गर्छिन्, र व्यापारीहरुलाई पटुकाहरु उपलब्ध गर्छिन् ।
२५ तिनी सामर्थ्य र प्रतिष्ठाले सुशोभित हुन्छिन्, र आउने दिनहरुका बारेमा तिनी हाँस्न सक्छिन् ।
२६ तिनी बुद्धिसँग बोल्छिन्, र तिनको जिब्रोमा विश्वसनीय उपदेश हुन्छ ।
२७ तिनी आफ्नो परिवारका कारोबारको देखरेख गर्छिन्, र आलस्यको रोटी खाँदिनन् ।
२८ तिनका छोराछोरीहरु खडा भएर तिनलाई धन्य भन्छन्, तिनका पतिले पनि यसो भनेर तिनको प्रशंसा गर्छन:
२९ धेरै स्त्रीहरुले उत्तम कुराहरु गर्छन, तर तिनीहरु सबैलाई तिमीले जितेकी छयौ ।
३० सौन्दर्य भ्रमात्मक हुन्छ, र सुन्दरता उडिजाने हुन्छ, तर परमेश्वरको भय मान्ने स्त्रीको नै प्रशंसा गरिनुपर्छ ।
३१ तिनले कमाएको इनाम तिनैलाई दिनू, र तिनका कामले शहरको मूल ढोकामा नै तिनलाई प्रशंसा ल्याऊन् ।

The Role of Woman

*Betty Burton Choate*

स्त्रीको भूमिका

# *The Role of Woman*

# स्त्रीको भूमिका

Betty Burton Choate


# स्त्रीको भूमिका
(The Role of Woman)
**(In Nepali)**

© सर्वाधिकार प्रकाशकमा,
पहिलो संस्करण: २०८०, भाद्र
संख्या: (२,००० प्रति)
First Printing in Nepal : August, 2023.
Copies : 2000

लेखक/Writer
बेट्टी बर्टन चोएट/Betty Burton Choate

मुद्रण:
ऐरिदेवी प्रिन्टिङ्ग प्रेस
ज्वागल-१०, ललितपुर

प्रकाशक
चापागाँउ ख्रीष्टको मण्डली
नेपाल बाइबल अध्ययन केन्द्र
Nepal Center for Biblical Study
पो.ब.नं. २५९९९, ललितपुर, नेपाल



# स्त्रीको भूमिका



# The Role of Woman

Betty Burton Choate
बेट्टी बर्टन चोएट

# कृतज्ञता

प्रभु येशूको नाउँमा सबै परमेश्वरका जनहरुमा न्यानो अभिवादन टक्र्याउँछु । प्रभुमा दिदी बेट्टी बर्टन चोएटद्धारा लेखिएको “महिलाको भूमिका” नामक पुस्तकलाई अनुवाद गरी नेपाली भाषामा प्रकाशन गर्न पाउँदा निकै आनन्द र खुशी लागिरहेको छ । यो पुस्तकलाई  नेपाली भाषामा प्रकाशन गर्न अनुमति दिनु भएकोमा दाजु Jerry Bates (World  Evangelism, Winona) प्रति निकै आभार व्यक्त गर्दछु ।

संसारमा पाप र त्यसको परिणाम जस्तै भएता पनि स्त्री भएर जन्मनु, कसैको जीवन साथीको रुपमा पत्नी हुनु, बालबच्चाहरु हुनु, नातीनातीनीहरु हुनु, यी सबै मध्ये एउटी असल ख्रीष्टियान महिला हुनुको सुन्दरता आफैमा पनि परमेश्वरको सृष्टिको पूर्णता हो । यो पुस्तक दिदी बहिनीहरुलाई हौसला प्रदान गर्ने उद्देश्यले लेखिएको थियो ।

लेखकले आफ्नो सेवाकाइको अनुभव, गहन बाइबल अध्ययन पछिको लामो समय लगाएर दिदी बहिनीहरुलाई मण्डलीमा, परिवारमा, समाजमा र वैवाहिक जीवनका क्षेत्रमा आफ्नो भूमिकाको बारेमा हौसला प्रदान गर्नको निम्ति यो उपयोगी पुस्तक लेखिएको थियो । यो पुस्तक अध्ययन गर्ने सबै जनहरुलाई परमेश्वरले प्रशस्त आशिष दिनुभएको होस् ।

धन्यवाद

# परिचय

यो पुस्तकको परिचय लेख्न पाउँदा मलाई निकै आनन्द लागिरहेको छ । यो पुस्तकको लेखिका दिदी बेट्टी बर्टन चोएट् हुनुहुन्छ । उहाँ स्वर्गीय जे.सी.चोएट्को पत्नी हुनुहुन्छ । पतिको मृत्युपश्चाप पनि निरन्तररुपमा World Evangelism मार्फत विश्वभरी Voice of Truth International पुस्तक लगायत अन्य खीष्टियान पुस्तकहरु प्रकाशनका काममा समर्पित हुनुहुन्छ ।

यी लेखहरु मौलिक रुपमा भारतका खीष्टियान पत्रिकाहरुमा धेरै पटक देखा परिसकेका छन् । विशेष गरेर घरमा र मण्डलीमा महिलाहरुको भूमिका बारे स्पष्ट पाठहरु लेख्नु भएकोले धेरै दाजुभाइ र दिदी बहिनीहरुले उहाँको यो लेखन कार्यलाई बारम्बार प्रशंसा व्यक्त गर्नुभएको छ । यस्तो प्रकारका पाठहरु हरेक देशका मण्डलीहरुलाई आवश्यक छ ।

लेखकले यी पाठहरु आफ्ना व्यक्तिगत जीवन अनुभवबाट बाइबलको शिक्षामा आधारित भएर लेखेका छन् जसमा पति, छोराछोरी र नातीनातीनीहरुको अनुभव साथमा थियो । यी पाठहरु विशेषगरी जवान र बृद्ध स्त्रीहरुलाई कक्षा कोठामा सिकाउने शैलीमा तयार गरेको थियो । याद गर्नुहोस् कि कुनै पनि साधनहरुलाई आफ्नो जीवन र आफ्नो पारिवारिक जीवनमा प्रयोग नगरेसम्म आफूलाई उपयुक्त हुँदैन् । आशा गर्दछु कि यो पुस्तकले अझ पाठकहरुलाई थप हौसला प्रदान गर्नेछ ।

धन्यवाद ।



# बिषय-सूची

| पाठ | बिषय | पाना नम्बर |
|---|---|---|


पाठ – १ के महिला पुरूषभन्दा कमजोर छ?................................... ५

पाठ – २ सृष्टिको क्रम र पतन.................................................... ८

पाठ – ३ पतनको प्रतिक्रियामा परमेश्वरका नियमहरू....................... १३

पाठ – ४ यसको अर्थ के होः "बालक जन्ममा तिनी बचाइनेछिन्?"...... १७

पाठ – ५ "मानिसको निम्ति सहयोगी" भन्नाले के अर्थ लाग्छ?........... २१

पाठ – ६ के महिला एल्डर वा डिकन हुन सक्छिन्?.......................... २७

पाठ – ७ के महिलाले सार्वजनिकरूपमा प्रचार गर्न सक्छिन्?............. ३२

पाठ – ८ के महिलाले सिकाउन सक्छिन्?....................................... ३७

पाठ – ९ यदि पुरूषले महिलालाई सार्वजनिकरूपमा प्रचार गर्न बोलाउँछ भने के गर्ने?.................................................... ४२

पाठ – १० के महिलाले आराधनामा आफ्नो शिर ढाक्नुपर्छ?................ ४५

पाठ – ११ के महिलाले सावर्जनिक भेलामा "अन्य भाषा"बोल्न सक्छिन्? ५६

पाठ – १२ आमाहरू, आफ्ना साना केटाकेटीहरूलाई सिकाउनुहोस् र तालिम दिनुहोस्....................................................... ६५

पाठ – १३ महिलाको भूमिका के हो?............................................. ७३



# पाठ–१

## के महिला पुरुषभन्दा कमजोर छ?

तिनी आफ्नै पति भए तापनि स्त्री पुरुषको नोकरभन्दा केही होइनन् भनी केही मानिसहरुले भन्ने गर्दछन् । स्त्री केवल सन्तान जन्माउन, घर सफा राख्न, र खानेकुरा पकाउनको निम्ति मात्र राम्रो छिन भनी ठान्छन् । स्त्रीहरु महिलाको स्वरुपमा भएर बचाइन सक्दिनन् भनी केही धर्महरुले सिकाउँदछन् । स्त्री पुरुषको स्वरुपमा भएर पहिला पुर्नजन्म हुनुपर्छ भनी ठान्थे ।

यो विचारलाई खण्डन गर्दै विश्वका विकसित राष्ट्रहरु भएर "महिला मुक्ति आन्दोलन" ले स्त्रीहरु हरेक हिसाबले पुरुष समान छन् भनी घोषणा गर्दछ । यो आन्दोलनले समानतालाई मात्र स्थापना गर्न खोजेको छैनन् । पुरुषहरुको अधिकारलाई स्थापित गरी संसारका महिलाहरुका निम्ति शक्ति हासिल गर्ने यसको अन्तिम लक्ष्य रहेको छ । यस्तो स्वभावले पुरुष र महिलाबीच प्रतिस्पर्धाको भावनालाई सृजना गरेको छ, जसको परिणाममा शत्रुता, तितोपना र अन्तमा घर तोडिन्छ ।

महिलाको भूमिका र पुरुषसित उनको सम्वन्धबारे परमेश्वरले के भन्नुभएको छ भन्ने कुरा जान्नु नै हाम्रो चासोको विषय हो । परमेश्वरले न मूर्तिपूजकहरुको विचार नता स्वतन्त्रवादको अभियानलाई निर्देशित गर्नुहुन्छ । बाइबललाई पल्टाएर हेर्दा परमेश्वरले जस्तो तरीकाले चाहनुभएको थियो त्यही मुताबिक महिलाको स्थिति, काम र भूमिकालाई हामी प्रष्टरुपमा देख्न सक्छौं ।

के महिला पुरुषभन्दा कमजोर छ? बाइबलको पहिलो पुस्तक उत्पतिमा हामी यो प्रश्नको उत्तर पाउँछौं । परमेश्वरले प्राणी जगतलाई सृष्टि गर्नुभयो र यी सबैको अन्त्यमा उहाँले मानिसलाई बनाउनुभयो । त्यसपछि "परमप्रभुले सबै वन-पशु र आकाशका सबै पक्षीलाई भूमिबाट बनाएर मानिसले तिनीहरुको के-के नाउँ राख्दो रहेछ भनी हेर्न तिनीहरुलाई मानिसकहाँ ल्याउनुभयो । र मानिसले हरेक प्राणीलाई जे-जे नाउँ दिए त्यही-त्यही नै त्यसको नाउँ भयो । अनि मानिसले नै सबै पालिने पशु, आकाशमा पक्षी र सबै वन-पशुहरुका नाउँ राखे" (उत्पति २:१९,२०) ।

"त्यसलाई सुहाउने एउटा सहयोगी" भन्ने शब्दहरुले परमेश्वरले स्त्रीलाई कस्तो बनाउन चाहनु भएको थियो त्यही कुरा हामीलाई बताउँदछः सहयोगी, पुरुषको निम्ति मिल्ने सहयोगकर्त्ता, उनको छेउमा बसेर जीवनका जिम्मेवारी र अनुभवहरु बाँड्ने सहकर्मी हो ।



**छलफलको बिन्दु**

किन यी कट्टर स्वभावहरुको विकास भयो भनी तपाई सोच्नहुन्छ? के कुनै महिलाप्रति पुरुषको स्वभावको कारणले गर्दा नकारात्मक प्रतिक्रिया निम्त्याउँछ? यस्तो कट्टर स्वभावहरुले प्रमुख स्थान लिएका संसारका यी क्षेत्रहरुमा के संस्कृति सम्बन्धको धेरै मात्रामा प्रभाव भएको कारणले गर्दा हो भनी तपाई सोच्नुहुन्छ?

स्त्रीलाई अस्तित्वमा ल्याउन, "यसैकारण परमप्रभु परमेश्वरले मानिसलाई मस्त निन्द्रामा पार्नुभयो, र तिनी निदाएको बेलामा तिनका करङहरुमध्येको एउटा निकालेर त्यसको ठाउँमा मासु भरिदिनुभयो । जुन करङ परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नुभएको थियो, त्यसबाट एउटी स्त्री बनाएर (मौलिक भाषाको शब्दले "उहाँले बनाउनुभयो" भनी भन्दछ) मानिसकहाँ ल्याउनुभयो" (उत्पति २:२१,२२) ।

परमेश्वरले बनाउनुभएको स्त्रीलाई आदमले देखेर यसो भन्यो, "यो त मेरै हाडको हाड र मासुको मासु हो । तिनलाई स्त्री भनिनेछ । किनभने तिनी पुरुषबाट निकालिएकी थिइन्" (उत्पति २:२३) ।

उत्पतिको पाठ्यखण्डले यस्तो टिप्पणी दिन्छ, "यसैकारण मानिसले आफ्ना आमाबाबुलाई छोड्छ, र आफ्नी स्वास्नीसँग मिलिरहन्छ, र तिनीहरु एउटै शरीर हुन्छन्" (उत्पति २:२४) । यो सृष्टिको तथ्यबाट हामीले धेरै कुराहरु सिक्न सक्छौं:

- आदमलाई पहिलो स्थानमा सृष्टि गरिएको थियो; त्यसकारण तिनी स्त्रीभन्दा पहिलो र अगाडि थियो ।
- जमिनको धुलोबाट आदम बनाइयो । आदमको करङ निकालेर स्त्री बनाएको थियो । यसकारण शाब्दिक अर्थमा स्त्री मानिसको एउटा हिस्सा हो ।
- आदमको शीरबाट करङ निकालेको थिएन, यसकारण स्त्रीले पुरुषमाथि अधिकार गर्न सक्दिनन् । त्यो करङ खुट्टाबाट निकालेको थिएन, यसकारण पुरुषले स्त्रीलाई कुल्चेर राख्न सक्दैनन् । उनी तिनको सहयोगी हुन सकोस् भनेर करङ उनकै छेउबाट निकालेको थियो ।
- परमेश्वरले पुरुष र स्त्रीलाई शाब्दिकरुपमा शारीरिक रुपले सम्पूर्णको दुइ भागको अवधारणामा सृष्टि गर्नुभयो । यी दुई भागविना मानव प्रजनन हुन सक्दैनन् । यसकारण, जातिलाई निरन्तरता दिन यी दुइ भागको समान महत्व र आवश्यक छ ।
- वयस्क मानिसको रुपमा जब पुरुष र स्त्रीले विवाहमा एक अर्काप्रति सर्मपित

हुन्छन्, परमेश्वरको प्रारम्भिक योजना अनुसार तिनीहरु नयाँ मिलनमा एकैसाथ जोडिनेछ ताकि तिनीहरु पुनः “एउटै शरीर” हुनेछ, पूर्णताको दुइभागको रुपमा, शारीरिकरुपमा, भावनात्मकरुपमा र जीवन जीउने क्रममा एक हुन्छन् ।



**छलफलको बिन्दु**

जोडीहरुले आफ्ना आमाबुबालाई त्यागेर अलग्गै बस्छन भन्ने कारण दिई छलफल गर्नुहोस् । यसमा जिम्मवारीहरु, परिपक्वता, एक अर्कामा बाँधिएका र उनीहरुबाट जन्मेका सन्तानहरुको एकता, समर्थन र “परिवारको” भावनालाई विचार गर्ने कुरालाई सम्लग्न गर्नुपर्छ ।

- दुई व्यक्तित्व- पुरुष र महिलाले नयाँ परिवारको एकाइलाई स्वरुप दिन परिवारका अरु सदस्यहरुलाई त्याग्छन् भन्ने परमेश्वरको अभिप्राय थियो । शुरुदेखि नै परमेश्वरले पुरुषलाई पूर्ण बनाउन, तिनको निम्ति सहयोगी हुन एउटा स्त्री बनाउनुभयो । तिनीहरुको जीवनको उन्नतिसँगै, तिनीहरुको परिवार, तिनीहरुका काम, परमेश्वर र अरु मानिसहरुसित तिनीहरुका जिम्मेवारीमा पुरुषसित एकैसाथ उपयुक्त हुने तवरले स्त्रीलाई संरचना गर्नुभयो । ताकि तिनीहरुको जीवन पूर्ण होस् । साँच्चै भन्नुपर्दा उनी शाब्दिक अर्थमा मानिसको सार हो, कमजोरी होइन् वा थोरै असमानता वा कम मूल्यको होइनन् ।

**कक्षा छलफलको निम्तिः**

(१) स्त्रीको यथास्थितिबारे केही मानिसहरुले के विश्वास गर्छन्?
(२) “महिला मुक्ति आन्दोलन” को लक्ष्य के हो?
(३) यी कट्टर सोचाइको परिणामले कस्तो नकारात्मक स्वभावहरु सृजना भएका छन्?
(४) कुन बस्तुबाट परमेश्वरले आदमलाई स्वरुप दिनुभयो?
(५) के कुराबाट परमेश्वरले हव्वालाई बनाउनुभयो?
(६) आदमको करडबाट हव्वालाई बनाउनुभयो भन्नाले पुरुषको निम्ति के अर्थ लाग्छ?
(७) शाब्दिक रुपमा कसलाई पहिलो स्थानमा बनाइएको थियो? के जन्मिएका हाम्रा सन्तानहरुमा पनि पहिलो जन्मेको स्थानको महत्व छ?
(८) मानव प्रजनन प्रणालीको अंश पुरुषमा र समकक्ष महिलामा राखिएको थियो । तिनीहरुको सम्बन्धबारे परमेश्वरको मनसायले हामीलाई के बताउँछ? एक अर्काको लागि तिनीहरुको के आवश्यकता छ ?
(९) परमेश्वरले सुरुवाटमा अपेक्षा गर्नु भए झै के “पूराको दुई भाग” सिद्ध हुने थियो?
(१०) परमेश्वरको निर्देशनहरु पछ्याएर उनीहरु आफ्ना आमाबाबुबाट छुटेर अलग पारिवारिक इकाई बनाउँछ, नयाँ मिलनका फाइदाहरुबारे छलफल गर्नुहोस ।

❖



# पाठ–२

## सृष्टिको क्रम र पतन

खीष्टियानहरु नयाँ नियममा अभिलेख गरेको खीष्टको व्यवस्थाको अधिनमा जिउँछन् । परमेश्वरले आफ्ना सन्तानहरुसित नयाँ करार बाँधिनुभएको छ जुन पुरानो करार अन्तर्गतका मानिसहरुमा बाँधिएका व्यवस्थाहरुलाई प्रतिस्थापन गर्दछ । ऐतिहासिक रुपमा, हामी मानव अस्तित्वका ती प्रारम्भिक वर्षहरुमा भएका घटनाहरुबाट प्रभावित छौं ।

पहिलो कोरिन्थी र पहिलो तिमोथीका अभिलेखहरुमा, पवित्र आत्माले प्रेरित पावललाई खीष्टियान महिलाहरुको काम र व्यवहारको बारेमा केही आदेशहरु लेख्न निर्देशन दिनुभयो ।

“स्त्रीहरु मण्डलीको सभामा चूपचाप रहून् । तिनीहरुलाई बोल्ने अनुमति छैन, तर व्यवस्थाले भनेझैं तिनीहरु अधीनमा रहून” (१ कोरिन्थी १४:३४) । “तर स्त्रीले पुरुषलाई सिकाउने र पुरुषमाथि अधिकार जमाउने काममा म अनुमति दिन्नँ, तर तिनी चूपचापै रहून” (१ तिमोथी २:१२) । यी आज्ञाहरु दुई ऐतिहासिक तथ्यहरुका परिणाम हुन्:

- आदम पहिलो स्थानमा बनाइयो, त्यसपछि हव्वा (१ तिमोथी २:१३) ।
- हव्वा छलिएर अपराधमा फसेकी हुन् । यो मानव पतनको कारण बन्यो (१ तिमोथी २:१४) ।

१ कोरिन्थी ११:८,९,११,१२ मा हामी पढ्न पाउँछौं, “किनकि स्त्रीबाट पुरुष बनिएको होइन्, तर स्त्रीचाहिँ पुरुषबाट बनिएकी हो । स्त्रीको निम्ति पुरुष सृष्टि भएको होइन, तर स्त्री पुरुषको निम्ति हो । तरै पनि प्रभुमा पुरुषबाट स्त्री स्वतन्त्र हुँदिन, नता स्त्रीबाट पुरुष नै । किनकि जसरी पुरुषबाट स्त्री बनिई, त्यसरी नै पुरुष स्त्रीबाट जन्मन्छ । तर सब थोक परमेश्वरबाट नै आउँदछन् ।”



**छलफलको बिन्दु**

"पुरुष स्त्रीको निम्ति होइन्, पुरुषको निम्ति स्त्री सृष्टि भएको हो" न त स्त्री न पुरुष एक अर्काबाट स्वतन्त्र छन्? भन्ने कथनहरुले तपाईलाई के अर्थ दिन्छ? "सबै चीजहरु परमेश्वरको हो" भन्नाले के अर्थ लाग्छ? के यो सन्दर्भले परमेश्वरको अधिकार, उहाँको योजना वा दुवैलाई जनाउँदछ?

यसले हामीलाई बताउँदछ कि सुरुवाटमा सृष्टि केवल परमेश्वरको निम्ति मात्र महत्वपूर्ण थिएन्, तर घरमा पनि उहाँको व्यवस्था प्रमुख कारकको रुपमा निरन्तरता दिइयो: किनभने पहिला मानिस बनाइएको थियो, उनलाई महिलाको शीरको रुपमा गनियो ।

कुनै पनि मानव निर्मित संगठन सुव्यवस्थित नभई चल्न सक्दैन् । त्यहाँ अधिकार हुनैपर्छ, र अधिकार भएकाहरु आफ्नो नेतृत्वमा भएका व्यक्तिहरुको कार्यको लागि जिम्मेवार मानिन्छ । मानिसलाई पहिलो सृष्टि गरिएको हुनाले उसलाई नेतृत्वको जिम्मेवारी दिइएको थियो । "नेतृत्व" को अर्थ पुरुष महिलाको अगाडी जान्छ र उनलाई सही मार्गमा नेतृत्व गर्छ । "उत्तरदायित्व" को अर्थ उसले सहि वा गलत बाटोमा अगुवाइ गऱ्यो भनी उसको आफ्नो नेतृत्वको निम्ति परमेश्वरप्रति जवाफदेहि हुनुपर्छ ।

अर्कोतर्फ, मानिसको जिम्मेवारी र नेतृत्वले कुनै पनि महिला महत्व छैनन् भन्ने अर्थ दिदैन् । यद्यपि उनी शाब्दिक रुपमा "मानिसको लागि बनाइएको" थियो तापनि, घरमा पत्नी र आमाको रुपमा उनको भूमिकाबिना, र बच्चाहरुको जन्म, र पालनपोषणमा, त्यहाँ मानवताको निरन्तरता हुनेछैन् । यसरी पुरुष र महिला दुवै एक अर्कामा निर्भर हुन्छन्, र परमेश्वरको योजनामा महत्वपूर्ण छन् ।

विनापाप मानिसहरु सिद्ध थिए । तिनीहरु परमेश्वरको हातको सृष्टिबाट आएका थिए । तैपनि, तिनीहरुलाई छनोट गर्ने अधिकार दिइएको थियो । परमेश्वरले केही नियमहरु बनाउनुभयो जुन तिनीहरुले पालन गर्नुपर्ने थियो । ती नियमहरुमा अनाज्ञाकारिता हुनु भनेको आफ्नो स्वतन्त्रताको रोजाईलाई अभ्यास गर्नु हो, जसको मतलब तिनीहरु पूर्णताको अवस्थाबाट खस्नेछन् र अपराधीहरु-पापीहरु हुनेछन् । पापले शारीरिक र आत्मिक मृत्यु दुवै ल्याउनेछ भनी समयको सुरुमा पनि परमेश्वरले चेतावती दिनुभयो । "अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, बगैचाका सबै रुखका फल तैले सङ्कोच नमानी खाए हुन्छ, तर असल र खराबको ज्ञान दिने रुखको फलचाहिँ नखानू, किनभने जुन दिन तैले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस्" (उत्पति २:१६,१७) ।

जब शैतान सर्पको रुप लिएर बगैंचामाा आयो, त्यसले हव्वालाई सोध्यो, "के

परमेश्वरले तिमीहरुलाई बगैंचाको कुनै रुखको फल नखानू भन्नुभएको थियो? हव्वाले भनिन्, "बगैंचाको रुखहरुका फल हामी खान सक्छौं, तर बगैंचाको बीचमा भएको रुखको फलको विषयमा परमेश्वरले भन्नुभएको छ, 'त्योचाहिँ नखानू र नछुनु, नत्रता तिमीहरु मर्छौं ।"

त्यसपछि सर्पले स्त्रीलाई भन्यो, "तिमीहरु मर्दैनौं । किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरु त्यो खान्छौं त्यही दिन तिमीहरुका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरु परमेश्वरजस्तै हुनेछौं ।" शैतानका शब्दहरु सुनेर, हव्वाले त्यो रुखको फल खानलाई असल र हेर्नमा रहर लाग्दो, र बुद्धि पाउनलाई त्यस रुखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रुखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए" (उत्पति ३:३-६) ।

जसरी १ तिमोथी २:१४ मा भनिएको छ, शैतानको वचनले हव्वालाई धोका दिइयो । शैतानको हौसला पाएर उनले त्यसो गरे, उनले संसारमा पाप ल्याइन् ।



**छलफलको बिन्दु**

परमेश्वरको क्षमताले समयलाई तल हेर्ने र मानिसले पाप गर्नेछ भनी देख्दै, किन परमेश्वरले उसलाई छनौट गर्ने शक्ति दिनुभयो जस्तो लाग्छ? मृत्यु किन पापको अन्तनिर्हित कारक हो? वास्तविकतालाई विचार गर्नुहोस्, कि परमेश्वरमा मात्र जीवन छ-तापनि, उहाँको आफ्नै स्वभावको उपस्थितिले जीवनलाई पापमय भाँडोमा उहाँले प्रदान गर्नुहुन्‌ । मानिसले आफूभित्र पाप गर्ने कार्यले नै आफूलाई आफ्नो जीवन-स्रोतबाट परमेश्वरदेखी टाढा राख्यो । मृत्यु उसको अपरिहार्य परिणाम हुनेछ; जहाँ जीवन हुँदैन, त्यहाँ मृत्यु हुन्छ । त्यसो भए के मानिसबाट पाप हटाउन सकिन्छ ताकि उसलाई परमेश्वरसंगको संगतिमा पुनस्थार्पित गर्न र पुनः आफ्नो जीवन स्रोतमा जोडिन सक्छ, रोमी ६:२३; ८:११, । हिब्रू ९:१४,१५ पदहरुलाई जाँच्नुहोस् ।

एउटी महिलालाई परमेश्वरले उनको लागि योजना गर्नुभएको विशेष काम गर्नको लागि संरचना गरिएको थियो: आफ्नो पतिसँग जीवनको साझेदारी हुन र तिनीहरुको घर र बच्चाहरुको हेरचाह गर्ने थियो (१ तिमोथी ५:१४; तीतस २:४,५) । यो कामको लागि उनी भरोसा योग्य, कोमल र आफ्नो परिवारको हितको निम्ति सोच्ने हुनुपर्छ । त्यसको साथै आफ्नो परिवारको हितसँग सम्बन्धित सबै कुराहरुमा महिलाको एकग्रतामा ध्यान दिनुपर्छ । उनको लागि कमजोर निर्णयहरु गर्न वा अरुसँग अनुचित व्यवहार गर्न सम्भव छ ।

आफ्नो पुस्तक, "केवल ख्रीष्टियानिटि", मा सी.एस.लुइसले पुरुष र महिलाको भूमिकाको सन्दर्भमा उत्कृष्ट बुँदाहरु बताँउछन्:-

"यदि त्यहाँ शीर हुनुपर्छ भने पुरुष नै किन? ठीक छ, पहिलो, कुनै गम्भीर इच्छा छ कि यो महिला हुनुपर्छ? जहाँसम्म मैले देखेको छु, आफ्नै घरको शीर बन्न चाहने महिलाले पनि हेर्दा सामान्य रुपमा उस्तै अवस्थाको प्रशंसा गर्दैन । उनले भन्न सक्ने सम्भावना धेरै छ, "गरीब मिस्टर "क" किन उसले त्यो डर लाग्दो महिलालाई उसले गर्ने तरिका बारेमा मालिक हुन अनुमति दियो त्यो मैले कल्पना गर्न सक्ने भन्दा धेरै हो ।" मलाई लाग्दैन कि यदि कसैले उनको आफ्नै शीरत्वको तथ्यलाई पुरुषले बताए भने उनी धेरै चापलुसी हुन्छन् । श्रीमानको शासनमा  श्रीमती केही अप्राकृतिक हुनुपर्दछ, किनकि पत्नीहरु आफै यसमा आधा लाज र उनीहरुले शासन गर्ने पतिहरुलाई घृणा गर्छन् ।

"तर त्यहाँ अर्को कारण पनि छ; र यहाँ म एउटा अविवाहित पुरुषको रुपमा स्पष्ट बोल्छु, किनभने यो एउटा कारण हो जुन तपाई भित्रबाट भन्दा बाहिरी रुपमा राम्रो देख्न सक्नुहुन्छ । परिवारको बाहिरी संसारसँगको सम्बन्ध -जसलाई विदेशी नीति भनिन्छ- अन्तिम उपायमा, पुरुषमा निर्भर हुनुपर्छ, किनभने ऊ सधै, सामान्यतया, धेरै मात्रामा बाहिरीको हुन्छ । एकजना महिला मुख्यतः आफ्नो बच्चाहरु र पतिको लागि संसारको विरुद्ध लडाई लडिरहेको हुन्छ । स्वाभाविक  रुपमा, लगभग एक अर्थमा, सही रुपमा, उनीहरुको दावीहरु, उनको लागि, अन्य सबै दावीहरु उच्चतम हुन्छन् । उनी तिनीहरुका चाहनाका विशेष संचालक हुन् । पतिको काम भनेको उनको यो स्वभाविक प्राथमिकतालाई शीर नहोस् भन्ने देख्ने हो । पत्नीको गहन पारिवारिक भक्तिबाट अरुलाई बचाउने उहाँसँग अन्तिम शब्द छ ।

"यदि कसैले यसमा शंका गर्छ भने, मलाई एउटा साधारण प्रश्न सोध्न दिनुहोस् । यदि तपाईको कुकुरले अर्को ढोकाको बच्चालाई टोक्यो, वा तपाईको बच्चाले छेउको घरको कुकुरलाई चोट पुऱ्यायो भने, तपाईले त्यो घरको मालिक वा मालिकनीलाई छिट्टै सामना गर्नुहुन्छ? यदि तपाई विवाहित महिला हुनुहुन्छ भने, मलाई यो प्रश्न सोध्न दिनुहोस् । तपाई आफ्नो श्रीमानको जति प्रशंसा गर्नुहुन्छ, के तपाईले भन्नुहुन्न् कि उहाँको प्रमुख असफल हुनु भनेको उहाँको अधिकारको लागि र तपाईको छिमेकीहरुका विरुद्ध आफूले चाहेजस्तो जोसका साथ नउठ्ने प्रवृति हो? अलिकति तुच्छ पार्ने व्यक्ति हुन सक्छ ।"

शायद हव्वाको यी स्वभावका विशेषताहरुले उनलाई शैतानको कुरा सुन्न प्रेरित गऱ्यो, जसलाई उनले आफ्नो परिवारको लागि परमेश्वरको आज्ञा पालन गर्ने आवश्यकताभन्दा माथि ठानेकी थिएन् । उनको तर्क गलत थियो र उनको अनाज्ञाकारिताकाले सम्पूर्ण मानव जगतमा विपत्ति ल्यायो ।

यस दुःखद कथाको पहिलो घटनामा एउटा महिलाले पतिबाट नेतृत्वको भूमिका लिइयो र पतिले यो गर्न अनुमति दिएको छ । फल खाने बारेमा हव्वाले आदमसँग उनको सोच र सल्लाह लिनेबारे त्यहाँ कुनै संकेत छैन । आदमले हव्वालाई रोक्न खोजेको कुनै संकेत पनि छैन, यद्यपि उसलाई राम्ररी थाहा थियो कि परमेश्वरले के भन्नुभएको थियो र अभिलेखले भन्छ कि उनी हव्वासँगै थिए । यो कति दुःखको कुरा हो कि परमेश्वरले परिवारको लागि योजना गर्नुभए अनुसारको नेतृत्वको यो परिणामले ठूलो अपराध र मानवजातिको पतन भयो ।

## कक्षा छलफलको लागिः

(१) हामी ख्रीष्टियानहरु..........................................................अन्तर्गत बस्छौं, जुन...........................................मा अभिलेख गरिएको छ ।
(२) ख्रीष्टियान महिलाहरुको काम र व्यवहारको बारेमा नयाँ नियमका आदेशहरु कुन दुई ऐतिहासिक तथ्यहरुबाट उत्पन्न भयो?
(३) के पुरुष महिलाको लागि सृष्टि गरिएको हो? कि पुरुषको लागि महिला? के एकअर्काबाट स्वतन्त्र रुपमा काम गर्न सक्छ?
(४) आदम र सृष्टिको सम्बन्धमा, "नेतृत्व" र "जिम्मेवारी" को अर्थ के हो?
(५) पुरुषलाई नेतृत्वको भूमिकामा राखेर, के महिलालाई जीवनमा गैर-महत्वपूर्ण ठान्ने कि नठान्ने?
(६) मानिसहरुलाई छनौट गर्ने शक्ति किन दिइयो?
(७) परमेश्वरले आदम र हव्वालाई चेतावनी दिनुभयो कि अनाज्ञाकारिता-पापले के ल्याउनेछ?
(८) निषेधित फल खाँदा तिनीहरुको लागि असल कुराहरु हुनेछन् भन्ने कुरा सोच्दै शैतानले हव्वालाई के भन्यो?
(९) हव्वाले रुखको फल खानलाई....................................................र हेर्नमा.....................र..........................त्यस रुखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रुखको फल टिपेर खाइन् ।
(१०) परमेश्वरले स्त्रीलाई आफूले गर्नुपर्ने कामको लागि सुसज्जित गर्न दिएका विशेषताहरु वर्णन गर्नुहोस्, अर्थात पतिसँग सहकर्मी हुनु, र तिनीहरुका छोराछोरी र उनीहरुको घरको हेरचाह गर्नुहोस् ।
(११) महिलाले गरेको कामको पहिलो घटना के हो? र उनको पतिले के गर्दैछ?
(१२) तिनीहरुको नेतृत्वबारे परमेश्वरको नियमहरु उल्ट्याउँदा परिणाम के भयो?

❖



# पाठ-३

## पतनको प्रतिक्रियामा परमेश्वरका नियमहरू

सृष्टिको शुरुवाटदेखि नै परमेश्वरले पुरुषलाई आफ्नो परिवारको शीर बनाउन चाहनुभएको थियो । तैपनि, महिलाद्धारा नेतृत्वमा आज्ञा उलंघन गरेको कारणले नयाँ प्रतिबन्धहरु र नियमहरु बनाइयो ।

हव्वा र आदमले निषेधित फल खाइसकेपछि, तिनीहरुले पाप गरेको महसुस गरे । पहिलो पटक तिनीहरुले परमेश्वरको डर माने ।

"अनि साँझपख परमप्रभु परमेश्वर बगैंचामा डुल्दैहुनुहुँदा तिनीहरुले उहाँको सोर सुने, र मानिस र उनकी पत्नी बगैंचाका रुखहरुका बीचमा परमप्रभु परमेश्वरको नजरबाट लुके । तर परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनुभयो, 'तँ कहाँ छस्?! उनले भने, "मैले तपाईको सोर बगैंचामा सुनें र म डराएँ, किनभने म नाङ्गै थिएँ र म लुकें ।" उहाँले सोध्नुभयो, "तँ नाङ्गै छस् भनेर कसले भन्यो? जुन रुखको फल नखानू भनी मैले तँलाई आज्ञा दिएको थिएँ के तैले त्यो खाइस्?" मानिसले भने, "जुन स्त्री तपाईले मलाई मसँगै रहन भनी दिनुएको थियो, त्यसैले मलाई त्यो रुखको फल दिई र मैले खाएँ ।" अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो, "तँले यो के गरिस् ।" (उत्पति ३:८-१३) ।

परीक्षाको यो दुःखद कथामा, हव्वाले परिवारको नेतृत्व लिइन्, र आदमले उनलाई त्यसो गर्न अनुमति दिए । तर जब परमेश्वर दृश्यमा आउनुभयो, के उहाँले तिनीहरुको भूमिकामा गरेका परिवर्तनहरु पछ्याउनुभयो?

होइन । परमेश्वरले आदमलाई बोलाउनुभयो । पाप गरिसकेको थियो भनी के परमेश्वरलाई थाहा भयो? कसले अपराधमा दोहोऱ्यायो भनी के उहाँलाई थाहा थियो? निश्चय नै उहाँलाई थाहा थियो, किनभने परमेश्वर सबै कुरा जान्नुहुन्छ । तर परमेश्वरले आदमलाई परिवारको प्रमुख बनाउनुभएको थियो, यसको उचित नेतृत्वको जिम्मेवारीसहित, उहाँले आदमलाई के भएको थियो, त्यसको जवाफ

दिन बोलाउनुभयो । परमेश्वरको आज्ञालाई बेवास्ता गर्ने यो पहिलो उदाहरणबाट हामीले सिक्नु पर्छ कि मानिसले जे गरे पनि परमेश्वर आफैले आफ्नो व्यवस्थालाई परिवर्तन गर्नुहुन्न् र गर्नुहुनेछैन् ।

वास्तवमा, हामी रोमी ५ अध्यायमा पढ्छौं, "एउटा मानिसद्धारा संसारमा पाप आयो, पापबाट मृत्यु" (पद १२); "किनकि एउटा मानिसको अपराधले गर्दा धेरै मरे..." (पद १५); "यदि एउटै मानिसको अपराधले गर्दा त्यस मानिसद्धारा मृत्युले राज्य गऱ्यो..." (पद १७) । परमेश्वरले संयोगवश वा लापरवाहीपूर्वक गलत शब्द 'स्त्री! को सट्टा 'पुरुष' प्रयोग गर्नुभएन् । पवित्र लेखको यस अध्यायमा यी तीन दोहरिने कथनकहरुले हामीलाई बताइरहेका छन् कि हव्वाले वास्तवमै निषेधित फल खान नेतृत्व गरे, सर्वप्रथम यो आदमको असफलताद्धारा आफ्नो नेतृत्वको अधिकार प्रयोग गर्न दिएर परिवारमा पापलाई संसारमा अनुमति दिइयो । परमेश्वरको अभिलेखमा, यो महिलाद्धारा होइन, पुरुषद्धारा थियो, जसको पाप र परिणाम स्वरुप मृत्यु मानिसजातिमा आयो ।

प्रारिम्भक अपराधको समयमा, सर्प, महिला र पुरुषलाई तिनीहरुको पापको नतिजाको रुपमा नयाँ नियम र सजायको बारेमा भनियो, तर महिलाको भूमिकाको हाम्रो अध्ययनमा विशेष चासोको विषय भनेको हव्वालाई भनिएको शब्दहरु हुन: "तेरो सुत्केरी-वेदना म ज्यादै गरी बढाइदिनेछु । दुःखसँगै तैले बालक जन्माउनेछस् । तेरो इच्छा पतितर्फ नै हुनेछ, र त्यसले तँलाई अधीनमा राख्नेछ" (उत्पति ३:१६) ।

स्त्री र पापको कारणले संसारमा दुःख र पीडा ल्यायो, मानवताको अधिक संवेदनशील र भावनात्मक रुपमा अझै महिलाले यी क्षेत्रहरुमा ठूलो बोझ वहन गर्नुपर्ने थियो । उनको सन्तान जन्माउने पीडा जस्तै बच्चाहरुको अवधारणा बढ्दै गयो । थप रुपमा, उनलाई आफ्नो पतिको अधिकारको अधीनमा राखियो, तापनि उनको "इच्छा उनको पति तर्फ" थियो र उनले तिनमाथि "राज" गर्नेछ ।

१ पत्रुस ३:१-७ मा, खीष्टियान पत्नीहरु र पतिहरुलाई दिइएका थप निर्देशनहरु पढ्छौं: "पत्नी हो, तिमीहरु पनि आफ्ना पतिका अधीनमा रहो, यसरी तिनीहरुले वचन पालन नगरे तापनि आफ्ना पत्नीहरुको आचरणले गर्दा शब्दविना पनि तिनीहरुको मनको परिवर्तन हुन सक्छ । तिमीहरुका जीवनको शुद्धता र श्रद्धा देख्दा तिनीहरुको परिवर्तन हुनेछ । केशको सिङ्गार, सुनको गहनापाट र दामी वस्त्र तिमीहरुको बाहिरी सिङ्गार पतार नहोस् । तिमीहरुका भित्री हृदयलाई भलो र शान्त आत्माको अविनाशी रत्नले सजाओ, जो परमेश्वरको दृष्टिमा साह्रै मूल्यवान छ । किनकि यही किसिमले अघिअघि परमेश्वरमा आशा राख्ने पवित्र स्त्रीहरुले पनि सिङ्गार गर्थे, र आफ्ना पतिका अधिनमा बस्थे । साराले अब्राहामलाई स्वामी भनेर तिनको आज्ञापालन गर्थिन्, यदि तिमीहरुले उचित काम गऱ्यौ र कुनै कुरामा भयभीत भएनौ भने तिमीहरु उनकै छोरीहरु ठहरिनेछौ ।



**छलफलको बिन्दु**

शारीरिक र आत्मिक दुवै मृत्यु पापको अन्तिम परिणाम थियो । किन हव्वामा पीडा र शोक राखिएको थियो? के यी दुई मृत्युसँग घनिष्ट रुपमा जोडिएका छन्? के सबै तीनवटै साँच्चै सम्पूर्णको भाग होइन्?

पति हो, त्यसै गरी आफ्ना पत्नीसँग विचारशील भएर बस, र स्त्रीलाई अबला ठानी आदर गर्ने गर, किनकि तिमीहरु जीवनका अनुग्रहका साझेहकदार हौ, यस हेतुले कि तिमीहरुका प्रार्थनामा बाधा नपरोस् ।"

यी पदहरुले हामीलाई बताउँछन् कि परमेश्वरको अधिकारको क्रम अनुसार, मानिसलाई घरको शीर र उसको परिवारको कल्याणको लागि जिम्मेवार अगुवा बनाउने, ख्रीष्टको आगमन र उहाँको नयाँ व्यवस्थाको सुरुवातसँगै समाप्त भएनन् । ख्रीष्टियान महिलाहरु पनि आफ्नो पतिको अधीनमा रहन आज्ञा गरिएको छ, जबकि तिनीहरुका पतिहरुले उनीहरुलाई प्रेम र समझदारीको स्वभावले अगुवाई गर्नुपर्छ ।

तर कसैले सोध्नेछ, "मानिलिनुहोस्, कुनै एक जना महिला आफ्नो पति भन्दा बढी बुद्धिमानी छ, वा उनी अरु दुईजना अगुवाहरुभन्दा उत्तम छिन् । के तिनले यी अवस्थामा अगुवाईको भूमिका निभाउन सक्दैनन्? अवश्य पनि सक्दिनन् । परमेश्वरले कुनै पनि पुरुष वा महिलालाई आफूले स्थापना गरेको व्यवस्थालाई अलग गर्ने अधिकार कतै पनि दिनुभएको छैन!

परिवारको लागि परमेश्वरले तोक्नुभएको अधिकारको व्यवस्थालाई बुझेर पुरुष र महिलाहरुले आफ्नो जोडी छनौटमा धेरै होशियार हुनुपर्छ । यदि एक जना दह्रिलो महिलाले आफूलाई कमजोर पुरुषसँग विवाह गर्दा, "एउटा सहयोगी जोडी", "पुरुषसँग तुलना गर्न योग्य सहयोगी" पाउँदा उनको अगुवाईको भूमिकाले उसलाई आफ्नो जिम्मेवारी सम्हालेर अझ कमजोर बनाउनुको सट्टा उनको पतिलाई अगुवाइ गर्नको निम्ति हौसला दिनुपर्छ ।

यी शब्दले हामीलाई देखाउँछ कि अधिकारको विषयमा यो कुरा पति-पत्नीमा छोडिएको निर्णय मात्र होइन् । बरु, हामीलाई यी कुराहरुको सम्झना गराउँछ :-

- महिलाको कोमल र शान्त आत्मा "परमेश्वरको नजरमा धेरै मूल्यवान छ ।"
- पुरुष र तिनकी पत्नी बीचको उचित सम्बन्धले उनीहरुको "प्रार्थनामा बाधा नपर्ने" सुनिश्चित छ ।
- पती र पत्नी विचको सम्बन्ध तिनीहरुको आफ्नै निर्णय र विचारमा आधारित भएर होइन, बरु परमेश्वरसँगको तिनीहरुको सम्बन्ध, उहाँ आफैमा, उहाँप्रतिको आज्ञाकारिताले तिनीहरुको एकअर्कासँगको सम्वन्धमा प्रभावित हुन्छ ।
- हामी कुनै पनि कुरामा परमेश्वरको व्यवस्थालाई पन्छाएर उहाँलाई खुशी पार्न सक्दैनौं ।

अधिकारको यस क्रमको बारेमा अन्तिम र स्पष्ट कथन परमेश्वरले १ कोरिन्थी

११:३ मा स्थापना गर्नुभयो, जहाँ पावल भन्दछ, "तर तिमीहरुले यो बुझ भन्ने म चाहन्छु, कि हरेक मानिसको शिर खीष्ट हुनुहुन्छ, स्त्रीको शिर तिनको पति हो, अनि खीष्टको शिर परमेश्वर हुनुहुन्छ ।"

**छलफलको बिन्दु**



आमाबाबुको रुपमा, छोराछोरी हुर्काउँदा यो कति महत्पूर्ण छ कि हामीले उनीहरुलाई अधिकारका यी गम्भीर पक्षहरु र विवाहमा बाँधिएका सम्बन्धहरुको बारेमा उचित रुपमा सिकाउनुपर्छ- हाम्रो प्राथमिकताको रुपमा होइन्, तर परमेश्वरले दिनुभएको व्यवस्था अनुरुप हो । बालबच्चादेखि विवाहको समयसम्म यो भारी शिक्षाको साथ के जीवन साथी छनौट गर्ने सोचाइलाई मद्दत गर्दैनन् र? के बच्चाहरुले गर्दैनन् र? फलस्वरुप विवाह भनेको परमेश्वर र दुई मानव विचको सम्झौता हो भन्ने कुरामा सचेत हुन्छ र यसकारण यसैले यसको सम्बन्धमा सबै कुरा परमेश्वरको नियम अन्तर्गत हुन्छ?

## कक्षा छलफलको लागि:

(१) सृष्टिबाट, वस्तुहरुको स्वभाविक क्रमको रुपमा, परमेश्वरले के चाहनुभएको थियो?
(२) महिलाको अगुवाईको आज्ञा उलंघनले के भयो?
(३) आदम र हव्वाले गरेको पापको पहिलो स्पष्टीकरण परमेश्वरले कसबाट माग्नुभयो? किन?
(४) परमेश्वरको व्यवस्थाको यो पहिलो बेवास्ताबाट हामीले के सिक्नुपर्छ?
(५) परमेश्वरको अभिलेख अनुसार संसारमा पाप कसबाट आयो?
(६) परमेश्वरले कुन दुईवटा कुराहरुलाई ज्यादै गरी बढाउनेछु भनी हव्वालाई भन्नुभयो?
(७) पतिसँगको सम्बन्धको सन्दर्भमा उहाँले कुन दुई वटा कुराहरु भन्नुभयो?
(८) हव्वालाई चेतावनी दिइएको थियो कि उनले..............................सन्तान जन्माउने छिन्, उनको यो सजायको अर्को भाग हो ।
(९) के पति र पत्नीको सम्बन्ध उत्पतिमा वर्णन गरिए अनुसार खीष्टियान युगमा पनि जारी रहन्छ?
(१०) पत्रुसले ईश्वरीय स्त्रीलाई कसरी वर्णन गरेको थियो?
(११) खीष्टियान पुरुषहरुले आफ्ना पत्नीहरुलाई कसरी डोऱ्याउनुपर्छ?
(१२) पतिले भन्दा पत्नीले राम्रो नेतृत्व गर्न सक्षम छ भने, के उसले त्यसो गर्नसक्छ?
(१३) १ कोरिन्थी ११:३ मा पावलले कस्तो अधिकार दिएको थियो?

❖



# पाठ–४

## यसको अर्थ के हो: “बालक जन्ममा तिनी बचाइनेछिन्?”

“तरै पनि, यदि तिनी सुशीलतासाथ विश्वास, प्रेम र पवित्रतामा रहिन् भने, बालक जन्ममा तिनी बचाइनेछिन्” (१ तिमोथी २:१५) ।

जब हामी माथि उदघृत गरेको पद सन्दर्भलाई हेर्छौं, हामीलाई अदनको बगैंचामा आदम र हव्वाले नियम उलंघन गरेको कुरामा लिएर जान्छ, जुन उत्पति तीन अध्यायमा अभिलेख गरिएको छ । परमेवरले हव्वालाई उसले गरेको कामको लागि श्राप दिनुहुँदा, उहाँले भन्नुभयो कि उनको दुःख र उनको गर्भधान बढ्नेछ, र उसले पीडामा बच्चा जन्माउनेछ । तर उहाँले स्त्री र सर्पको बीचमा, सर्पको सन्तान र स्त्रीको सन्तानको बीचमा शत्रुता राख्नुहुनेछ भनी भन्नुभयो, “त्यसले तेरो (सर्पको) शिर कुच्याउनेछ, र तैले त्यसको (स्त्रीको) कुर्कुच्चो डस्नेछस्” (उत्पति ३:१५) । यसलाई मुक्तिदाताको आगमनको पहिलो भविष्यवाणी कथनको रुपमा गनिन्छ, जो महिलाबाट जन्मनुहुनेछ ।

- यसरी स्त्रीको आफ्नो अनाज्ञाकारिताद्धारा संसारमा पाप र मृत्यु आयो । एक दिन येशू खीष्ट एउटा कुमारी मरियमबाट जन्मनु हुँदा पापको उपाय पनि आउनेछ । यसरी सन्तान जन्माउनु मानवजातिको आज्ञाकारीहरुको लागि मुक्तिको माध्यम बन्नेछ ।

तर यसको अतिरिक्त, त्यहाँ अन्य दुई वटा भावहरु छन् जसमा महिलाहरु परमेश्वरप्रति वफादार भइरहयो भने बालक जन्ममा बचाइनेछिन् ।

- यसरी पुरुष सृष्टिलाई परिवारको भौतिक आवश्यकताहरुका पूरा काम



**छलफलको बिन्दु**

"तिनी बालक जन्ममा बचाइनेछिन्" भन्ने अभिव्यक्तिलाई कसरी व्याख्या गर्नुहुन्छ? विश्वास, प्रेम, पवित्रता, र आत्मनियन्त्रण कसरी बालक जन्मको बचाउने प्रतिज्ञामा प्रवेश गर्छ?

गर्न परमेश्वरले आदमलाई दिनुभयो, उहाँले स्त्रीलाई घर र बच्चाहरुको हेरचाह गर्ने जिम्मेवारी दिनुभयो । १ तिमोथी ५:१४ मा महिलाहरुलाई विवाह गर्न, बच्चाहरु जन्माउन, घरको व्यवस्थापना गर्न अर्ती दिएको छ । तीतस २:४,५ मा "तरुणीहरुलाई आ-आफ्ना पति र बालबच्चाहरुलाई प्रेम गर्न, र तिनीहरु समझदार, पतिव्रता, घरजम गर्न सक्ने, दयालु, आ-आफ्ना पतिका अधिनमा रहने हुनलाई तालिम दिनु" भनी वृद्ध महिलाहरुलाई भनिएको छ ।

यो विश्वासयोग्यपूर्वक परमेश्वरले दिनुभएको काम हो कि स्त्रीहरु परमेश्वरबाट अनुमोदित हुन सक्छन् । घर र छोराछोरीको हेरचाह गर्ने उहाँका आज्ञापालनको छनौटको कुरा होइन्; यो महिलाको निम्ति मुक्तिको योजनाको एउटा भाग हो । तसर्थ, यदि उनी विश्वासमा लागिरहिन् भने बालक जन्ममा तिनी बचाइनेछिन..

- अर्को अर्थमा, तिनी बालक जन्ममा बचाइनेछिन भन्नुको अर्थ यो हो कि बच्चालाई बर्षौंसम्म हेरविचार गरिरहँदा धेरै अवसरहरुमा व्यक्तिगत आत्मिकी बृद्धिमा बाधा र अमल्याउने कुराको मनुभव गर्नेछिन् । आफ्ना साना केटाकेटीहरुलाई आराधना गर्न आफूसँगै लिएर जानुपर्छ भन्ने मनसाय बनाउनु तिनीहरुको रोदन, तिनीहरुको चहलपहल, तिनीहरुको कोलाहल, तिनीहरुको भोकलाई निरन्तर सम्झिरहन्छिन् । बिना अवरोध उनी आराधना गर्न सक्दैनन् । उनी धेरै वर्षसम्म सन्तहरुसँग आराधनाको लागि इमान्दार भई भेला हुन सक्छिन् र अझै पनि आफ्ना छोराछारीहरुको कारणले गर्दा आराधना गर्ने मनको दायरमा प्रवेश गर्न कठिन हुन्छन् ।
- घरमा पनि, बालबच्चाहरुको आवश्यकता र विभिन्न अवरोधरले गर्दा, आफ्नो व्यक्तिगत अध्ययन र परमेश्वरसँगको सम्बन्धको लागि हरेक दिन समय पाउन गाह्रो हुन सक्छ । आफ्नो आत्मामा कमजोर भएको महसुस गर्ने दिनहरु हुन सक्छन्, यद्यपि उनले आत्म-स्वीकारको यस प्रक्रियाबाट परमेश्वर र उहाँको वचनलाई आफ्नो हृदय नजिक राख्ने कुरालाई निरन्तरता दिन सक्नुपर्छ, अवसरको अभावलाई क्षतिपूर्ति गर्न व्यक्तिगत अध्ययन र प्रार्थनामा अवरोध हुन नदिनको निम्ति मिनेट वा घण्टा निकाल्नुपर्छ ।

बच्चाहरु र साना केटाकेटीहरुको असहायता र आवश्यकताहरु के हुनेछन्

भन्ने कुरा परमेश्वर जान्नुहुन्छ । उहाँले विशेष गरी महिलाहरुलाई ती आवश्यकताहरु पूरा गर्न, नम्रता, धैर्यता, कोमल हृदय, एउटा ग्रहणशील भावना, दृढ प्रेम प्रदान गर्नु नै नारीको सृष्टिको पूर्ण मापदण्ड हो । यो नारीको स्वभाव हो, एक हदसम्म पुरुषको स्वभाव जस्तो होइन् । र जसरी आमाले दिनदिनै आफ्नो "मातृत्व" पूरा गरिरहेकी छिन, उनले आफ्ना छोराछोरीहरुसँग व्यवहार गर्नमा अझ मायालु, धैर्यवान र बुद्धिमानी हुन परमेश्वरले दिनुभएको आफ्नो क्षमताहरुमा बढ्नुपर्छ । यसरी उसको आफ्नै जीवन समृद्ध हुनेछ र परमेश्वरले उनलाई दिनुभएको काममा विकास गरेर थप ईश्वरभक्त बनाइन्छ ।



**छलफलको बिन्दु**

"आफ्ना पतिलाई प्रेम गर्नु र आफ्ना छोराछोरीहरुलाई माया गर्नु पर्छ" भनी अरुले स्त्रीहरुलाई सिकाउनु अनावश्यक देखिन्छ । के तपाईले आफ्नो जीवनमा यस्तो निर्देशनको आवश्यकता महसुस गर्नुभयो? के परिश्रम गर्ने पत्नी र आमा र तोडिएको परिवारको यो युगमा प्राकृतिक बन्धन कम हुने सम्भावना छ? के "प्रेम मुख्यतया एउटा भावनात्मक चीज हो, वा यसले आफ्नो परिवारको धेरै आवश्यकताहरु हेरचाह गर्ने तरिका पनि समावेश गर्दछ । उसको आत्म-त्यागको भावना, बच्चाहरुलाई आफ्नो आवश्यकताभन्दा अगाडि राख्ने उनले इच्छा गर्छ ।

तीं कठिन समयको बावजुद पनि तिनी विश्वासयोग्य हुनुपर्छ । बिना अवरोधका साथ आराधना गर्ने थोरै मौका पाएता पनि, परमेश्वरको वचनको निम्ति आफ्नो आत्मिकी भोक मेटाउनको निम्ति र परमेश्वरको वचनको अध्ययनको लागि थोरै समय पाएता पनि, पाएका ती वर्षहरु हुन सक्छ दुई वर्ष वा पाँच वर्षको बच्चाको स्तरमा र अवधारणाहरुमा उनको सबैभन्दा बढी जोड आध्यात्मिक कुराहरुको बाँडफाँडमा उनी परमेश्वरसँगको आफ्नै व्यक्तिगत सम्बन्धलाई थामिराख्ने कुरामा लगनशील हुनुपर्छ । मातृत्वका चुनौतीहरुको सामना गर्दा, उनले यो सिक्नुपर्छः-

- परमेश्वरमा गहिरो विश्वास गर्ने ।
- उहाँको हेरचाहमा ठूलो निर्भरता हुने ।
- उहाँको निम्ति पर्याप्त प्रेम हुने ।
- पवित्रताको ठूलो स्तर विकास गर्ने ।
- निश्चित रुपमा त्यहाँ आत्म-नियन्त्रण र अनुशासनको अभ्यास गर्ने पर्याप्त अवसर हुनेछ ।



**छलफलको बिन्दु**

कसरी बच्चाहरु आफ्ना आमाद्धारा आत्मा र व्यक्तित्वमा ढालिएको हुन्छ? कसरी आमा आफ्ना बालबच्चाहरुद्धारा आत्मा र व्यक्तित्वमा ढालिन्छन्? आमा र आफ्ना बालबच्चाहरु दुबैलाई बचाउनको निम्ति के परमेश्वरको हिस्सामा पनि अन्तर्निहित सम्बन्ध छ?

किन तिनले यी गुणहरुलाई अभ्यास गर्नुपर्छ? किनभने उनले आफ्ना छोराछोरीहरुलाई परमेश्वरमा जीवित विश्वास प्रदान गर्न सक्दैनन्, जबसम्म उहाँसँगैको आफ्नै सम्बन्ध बन्न सक्दैन् सबै चुनौतीहरुको बाबजुद उनको जीवनको सबैभन्दा महत्वपूर्ण हिस्सा हो । जसरी उनी आफ्नै वृद्धिको निम्ति संघर्ष गर्छिन, उनले आफ्ना छोराछोरीहरुलाई अध्यात्मिक मार्गदर्शन प्रदान गर्दै, उनी एक प्रकारको बलियो आत्मिक व्यक्तिमा परिपक्व हुनेछिन् जसले जीवनका सबै चुनौतीहरुलाई परमेश्वरप्रतिको विश्वासमा समर्पित गराँउछ ।

“तरै पनि, यदि तिनी सुशीलतासाथ विश्वास, प्रेम र पवित्रतामा रहिन् भने, बालक जन्ममा तिनी बचाइनेछिन्”

## कक्षा छलफलको लागि:

(१) यो अध्ययनको पदले हामीलाई कुन अवसरमा लिएर जान्छ?
(२) परमेश्वरले हव्वाको पापको कारणले घोषणा गर्नुभएका परिणामहरुका अतिरिक्त, उहाँले एउटा प्रतिज्ञा गर्नुभयो । त्यो के थियो?
(३) मसीह, मुक्तिदाता, कसरी जन्मिनु हुने थियो?
(४) यसरी सन्तान जन्माउनेछन्........................................................
(५) १ तिमोथी ५:१४ ले भन्छ कि महिलाहरु“.........................................
.......................................................................................।”
(६) वृद्ध महिलाहरुलाई के गर्न भनिएको थियो?
(७) घर र बच्चाहरुको हेरचाह गर्नको लागि परमेश्वरको आज्ञा पालन छनौटको विषय होइन्; यो एउटा..............................................भाग हो ।
(८) आफ्ना छोराछोरीहरु साना र अलमल्ल परेका वर्षहरुमा पनि आमाको आराधनामा इमान्दारीताले कसरी तिनलाई आत्मिक रुपमा बढ्न मद्दत गर्छ?
(९) असल आमा बन्नको निम्ति आवश्यक पर्ने केही गुणहरु के-के हुन्?
(१०) कसरी “मातृत्व” ले आमालाई यी विशेषताहरुमा बढ्न मद्दत गर्छ?
(११) “बालक जन्ममा तिनी बचाइनेछिन्” भन्ने शब्दको मूख्य अर्थ के हो?
(१२) आमाले यी गुणहरु विकास र बलियो बनाउन किन महत्वपूर्ण छ?

❖



# पाठ–५

## “मानिसको निम्ति सहयोगी” भन्नाले के अर्थ लाग्छ?

सबै प्राणी जगतको सृष्टि पूरा भएपछि, आदमले प्रत्येक प्राणीलाई नाउँ दिए, “तर आदमको निम्ति तिनलाई सुहाउँदो कोही सहयोगी पाइएन्” (उत्पति २:२०) । परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा बनाउनुभएको थियो, उसलाई बुद्धि, भावना, र अमर आत्मा दिनुभयो ताकि परमेश्वर र उहाँको सृष्टि बीच प्रेम र मेलमिलाप होस् । अब, मानिस आफ्नो लागि, आदमले महसुस गरे कि परमेश्वरले बनाउनु भएको अदभुत संसारमा उसले अस्तित्व बाँड्न सक्ने आफ्नै प्रकारको कोही थिएन् ।

वास्तवमा, आदम मानिसको रुपमा योजनाबद्ध मानव सृष्टिको आधा मात्र थियो । यद्यपि ऊ बाँच्न र काम गर्न सक्छ, आफै भित्र पूर्ण देखिन्छ, परमेश्वरलाई थाहा थियो कि यौन, शारीरिक, मानसिक, भावनात्मक, सामाजिक र आत्मिक रुपमा, आदम पूर्ण हुनको लागि प्रतिपक्ष हुनुपर्छ । जब आदमले आफू एक्लोपन महसुस गरे, तब परमेश्वरले उसलाई निन्द्रामा पार्नुभयो र उसको छेउबाट करङ लिनुभयो । शरीरको करडबाट लिनुभयो- पृथ्वीबाट होइन्- परमेश्वरले स्त्री बनाउनुभयो र तिनलाई पुरुषकहाँ ल्याउनुभयो । आदमले भने, “यो त मेरै हाडको हाड र मासुको मासु हो । तिनलाई स्त्री भनिनेछ । किनभने तिनी पुरुषबाट निकालिएकी थिइन्” (उत्पति २:२३) ।

आजको संसारमा कहिल्यै पनि विवाह नगर्ने पुरुष र एक्लै बस्न रुचाउने महिलाहरु हामी देख्छौं । कतिपय अवस्थामा तिनीहरुले आफूलाई परमेश्वरको सेवामा समर्पण गर्ने कुरा रोज्छन्, ताकि परमेश्वरको प्रेमले मानव संगतमा प्रेमको स्थान लिन सकोस् ।

अरु अवस्थामा, विभिन्न परिस्थितिहरुले विवाहलाई रोक्छ, र यो फरक



**छलफलको बिन्दु**

स्त्री पुरुषको निम्ति "सुहाउँदो" र उनको लागि "सहयोगी" हुनुपर्छ भन्ने कुरामा यसले तपाईलाई के अर्थ लाग्छ? सबै प्राणीहरुका नाउँ आदमले दिएको थियो, सबै प्राणीहरुमा "भाले र पोथी" थियो भन्ने कुरामा के उनी स्पष्ट थिएन्? उनको समकक्ष सहयोगी त्यहाँ थिएन भनेर महसुस गर्न के ले उनलाई मद्दत गऱ्यो? आदम एक्लो भएको महसुस गर्दै उनलाई सहयोगीको आवश्यकता थियो भन्ने कुरालाई अनुमान गर्दै किन परमेश्वरले हव्वालाई सृष्टि गर्न पर्खनुभयो भनी तपाई सोच्नुहुन्छ?

मनोवृत्तिको साथ स्वीकार गर्न सकिन्छ । तर बहुसंख्यक पुरुष र महिलाहरुले आफ्नो सहज मानवीय आवश्यकतामा विवाह गरेर परिवार हुनुपर्ने कुरालाई पछयाउँछन् । पुरुषलाई पत्नीको स्नेह, हेरचाह र गृहिणीको समर्थन चाहिन्छ । त्यसरी नै महिलालाई पनि पतिको संरक्षण र सुरक्षा चाहिन्छ । तिनीहरु पछि बाँच्ने सन्तानहरुका लागि जन्मजात प्रजननको आवश्यकता पर्दछ । यी गहिरो आवश्यकताहरु परमेश्वर स्वयंले मानव प्रणालीमा रोप्नुभएको थियो, र तिनीहरुलाई सजिलै बेवास्ता गर्न सकिँदैन ।

मानिस र जनावर बीचको तुलनामा, केवल मानव हुनुको आधारमा कुनै पनि स्त्री कुनै पुरुषसँग "तुलना योग्य" हुनेछ । तर हामी जान्दछौं कि मानिसहरु बिच, अक्सर विशेष पुरुष र महिलाहरु एक अर्काको लागि उपयुक्त छैन । तिनीहरु "एउटै तरंगको लम्बाइमा छैनन् । कहिलेकाहिँ हामी देख्छौं कि एउटा शिक्षित पुरुषले एउटी अशिक्षित महिलासँग विवाह गरेको हुन्छ, जसको संसारिक इच्छा आफ्नै अस्तित्व भन्दा ठूलो छैन् । कहिलेकाहिँ हामी देख्छौं कि एउटी संवेदनशील र बुद्धिमान महिलाले एउटा सानो दिमागको पुरुष छनोट गरेर उनले जीवनमा ठूलो गल्ती गरेको हो कि जस्तो लाग्छ । जीवन साथी छनोट गर्दा दुवै व्यक्तित्वका सबै भागहरुलाई विचार गर्नु आलोचनात्मकरुपमा महत्वपूर्ण छ । परमेश्वरले चाहनु भएजस्तै खुशीको लागि पुरुष र स्त्री एक अर्कासँग "तुलनायोग्य" हुने कुरा महत्वपूर्ण छ ।

महिला कसरी सहयोगी हुन सक्छ? जसरी पहिले नै भनिएको छ, उनी आफ्नो पतिको जीवनभरको साथी हुन् । सुरुदेखि नै, परमेश्वरले सम्बन्धविच्छेद गर्न चाहनुभएन् । "जीवनको निम्ति एउटा महिलाको लागि एउटा पुरुष" हुने उहाँले योजना बनाउनुभयो । येशूले यस तथ्यलाई पुनः पुष्टि गर्दै यसो भन्नुभयो, "के तिमीहरुले पढेका छैनौं, कि सृष्टिकर्ताले तिनीहरुलाई शुरुमा नै नर र नारी बनाउनुभयो, र भन्नुभयो, 'यसैकारण मानिसले आफ्ना बाबु र आमालाई छोडेर आफ्नो स्वास्नीसँग मिलिरहन्छ, र ती दुई होइनन्, तर एउटै शरीर हुन्छन् ।

यसकारण परमेश्वरले जसलाई एकसाथ जोर्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्टयाओस्" (मत्ती १९:४-६) ।

जीवन सहयोगीको रुपमा, तिनीहरु एक अर्काको ज्ञान र समभ्फमा बढ्ने छन् । एकैसाथ हुँदा तिनीहरु एक्लो हुनेछैनन, मानिसहरुको आनन्दको सबैभन्दा महत्वपूर्ण कारक हो । यदि तिनीहरु एक अर्कामा उपयुक्त छन् भने, तिनीहरुको जवानी अवस्थाका चुनौतीहरुमा र एक अर्काको निर्णयमा शक्ति र समर्थन हुनेछन् । एकले अर्कालाई वृद्धावस्थाको कमजोरी र रोगहरुबाट हेरचाह गर्न सक्षम हुनेछन् ।

"उनको सुहाउँदो सहयोगी" को विचार यो हो कि पुरुषले छोडेका खाली ठाउँहरु भर्न महिला सक्षम हुनेछन्, चाहे उसको असक्षमता परिपूर्ति गर्ने (आमाको रुपमा भूमिका निभाएर) वा सामान्य रुपमा पतिको आवश्यकतामा सहायता गरेर, जुन प्रायः उसको काम र जीवनको अन्य जिम्मेवारी सम्बन्धहरुमा हुन्छ । बाली रोप्न, हेरचाह गर्न र बाली काट्न पत्नी र छोराछोरीहरुको सहयोग नचाहिने किसान कहाँ छ? साना व्यवसायीले हिसाब राख्न वा ताजा मालसामानहरु मगाउन वा पसल चलाउन पत्नीमा भर परेका मानिसहरु कति जना छन्? नयाँ नियममा, अकिलास व्यवसायी रुपमा पाल बनाउने मानिस थियो र उनकी पत्नी प्रिस्किलाले उनलाई मद्दत गरेकी थिइन् (प्रेरित १८:२,३) ।

बाइबल अनुसार, महिलाको प्राथमिक काम बच्चाहरुलाई संसार देखाउने, उनीहरु र आफ्नो पति लगायत घरको हेरचाह गर्नु हो । पावलले तीतसलाई लेख्दछ, "तिनीहरुले तरुणीहरुलाई आ-आफ्ना पति र बालबच्चाहरुलाई प्रेम गर्न, र तिनीहरु समभ्फदार, पतिव्रता, घरजम गर्न सक्ने, दयालु, आ-आफ्ना पतिका अधीनमा रहने हुनलाई तालीम दिऊन्, ताकि परमेश्वरका वचनको निन्दा हुन नपाओस्" (तीतस २:४,५) । तिमोथीलाई जवान विधवाहरुलाई पनि निर्देशन दिन भनिएको थियो (र यो अभ्फै विवाह नगरेका युवतीहरुलाई पनि समान रुपमा लागू हुनेछ), "यसकारण कम उमेरका विधवाहरुले विवाह गरुन्, छोराछोरी पाऊन, घरबार सँभालून, र विरोधीलाई हाम्रो बदनाम गर्ने मौका नदिऊन् भन्ने म चाहन्छु" (१ तिमोथी ५:१४) ।

- छोराछोरी जन्माउने, हुर्काउने, पतिले परिवारको गुजारा चलाउने काम गर्दा घरको व्यवस्थापन गर्ने काम यदि स्त्रीले राम्ररी गर्दछिन् भने महिलाले आफ्नो समय मात्र पूरा गरेको भन्दा पनि ठूलो कुरा हो । कतिपयले यो जिम्मेवारीहरुको चरम महत्वलाई नबुभ्फेर महिलाको भूमिकालाई कमजोर र अल्छीलाग्दो भनेका छन् । तर परमेश्वरले स्त्रीलाई अर्को पुस्ताको जीवन, आत्मा र अनन्तकालको लागि आकार दिने विशेष अधिकार दिनु भन्दा ठूलो श्रद्धाञ्जली दिन सक्नुहुन्न् । अपराधको तीव्र बृद्धिसँगै आज संसारमा व्याप्त नैतिक समस्याहरु हेर्दा यी तथ्यहरुले घरको काम गर्न छाडेका छन् र आमाहरुले फलस्वरुप घर भत्काइरहेको छ भन्ने बताउँछ । यो साँचो कुरा हो,

समस्याहरुको वृद्धिको समानतामा महिलाहरुको संख्याको वृद्धि हुन्छ, जसले घर बाहिर काममा पुरुषको भूमिका निभाएको छ । यो छनौटको कारण जेसुकै होस्, स्त्रीले चाहेका जुनसुकै कुराहरु किन नहोस्, परमेश्वरले पत्नी र आमालाई दिन चाहनु भएको अर्तीहरुलाई ध्यान नदिएको कारणले धेरै घरहरु ध्वस्त भइरहेका छन् ।

- छोराछोरी र घरको हेरचाह गर्ने कामको अलावा "पुरुषको सुहाउँदो स्त्री" ले आफ्नो पतिलाई सहायता गर्नको निम्ति उनको अगाडी उभिन तयार हुन्छिन् । पत्नीले यस्तो प्रकारको लुगाहरु लगाउनुपर्छ ताकि उनको पतिले ती पहिरनलाई अनुमोदन गरोस् । उनले आफ्नो दिमागलाई विकसित गर्नुपर्छ ताकि उसले आफ्नो पतिको सोचाइ, समस्या र आवश्यकताहरुको बारेमा उहाँको चेतनालाई आफ्नै संसारका साथै बाँकी संसारको सामु बाँड्न सकोस् । उनी आफ्नो भावनात्मक आवश्यकताहरुप्रति संवेदनशील हुनुपर्छ । आफ्नो जीवनमा खुशी र असल चीजहरु ल्याउने लक्ष्य बनाउनु पर्छ । सफल पत्नीको पतिले आफ्नो सबैभन्दा मिल्ने साथी, आफ्नो सबैभन्दा नजिकको विश्वासपात्र भेट्टाउनेछ ।



**छलफलको बिन्दु**

सम्बन्धविच्छेदलाई धेरैजसो मानिसले स्वीकार गरेको छन् । खीष्टले बोलेका प्रतिबन्धहरु अन्तर्गत बाँच्न धेरैले अस्वीकार गर्नेछन्, यसलाई यहूदी खीष्टियान व्यवस्थाको रुपमा निन्दा गर्दैनन्, कि अरु मानिसहरुलाई बाँध्ने अधिकार छैन । तैपनि, "एउटा पुरुषको लागि एउटा स्त्री" यहूदी र खीष्टियान दुवैको अगाडि छ; यो व्यवस्था होइन्, तर यो सत्यता हो । पुरुषबाट महिला बनियो । दुवै मिलेर एउटै बनाउँछन् । यो सृष्टिको तथ्य हो, स्वेच्छाचारी रुपमा कल्पना गरिएको र लागू गरिएको व्यवस्था होइन् । यसलाई राम्रोसँग अवलोकन गरिएको छ र यही सत्यतामा रहयौ भने यौन सुरक्षा हुन्छ; कुनै पनि पुरुष वा महिलाले शुद्ध वैवाहिक साझेदारबाट यौन संचारित रोगहरु संकुचित गरेका छैनन् ।

- "पुरुषको सुहाउँदो" पत्नीले आफ्नो पतिको परिवारसँग राम्रो सम्बन्ध राख्नेछ, थाहा पाउँदै कि कुनै पनि प्रियजनसँग दुश्मनीले उनीहरुको आफ्नै सम्बन्धमा तनाव ल्याउनेछ । परिवारका मानवीय कमजोरीहरुलाई हटाई अचम्मको काम गर्न हामी "दुई माइल" (मत्ती ५:३८-४२) हिड्ने चाहना गर्नुपर्छ भनी येशूले सल्लाह दिनुहुन्छ ।
- सबैभन्दा महत्वपूर्ण कुरा, पत्नीले आफ्नो पतिसँग आत्मिक कुराहरु बाँड्नुपर्छ । पति आराधना सभामा भेला हुन्छन् अनि पत्नी छोराछोरीहरुसँग घरमै बस्छिन् भने उनी र बच्चाहरु आत्मिकरुपमा राम्रोसँग बढ्दैनन् । वास्तवमा, पति पनि जस्तो तवरले बढ्नु पर्ने थियो, त्यसरी बढिरहेका हुँदैनन्, किनभने

ऊ एक्लै बृद्धि भइरहेको हुन्छ । परमेश्वर चाहनुहुन्छ कि परिवारमा पारस्परिक वृद्धि प्रत्येक व्यक्तिको आत्मिक विकासको आधार हो । आत्मिकी विचारहरु बाँड्ने, धर्मशास्त्रसँगै पढ्ने र छलफल गर्ने, सँगै प्रार्थना गर्ने- यी गतिविधिहरुले परिवारका सबै सदस्यहरुलाई परमेश्वरको ज्ञानमा बढ्न मद्दत गर्दछ ।



**छलफलको बिन्दु**

परिवारको शीरको रुपमा अधिकारलाई थामी गाली नगरीकन परमेश्वरलाई सम्मान दिई अधिकारमा बसी तपाई र तपाईको पत्नी बीचको सन्तुलनलाई तपाईले आफ्नो पतिसँग कसरी कायम गर्नुहुन्छ? यसमा आफ्नै विवाहबारे छलफल गर्नुहोस् ।

प्रेरित पत्रुसले महिलाहरुलाई यस्तो लेख्दछ, “तिमीहरुका भित्री हृदयलाई भलो र शान्त आत्माको अविनाशी रत्नले सजाओ, जो परमेश्वरको दृष्टिमा साह्रै मूल्यवान छ । पति हो, त्यसै गरी आफ्ना पत्नीसँग विचारशील भएर बस, र स्त्रीलाई अबला ठानी आदर गर्ने गर, किनकि तिमीहरु जीवनका अनुग्रहका साझेहकदार हौ, यस हेतुले कि तिमीहरुका प्रार्थनामा बाधा नपरोस” (१ पत्रुस ३:४,७) ।

पावलले एफिससका खीष्टियान स्त्रीहरुलाई यसरी लेख्दछ, “पत्नी हो, प्रभुको अधीनमा रहेजस्तै आ-आफ्ना पतिको अधीनमा बस” (एफिसी ५:२२), के पतिलाई आफ्नी पत्नीको घाँटीमा पाउ राख्ने अधिकार परमेश्वरले दिनुभएको छ भनी पावल भन्दै थियो? के उनले आफ्नै भनी सोच्नु पर्दैन्? के उसको कुनै अधिकार, भावना छैन? पक्कै पनि, यो परमेश्वरले भन्नु भएको थिएन ।

पत्नीले साँच्चै आफ्नो पतिको सम्मान गर्नुपर्छ, न त उनले पतिलाई गाली गर्ने होस् या न पतिबाट गाली खाएको होस् । घरायसी र व्यक्तिगत कुराहरुका लागि पैसा खर्च गर्ने सन्दर्भमा पनि, पत्नीको ज्ञान र अनुभवले तिनलाई यी कामहरु पतिले भन्दा राम्रो गर्न योग्य बनाउन सक्छ । विशेष गरी आमा र गृहिणीको रुपमा उनको क्षेत्रसँग सम्बन्धित अन्य चीजहरुमा, उनको निर्णयलाई मूल्यवान ठान्नुपर्छ । उनी र तिनको पति दुवैले बुँदाहरु छलफल गरी लिनुपर्ने निर्णयहरुमा कुन कुरा राम्रो हुन्छ भनेर विचार गर्न सक्छन् । पतिको निर्णयबाट तिनी कडारुपमा प्रभाव पार्न सक्छन्, तर घरको नेतृत्वको लागि बाइबलीय अधिकार पतिसँग हुन्छ ।

यदि पत्नीले केही कुराहरु देख्छिन्- स्वभाव, ज्ञान, निर्णय- जसमा उनी आफ्नो पतिलाई सल्लाह वा थप ज्ञान दिनु पर्छ भनी विश्वास गर्छिन् भने, यो एउटा “सहयोगी” को रुपमा उनको विचारलाई कोमल, मायालु तरिकाले प्रस्तुत गर्नु उनको कर्तव्य हो । उनको ज्ञान जतिसुकै सहि होस् र उनको पति जतिसुकै

गलत किन नहोस्, पतिको अघि पत्नी “मालिक” हुनु कहिल्यै पनि सही हुँदैन्, र उनलाई आदेश दिनु वा उनलाई परिवर्तन गर्न आदेश दिनु कदापि ठीक हुँदैन । यस्तो स्वभाव लिएर उनको पतिको नेतृत्वलाई कमजोर मात्र गर्दैन तर परमेश्वरको अनाज्ञाकारी पनि हुनेछ । पतिको लागि यस्तो व्यवहार सहनु आफैलाई कमजोर बनाउने र आफ्नी पत्नीको हकदार मनोवृति बढाउने मात्र होइन, तर यो परमेश्वरको अनाज्ञाकारी पनि हुनेछ । हामीले यो कहिल्यै बिर्सन सक्दैनौं, अन्तमा, हामी सबैले एक अर्काप्रति हाम्रो व्यवहारको लागि परमेश्वरमा जवाफदेही हुनुपर्छ ।

हाम्रा प्रभु र मण्डलीको प्रेमिलो उदाहरणहरुमा पति र तिनकी पत्नीलाई एक अर्काको व्यवहारमा मार्गदर्शकको रुपमा राखिएको छ, “जे भए पनि तिमीहरु हरेकले आफ्नी पत्नीलाई आफैलाई झैं प्रेम गर, र पत्नीले पनि आफ्ना पतिको आदर गरोस्” (एफिसी ५:३३) ।

## कक्षा छलफलको लागि:

(१) परमेश्वरले मानिस बनाउनुहुँदा, उहाँले उसलाई के दिनुभयो? किन दिनुभयो?
(२) यदि आदम साँच्चै पूर्ण हुने हो भने उसको समकक्षी कुन तरिकाको हुनुपर्छ?
(३) हव्वाको DNA कसको थियो?
(४) परमेश्वरले हव्वालाई आदमकहाँ ल्याउनुहँदा तिनले के भने?
(५) के यो महत्वपूर्ण छ कि एउटा पुरुष र महिला सुहाउँदो हुनुपर्छ, एकअर्काको लागि मिल्दोजुल्दो हुनुपर्छ, यदि तिनीहरुको विवाह हुने हो भने यो सबै हुनुपर्छ?
(६) विवाहको अवधिबारे सुरुदेखि नै परमेश्वरले के चाहनुभयो?
(७) सम्बन्धविच्छेदको बारेमा येशूले के भन्नुभयो?
(८) जीवन साथी हुनुका केही फाइदाहरु के-के हुन्?
(९) तपाईलाई थाहा भएको पति/पत्नीको बारेमा सोच्दै, पत्नी आफ्नो पतिको सहयोगी हो भन्ने विषयमा छलफल गर्नुहोस् ।
(१०) बाइबल अनुसार महिलाको प्राथमिक काम के हो?
(११) के परमेश्वरले दिनुभएको कामप्रति समाजको दृष्टिकोणले धेरै महिलाहरुको स्वभावलाई असर गर्छ?
(१२) परमेश्वरले स्त्रीलाई कसरी यो भन्दा ठूलो श्रद्धा दिन सक्नुहुन्थ्यो?
(१३) महिलाहरुले घरको काम छोड्दा पर्ने केही प्रभावहरु के-के हुन्?
(१४) आफ्नो पतिको सहयोगी साथी बन्नमा महिलाको कामका चार भागहरु छलफल गर्नुहोस् ।
(१५) घरको सम्बन्धमा, पत्नी र आमाको रुपमा उनको विशेष क्षेत्रमा के पतिले आफ्नी पत्नीको निर्णयको कदर गर्नुपर्छ? के उसले आफ्नो विशेषताका ती क्षेत्रहरुमा जिम्मेवारीहरु सुम्पनुपर्छ?
(१६) एउटा पतिलाई कुनै बिन्दुमा मार्गदर्शन चाहिन्छ भने के यो पतिलाई सल्लाह दिन “सहायक” को भूमिका भित्र आउँछ? कसरी? ❖

# पाठ–६

# के महिला एल्डर वा डिकन हुन सक्छिन्?

आजको यस परिवर्तनशील संसारमा अधिकभन्दा अधिक महिलाहरुले आफ्नो अधिकारलाई जोड दिएका छन् र पुरुषहरुले अनुमति दिएका कुनै पनि कुराहरु गर्न तयार छन् । धर्मको क्षेत्रमा पनि, महिलाहरुले प्रायः पर्दा पछाडिको नेतृत्वमा भूमिका खेल्छन्, आफ्ना पतिहरुलाई मण्डलीमा के गर्नुपर्छ र के गर्नु पर्दैन भनेर बताउँछन् । अघिल्लो पाठमा हामीले देख्यौं कि परमेश्वरले पुरुषहरुलाई महिलाहरुमाथि नेतृत्व गर्ने जिम्मेवारी दिनुभयो । यदि पुरुषहरु बलियो छन् र आफ्नो काम राम्रोसँग गर्छन भने परमेश्वर प्रशन्न हुनुहुन्छ । तर यदि तिनीहरु कमजोर छन् र तिनीहरुले अगुवाईको भूमिका त्यागेका छन् र महिलाहरुलाई “मालिक” हुन अनुमति दिन्छन् भने यसको मतलब यो होइन कि परमेश्वरले तिनीहरुको विपरित भूमिकालाई स्वीकर गर्नुहुन्छ । तैपनि, परमेश्वले मानिसहरुलाई जिम्मेवार ठहराउनुहुन्छ ।

कहिलेकाहीँ आलोचकहरुले प्रेरित पावलको बारेमा बेवास्ताका टिप्पणीहरु गर्छन् किनभने परमेश्वरले उनको कलमद्धारा नै महिलाहरुलाई मण्डलीमा सार्वजनिक रुपमा नसिकाउने र तिनीहरुले पुरुषहरुमाथि अधिकार नदिने निर्देशन दिएको थियो (१ तिमोथी २:१२; १ कोरिन्थी १४:३४,३५) । विवाह नगरेको पावलले महिलाहरुलाई मन नपराएको हुनुपर्छ भनी केही अहङ्कारी मानिसहरुले यी कथनहरुबाट खिल्ली उडाउँछन् । जे होस्, पावलले धर्मशास्त्रका अन्य लेखकहरुले जस्तै, पवित्र आत्माको निर्देशनद्धारा लेखेको थियो । उनले आफ्नो रुची वा सोच अनुसार लेखेनन् । २ तिमोथी ३:१६,१७ को खण्ठले भन्दछ, “सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरका जन हरेक सुकर्ममा पूर्ण रुपले सुसज्जित भई सिद्ध भएको होस् ।”



**छलफलको बिन्दु**

के तपाई विश्वास गर्नुहुन्छ कि धर्मशास्त्रले महिलाहरुलाई मण्डलीको अगुवाईको भूमिका पूरा गर्ने अनुमति दिन्छ? कसै-कसैले महसुस गर्दछन् कि नयाँ नियममा राखिएका प्रतिबन्धहरुले त्यस समयको संस्कृतिलाई मात्र प्रतिबिम्बित गरेको छ । नयाँ नियम लेख्न कसले निर्देशित गरेको थियो? के यो मानिसको वा पवित्र आत्माको सन्देश हो?

परमेश्वरको व्यवस्थामा नेतृत्वको बारे यदि हामी बुझ्न चाहन्छौं भने हाम्रो निम्ति सजिलो छ ।

- पुरानो र नयाँ नियम लेख्नको लागि लगभग चालीस जना लेखकहरु प्रयोग गरिएका थिए- तर तिनीहरुमध्ये एउटी पनि महिला थिएनन् ।
- इस्राएल राष्ट्रको जन्ममा, याकूबका बाह्र छोराहरु र एक छोरी थिए- तर हामी “इस्राएलका बाह्र कुल” को कुरा गर्दा प्रत्येक कूल याकूबका छोराहरु मध्येको सन्तान थियो ।
- हामीसँग अनगिन्ती पितापूर्खाहरु (परिवारका बाबुहरु), पूजाहारीहरु (महिला पूजाहारीहरु थिएनन्), न्यायकर्त्ताहरु (इस्राएलमा एउटी दबोरा नाउँ गरेकी महिला न्यायकर्त्ता थिईन) देख्छौं । उनको बारेमा न्यायकर्त्ता ४:१-९ मा अभिलेख गरिएको छ । किनकि परमेश्वरको दृष्टिमा इस्राएलीहरुले दुष्ट काम गरेको थियो र स्पष्ट रुपमा कुनै पनि नेतृत्व प्रदान गर्न पर्याप्त विश्वास र साहस भएको मानिस थिएन । यो मानिसहरुको निम्ति लाजको विषय थियो, जसरी पद ९ मा भनिएको छ । राजाहरु र अन्य मानिसहरु परमेश्वरको नेतृत्वको लागि नियुक्त गरेका थिए ।
- नयाँ नियममा नामाकरण गरिएका प्रचारक र अगुवाहरु सबै पुरुष थिए, यद्यपि कुनै अवस्थाहरुमा मण्डली महिलाहरुको घरमा भेला भएको उल्लेख गरिएको छ ।
- हामीले बाह्र मूल प्रेरितहरुका बारेमा पढछौं- सबै पुरुषहरु थिए- यद्यपि येशूको संगतमा रहेका केही महिलाहरु प्रेरितहरुमा भन्दा बढी विश्वास थिए (लूका २४:१०,११) । यसले देखाउँछ कि पुरुषहरु बढी बौद्धिक भएकाले वा अधिक सक्षम, वा ठूलो विश्वास भएकोले उनीहरुलाई परिवार र मण्डलीमा अगुवाको रुपमा नियुक्त गरिएको थिएन, तर केवल मानिस सृष्टिमा पहिलो थियो र परमेश्वरले उसलाई एउटै अधिकारमा त्यसरी संरचना गरिएको थियो । यसरी परमेश्वरले दिनुभएको जिम्मेवारी अनुसार उसले आफूलाई अगुवाइको निम्ति मात्र तयार पार्ने होइन् तर आफ्नो क्षमताको उत्तम नेतृत्व गर्नु पर्छ ।

नयाँ नियमले सिकाउँछ कि त्यहाँ ख्रीष्टको मण्डलीको आफ्नै झुण्डहरु हुनुपर्दछ, र प्रत्येक एक अर्काबाट स्वतन्त्र हुन्छ, र आफ्नै योग्य एल्डरहरु र डिकनहरुद्धारा अगुवाई गरेको हुनुपर्छ (प्रेरित १४:२३; फिलिप्पी १:१; तीतस १:५) । यी पदहरुमा

जिम्मेवारी लिने मानिसहरुका योग्यताहरु १ तिमोथी ३:२-१३ र तीतस १:५-९ मा दिइएका छन् ।

"यसकारण बिशपचाहिँ कसैले दोष लगाउने नसक्ने, एउटै पत्नीका पति, संयमी, समभ्कदार, सम्मानित, अतिथिसत्कार गर्ने, सुयोग्य शिक्षक होऊन, मतवाला र रिसाहा होइन तर तिनी विनम्र भ्कगडा नगर्ने, धनको लोभ नगर्ने, आफ्नो घर राम्ररी चलाउन सक्ने, र आफ्ना छोराछोरीहरुलाई आदरपूर्वक आज्ञापालन गर्ने बनाऊन् । यदि कुनै मानिसले आफ्ना घरकाहरुलाई तह लगाउन जान्दैन भने, तिनले परमेश्वरका मण्डलीको देखरेख कसरी गर्न सक्छ र? तिनी नयाँ विश्वासी नहोऊन्, नत्रता घमण्डले फुलेर तिनी दियाबलसले पाउने दण्डमा पर्नेछन् । फेरि, बाहिरकाहरुका दृष्टिमा पनि तिनी असल ठहरिनुपर्छ, नत्रता तिनी निन्दा र दियाबलसको पासोमा पर्नेछन्" (१ तिमोथी ३:२-७) ।



**छलफलको बिन्दु**

एल्डहरु विवाहित हुनुपर्छ र उनीहरुमा विश्वास गर्ने बच्चाहरुको बहुलता हुनुपर्छ भन्ने परमेश्वरको आवश्यकताबारे तपाईले के कारण दिनुहुन्छ? मण्डलीलाई परमेश्वरको घराना भनिएको हुनाले, एल्डरको आफ्नो परिवारमा अगुवाको रुपमा अनुभवहरुले उनलाई मण्डलीमा आफ्नो हेरचाहमा रहेकाहरुका लागि उत्तम सम्भावित अगुवाई प्रदान गर्न कसरी मद्दत गर्नेछ?

"यसैकारण मैले तिमीलाई क्रेटमा छोडें, कि मैले तिमीलाई अह्राएबमोजिम तिमीले त्यहाँ अपूरा कुराहरु पूरा गर्नू, र हरेक शहरमा एल्डरहरु नियुक्त गर्नू । एल्डर एउटै स्त्रीको पति र दोषरहित र यस्तो व्यक्ति होस्, जसका छोराछोरीहरु विश्वासी होऊन, र चरित्रहीन र अनाज्ञाकारी नहोऊन् । किनभने परमेश्वरको कारिन्दा हुनुपर्ने हुनाले बिशपचाहिँ दोषरहित हुनुपर्छ । तिनी हठी वा भ्कट्टै रीस गर्ने, वा मतवाला, वा भ्कगडालु वा धनको लोभी हुनुहुँदैन, तर अतिथिसत्कार गर्ने, भलाइ प्रेमी, आफूलाई वशमा राख्ने, ईमानदार, पवित्र र संयमी हुनुपर्दछ, तिनलाई सिकाइएको विश्वासयोग्य वचनमा तिनी दह्लिो बस्नुपर्छ, ताकि तिनले पक्का सिद्धान्तअनुसार शिक्षा दिन सकून, र ती कुराहरुको खण्डन गर्नेहरुलाई भ्कूटा साबित गर्न सकून्" (तीतस १:५-९) ।

एल्डरहरुका नियुक्तिमा दिइएका निर्देशनहरुले धेरै कुराहरु देखाउँछन्:-

- हरेक ठाउँको आफ्नै एल्डरहरु, अगुवाईको बहुबचन हुनुपर्दछ ।
- पुरुष मानिसलाई वर्णन गरे अनुसार, उनी एउटै पत्नीका पति...आफ्नो घर राम्ररी चलाउन सक्ने, र आफ्ना छोराछोरीहरुलाई आदरपूर्वक आज्ञापालन गर्ने बनाऊन् । यदि कुनै मानिसले आफ्ना घरकाहरुलाई तह लगाउन जान्दैन भने, तिनले परमेश्वरका मण्डलीको देखरेख कसरी गर्न सक्छ र? (१ तिमोथी ३:२,४,५) ।

- एल्डर बन्न चाहने पुरुष दुई वटा पत्नी भएको, बहुविवाहवादी वा सम्बन्धविच्छेद भएको पुरुष हुन सक्दैन, तर उसको एउटै मात्र पत्नी हुनुपर्छ । सफलतापूर्वक मार्गदर्शन गर्न सक्छ भनेर उसले आफ्नै घरको आकार र प्रशिक्षणबाट पनि राम्ररी अगुवाईपन देखाएको हुनुपर्छ र शारीरिक या आत्मिक बच्चाहरु होस् सबैलाई राम्रोसँग परिपक्वतामा सफलतापूर्वक अगुवाई गर्न सक्छन् । आफ्नै परिवारको वर्षौं देखिको लामो अगुवाईको अनुभव प्राप्त गरिसकेपछि, उनले सेवा गर्ने मण्डलीको लागि आफ्ना संगी एल्डरहरुका साथ राम्रो नेतृत्व प्रदान गर्ने आशा गर्न सकिन्छ ।

**छलफलको बिन्दु**

कसैले यस्तो प्रश्न सोध्छन्: "एउटी महिलाले एक्लै उठेर मण्डलीको नियन्त्रण लिनु गलत हो भन्ने कुरालाई स्वीकार गर्दै, एल्डरहरुद्धारा नियुक्त भएमा के नेतृत्वको भूमिकामा सेवा गर्नु गलत हुनेछ? यो तर्कको समस्या यो हो कि हामी यो तथ्यलाई कहिल्यै बिर्सन सक्दैनौ कि कुनै पनि व्यक्ति वा एल्डरलाई पनि परमेश्वरको व्यवस्थालाई पर राखेर आफैले आफ्नै निम्ति नयाँ नियमहरु बनाउने अधिकार छैन ।

एउटा महिला स्पष्ट रुपमा न त उनी आफ्नै परिवारमा अगुवा बन्न सक्छिन्, न आफ्नो पतिमाथि अधिकार प्रयोग गर्न सक्छिन्, र यसो गरेर न परमेश्वरलाई खुशी पार्न सक्छिन् । यसकारण, उनी आफ्नो पति र मण्डलीको अधिकार लिएर एल्डर हुनको निम्ति योग्य छैनन् ।

"त्यसै गरी डिकनहरु पनि गम्भीर हुनुपर्छ, दुइ-जिब्रे होइन, बढी मद्य पिउने र धनको लोभी होइन, तर तिनीहरु विश्वासको रहस्य शुद्ध विवेकमा कायम राख्ने हुनुपर्छ । पहिले तिनीहरुको जाँच पनि होस् । त्यसपछि तिनीहरुले आफैलाई दोषरहित प्रमाणित गर्न सके भने तिनीहरुले डिकनको सेवा गरुन् । स्त्रीहरु पनि यही बमोजिम गम्भीर, अर्काको बदख्वाइँ नगर्ने, तर सबै कुरामा संयमी र विश्वासयोग्य हुनुपर्छ । डिकन एउटै पत्नीका पति होऊन् । आफ्ना छोराछोरीहरु र आफ्नो घरको प्रबन्ध राम्ररी मिलाउन सक्ने होऊन् । किनकि डिकनले गर्नुपर्ने सेवा जसले राम्ररी गर्छन् तिनीहरुले आ-आफ्ना निम्ति प्रतिष्ठा र ख्रीष्ट येशूमा भएको विश्वासमा पनि ठूलो भरोसा पाउनेछन्" (१ तिमोथी ३:८-१३) ।

डिकनहरु आधिकारिक रुपमा एल्डरहरु अन्तर्गत "सेवा" गर्दछन्, जुन "डिकन" शब्दको अर्थ हो । कुनै-कुनै सम्प्रदायमा आजभोलि आधिकारीक रुपमा एल्डरहरु छैनन्, तर डिकनहरुले एल्डरहरुको काम गर्छन्, जब कि पास्टर (जो नयाँ नियमको समयमा एल्डर थियो) भनिएकाहरुले प्रचारकको काम गर्छन् ।

सही कार्यका यी विकृतिहरु धर्मशास्त्र विपरित छन् । हामीले परमेश्वरलाई अधिकार हुन दिनुपर्छ, र उहाँले उहाँको वचनमा के भन्नुहुन्छ हामीले ध्यानपूर्वक सुन्नुपर्छ । उहाँले भन्नु भएको छ कि प्रत्येक मण्डलीमा एल्डरहरु र

डिकनहरु हुनुपर्छ । दुवैका लागि योग्यताहरु दिइएका छन्, र यी मध्ये कुनै कामको निम्ति मानिस नियुक्ति गर्नु अघि यी योग्यताहरु मिल्नुपर्छ । त्यस्तो योग्य पुरुषहरु नभएसम्म, मण्डलीले एल्डरहरु र डिकनहरु बिना काम गर्नेछ, जस्तो क्रेटमा भएको थियो र एल्डरहरु नियुक्ति गर्नुभन्दा अघि अरु ठाउँमा पनि त्यस्तै थियो ।

एल्डरहरु जस्तै, डिकनहरु पनि "एउटै पत्नीको पति" (१ तिमोथी ३:१२) हुनुपर्छ । कसै-कसैले पद ११ लाई हेर्छन् र त्यो "स्त्री डिकन" मा लागू हुन्छ भनी भन्नेछन् । तर सन्दर्भले देखाउँछ कि यसले मण्डलीमा अगुवाई गरेका पुरुषहरुका पत्नीहरुको ईश्वरभक्तिको कुरा गरिरहेको छ, "स्त्री डिकन" नियुक्त गरिएको महिलाको होइन् । निस्सन्देह, एउटा अनौपचारिक अर्थमा, सबै ख्रीष्टियानहरु "सेवकहरु" हुन्, र हामीले सेवा गर्नुपर्छ । प्रभुको मण्डलीमा एउटी महिलाले अरु ख्रीष्टियानहरुलाई मद्दत गर्न र मण्डलीलाई नै ठूलो बनाउन सक्ने धेरै कामहरु छन् । यो गर्न तिनीहरुलाई पक्कै पनि प्रोत्साहित गर्दछन् ।

तर कुनै पनि समुह जसले एल्डर वा डिकनको पदमा महिलालाई नियुक्त गर्ने, प्रभुको मण्डलीको झुण्डमा महिलालाई नेतृत्वको अधिकार दिन्छन भने, धर्मशास्त्रका यी सामान्य खण्डहरुको प्रत्यक्ष उल्लङ्घन गरिरहेका हुन्छन् । यो परमेश्वरको आज्ञामा थप्ने कुरा हो, जुन उहाँको वचनमा कडा निषेध गरिएको छ (प्रकाश २२:१८,१९; व्यवस्था ४:२; हितोपदेश ३०:६) ।

## कक्षा छलफलको लागि:

(१) के पावल "स्त्रीलाई घृणा गर्ने" मानिस थियो?
(२) बाइबलका अभिप्रेरित लेखकहरुमध्ये कति जना महिलाहरु थिए?
(३) इस्राएलका बाह्र कुलमा कति जना प्रमुख महिलाहरु थिए?
(४) के मरियम, मार्था, प्रिस्किला, र अन्य स्त्रीहरुलाई प्रेरितहरुमा गनिएका थिए?
(५) कुनै-कुनै अवस्थाहरुका महिलाहरुको ठूलो विश्वासको बारेमा छलफल गर्नुहोस्, र यसले कसरी प्रमाणित गर्छ कि पुरुषहरु सृष्टिमा पहिलो भएको कारणले र नेतृत्वको जिम्मेवारी पाएको कारणले नियुक्त भएको थियो?
(६) परमेश्वरले प्रदान गर्नुभएको पुरुषको जिम्मेवारी के हो?
(७) नयाँ नियमको ढाँचा अनुसार प्रत्येक मण्डलीमा के-के हुनुपर्छ?
(८) १ तिमोथी ३:२-१३ र तीतस १:५-९ मा एल्डरहरुको योग्यताबारे छलफल गर्नुहोस् ।
(९) परमेश्वरले शाब्दिक रुपमा एल्डरहरुले एउटै पत्नीसँग विवाह गरेको र विश्वास गर्ने बच्चाहरुको बहुलता हुनुपर्छ भन्ने कुरामा के तपाई विश्वास गर्नुहुन्छ ?
(१०) आफ्नै परिवारको नेतृत्व गर्न असफल हुने मानिसको बारेमा धर्मशास्त्रले के भन्छ?
(११) के एउटी महिलाले मण्डलीमा "सेवा" गर्न सक्छिन्?

❖



# पाठ-७

## के महिलाले सार्वजनिकरूपमा प्रचार गर्न सक्छिन्?

आज धेरै सम्प्रदायहरुमा, महिलाहरुले आराधनामा सक्रिय सार्वजनिक भाग लिन्छन् । सोच यो छ कि समाज पुरातन बाइबलीय समय भन्दा अघि बढेको छ जब महिलाहरु “निच” र “दमन” थिए, र अब पुरुषले गर्न सक्ने सबै कुरा महिलाहरु पनि स्वतन्त्ररुपमा गर्न सक्छन् । धेरै मानिसहरुले वास्तवमा यो नयाँ सोचमा गर्व गर्छन, विश्वास गर्छन् कि अन्ततः शताब्दीयौंदेखि महिलामाथि भएका अन्यायहरु हटाइको छ । यसकारण महिलाहरुले प्रचार गर्छन्, महिलाहरु विशप बन्छन्, तिनीहरुले पुरुषहरुको धार्मिक पोशाक लगाउँछन् र तिनीहरुले पुरुषको काम गर्छन् ।

के यो नयाँ स्वतन्त्रतालाई परमेश्वरले स्वीकृत गर्नुहुन्छ? के बाइबल वास्तवमै यो दिनको लागि मात्र उपज भएको हो, पहिलो शताब्दी र पहिलेका मानिसहरुको सोचाइको लेख हो? यदि यसका शब्दहरु साँच्चै सर्वशक्तिमान परमेश्वरको दिमागबाट नभई मानिसहरुको दिमागबाट आएको हो भने हामी अज्ञानतापूर्वक विगतका पूर्वाग्रहहरुले बन्दी बनाएका हुन्छौं । तर यदि धर्मशास्त्र प्रेरणाप्राप्त हो भने, परमेश्वरको आफ्नै हृदयबाट मानिसहरुका लागि सास फेरेको सन्देश हो भने, कुनै पनि मानिसले यसलाई “मिति” गएको भन्ने वा यस युगको लागि अप्रासंगिक छ भनी अलग्गै राख्ने अधिकार छैन् ।

येशूले स्पष्ट रुपमा भन्नुभयो, “मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एउटा न्यायाधीश छन् । जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ” (यूहन्ना १२:४८) । उहाँले प्रेरितहरुलाई भन्नुभयो, “म तिमीलाई स्वर्गको राज्यका साँचाहरु दिनेछु । जे तिमीले पृथ्वीमा बाँध्नेछौ,

सो स्वर्गमा बाँधिनेछ, र जे तिमीले पृथ्वीमा फुकाऔला, सो स्वर्गमा फुकाइनेछ" (मत्ती १६:१९) ।

धर्मशास्त्र परमेश्वरको वचन हो, मानिसको होइन भनी बारम्बार दाबी गर्दछ, "सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो..." (२ तिमोथी ३:१६) । हाम्रा परमप्रभुले धर्मशास्त्रको अन्तिम सन्देशमा चेतावनी दिनुभयो, "...यदि कसैले तिनमा थप्यो भने यस पुस्तकमा लेखिएको विपत्तिहरु परमेश्वरले त्यसमाथि थपिदिनुहुनेछ । अनि कसैले यस अगमवाणीको पुस्तकका वचनबाट केही घटायो भने, यस पुस्तकमा लेखिएका जीवनको वृक्ष र पवित्र शहरबाट त्यसले पाउने हिस्सा परमेश्वरले त्यसबाट खोस्नुहुनेछ" (प्रकाश २२:१८,१९) ।



**छलफलको बिन्दु**

आत्मिक अगुवाइको भूमिकामा महिलाहरुको बारेमा तपाईलाई कस्तो लाग्छ? के विगतमा महिलाहरुलाई वास्तवमा प्रतिबन्ध लगाउनुको कारण दमन थियो वा त्यहाँ परमेश्वरको वचन बाइबललाई अधिक सम्मान गरिएको थियो? के आधुनिकतावादी दृश्यले (परमेश्वरले होइन, मानिसहरुले आफ्नो विश्वास र अनुभव गरेको आधारमा लेख्यो) धर्मशास्त्रको अधिकारलाई मेटाइएको हो?

परमेश्वरको वचनको साथ व्यवहार गर्नु कुनै सानो कुरा होइन् । उहाँले लेख्नु भएको कुनै पनि कुरालाई परिवर्तन गर्नु भनेको परमेश्वरको भन्दा ठूलो अधिकार छ भनी मान्नु हो, त्यो भनेको आफैलाई दण्ड ल्याउनु हो । पावलले गलाती १:६-९ मा चेतावनी दिएका छन् कि यदि स्वर्गबाट स्वर्गदूतले पनि पवित्र आत्माको निर्देशन मार्फत सिकाइएको भन्दा फरक कुरा सिकायो भने पनि त्यो परमेश्वरको श्रापित हुनेछ । पुरुष वा महिला जसले यस्तो अभिमानपूर्ण अधिकार आफैले लिन्छ भने त्यो न्यायमा दोषी ठहरिनेछ ।

- "येशूको गोष्ठी" नामक कार्यक्रममा बाइबल अध्ययनका आधिकारिक समुहहरु थिए जसले धार्मिक संसारका अगुवाहरु हो भनी दाबी गर्दछन् । रसेल शोर्टोले घटनाको केही अभिलेख सुसमाचार सत्यतामा लेख्यो । उनले भने, "येशूको गोष्ठीले सुसमाचारका पुस्तकहरुलाई शब्द शब्दहरुद्धारा यसको भित्री र यसको एउटा योग्य परियोजनको गहनताका साथ जाँच गर्दछ । समुहको साहस यस तथ्यमा निहित छ कि उनीहरुले कुन शब्द र घटनाहरुलाई ऐतिहासिक येशूलाई श्रेय दिन सकिन्छ भनेर मतदान गर्छन । बाँकी खण्डहरु 'कथाकारहरु' द्धारा थपिएको मानिन्छ । अनुमान गर्न सकिन्छ, प्रमाणका लागि भोटहरु थोरै छन् ।"

यही नै स्वभाव हो जसले साम्प्रदायिक संसारका अगुवाहरु र प्रचारहरु बीच

धेरै प्रचलित, जसले मानिसहरुलाई बाइबललाई बेवास्ता गर्न र आत्मिक मामिलामा दिशा निर्देशनहरुको निम्ति आजको संस्कृतिलाई हेर्न अभिप्रेरित गरेको छ ।



**<u>छलफलको बिन्दु</u>**

न्यायको दिनमा आफूलाई परमेश्वरको उपस्थितिमा शाब्दिक रुपमा खडा भएको कल्पना गर्नुहोस् । तपाईले जीवनभरी तर्क गर्नुभएको छ कि धर्मशास्त्रमा भएका विशिष्ट व्यवस्था र आज्ञाहरु वास्तवमै महत्वपूर्ण थिएन्- परमेश्वरको अनुग्रहमात्र महत्वपूर्ण कुरा थियो । तपाई एक तर्फ यसो भन्दै गर्नुभएको हुनेछ, "यसले केही फरक पार्दैन् ।" पवित्र आत्मा अर्को तर्फ यसो भन्दै गर्नुभएको हुनुहुनेछ, "तिमीले परमेश्वरको वचनमा थपेको छ ।" पवित्र आत्मासित बहस गर्नको लागि केवल मानिससँग यस्तो अभिमानी सोच कस्तो होला?

तर परमेश्वरले मानिसको इच्छामा आफ्ना जनहरुको निर्देशनलाई त्याग्नुभएन् । बरु, उहाँले स्पष्ट नियमहरु बनाउनुभएको छ, तिनीहरुलाई आफ्नो वचनमा स्पष्ट रुपमा लिपिबद्ध गर्नुभएको छ, र त्यो शब्द आज हाम्रो प्रयोगको लागि सुरक्षित राख्नुभएको छ । हाम्रा हरेक आत्मिक कुरामा बाइबल हाम्रो अधिकार हुनुपर्छ ।

धर्मशास्त्रमा हामीसँग परमेश्वरको अधिकारद्धारा उभिएर प्रचार गर्ने महिलाको उदाहरण छैन् । धेरै महिलाहरुले येशूलाई पछ्याए । उहाँका प्रेरितहरुका आवश्यकताहरु पूरा गरे । तर तिनीहरुमध्ये कसैलाई पनि सार्वजनिक रुपमा प्रचार गर्न नियुक्त गरिएको थिएन् । जब सत्तरी जनालाई चुनेर सेवाकाईमा पठाइयो, त्यहाँ महिलाहरु पनि थिए भन्ने कुरामा कुनै संकेत छैन । सबै प्रेरितहरु पुरुष थिए, र जब पत्रुस एघार जनासँग पहिलो पटक सुसमाचार प्रचार गर्न खडा भए, तब त्यहाँ कुनै महिलाले पनि प्रचार गरेनन् ।

निश्चय नै मरियम, येशूकी आमाले दिन सक्ने शक्तिशाली "गवाही" थियो । मरियम मग्दिलिनीलाई प्रभुले चमत्कारिक रुपमा निको पार्नुभएको थियो, र यो मरियमकहाँ उहाँ पहिलो पटक देखा पर्नुभएको थियो (सम्भवतः उनीसँग त्यो समयमा कुनै पनि प्रेरितहरुमा भन्दा ठूलो विश्वास थियो, जसलाई उहाँले मर्कूस १६:१४ मा अविश्वासको लागि गाली गर्नुभयो ।) तर यी मध्ये कुनै महिलालाई प्रचार गर्न दिइएन् । मरियम र मार्था येशूको घनिष्ठ साथीहरु थिए, र येशूले तिनीहरुको भाइ लाजरसलाई मृत्युबाट व्युँताउनु हुँदाको दिनलाई तिनीहरुले विश्वस्त शब्दहरुमा बताउन सक्थे । तर न त परमेश्वरले न प्रेरितहरुले तिनीहरुलाई यो गर्न आग्रह गर्नुभयो ।

किन? किनभने समाजमा, घरमा, र प्रभुको मण्डलीमा महिलाको भूमिका पुरुषको जस्तो हुँदैन् । पुरुषहरुलाई सुसमाचारको सार्वजनिक रक्षा गर्ने जिम्मेवारी दिइएको छ, यसलाई निर्भय रुपमा प्रचार गरोस् ताकि सुन्नेहरु परिवर्तन हुन सकून, र अरुलाई पनि सिकाउन सकून् ।



**छलफलको बिन्दु**

जब प्रचारकहरु र सम्प्रदायका अगुवाहरुले बाइबल मानिसहरुको उत्पादन हो र परमेश्वरको वचनको अयोग्य छ भनेर खुल्ला रुपमा सिकाउँछन् । येशू कन्याकुमारीबाट जन्मनुभएन्, कि उहाँले कुनै आश्चर्यकर्म पनि गर्नुभएन् । उहाँ मृत्युबाट पुनरुत्थान हुनुभएन्? हाम्रो राष्ट्र किन अविश्वासमा बिग्रिदैछन्? भन्ने प्रश्नबारे औसत “विश्वासी” ले के गर्दछ?

अर्कोतर्फ, महिलाहरुले चुपचाप सिकून् । हामी पढ्छौं, “स्त्रीहरु मण्डलीको सभामा चूपचाप रहून् । तिनीहरुलाई बोल्ने अनुमति छैन, तर व्यवस्थाले भनेझैं तिनीहरु अधीनमा रहून् । केही कुराको बारेमा तिनीहरु सोध्न चाहन्छन् भने घरमा आ-आफ्ना पतिलाई सोधून् । किनभने मण्डलीमा स्त्रीहरुले बोल्नु शर्मको कुरो हो” (१ कोरिन्थी १४:३४,३५) ।

१ तिमोथी २:८-१४ मा यसो भन्दछः “यसकारण सबै ठाउँमा पुरुषहरुले पवित्र हात उठाएर विनाक्रोध र विनाविवाद प्रार्थना गरुन् भन्ने म चाहन्छु । यसै गरी म चाहन्छु, कि स्त्रीहरुले सरलता र भद्रतासाथ सुहाउँदो वस्त्र पहिरुन्, केशको बढी सिङ्गार गरेर, सुन, मोती र बहुमूल्य वस्त्रहरु पहिरेर होइन्, तर असल कामद्धारा सुसज्जित होऊन, जो परमेश्वरको भक्ति गर्ने स्त्रीहरुलाई सुहाउँछ । स्त्रीले पूर्ण दीनतासाथ चूपचाप बसेर सिकून् । तर स्त्रीले पुरुषलाई सिकाउने र पुरुषमाथि अधिकार जमाउने काममा म अनुमति दिन्नँ, तर तिनी चूपचापै रहून् । किनभने आदम नै पहिले सृजिएका हुन्, त्यसपछि हव्वा । आदम छलिएको होइनन्, तर स्त्रीचाहिँ छलिएर अपराधमा फसेकी हुन् ।”

- याद गर्नुहोस् कि पवित्र आत्माले हाम्रो दिमागलाई पुरुषसँग महिलाको सम्बन्धमा सान्दर्भिक दुईवटा बिन्दुहरुमा फर्काएर लैजानुहुन्छ, सुरुवाटमाः (१) आदम पहिले बनाइयो, त्यसपछि हव्वा; (२) आदम छलिएको होइन्, तर स्त्री छलेर अपराधमा फसे ।

पछिल्ला दिन फेरि पनि महिलाहरुले शैतानको कुरा सुनिरहेका छन्- कमजोर मानिसहरुले आदमको दुर्बलताका गल्तीहरुलाई दोहोर्‍याइरहेका छन्- किनकि धेरै पुलपिटहरुमा महिलाहरुले प्रचारको काम गरिरहेका छन् । ती

महिलाहरु जसले आफूलाई प्रचारक बनाउने अनुमान गर्छनः तिनीहरुका सन्देशहरुमा, तिनीहरुका पोशाकमा, र तिनीहरुले गरेका दाबीहरुमा अधिकांश चरमपन्थीहरु हुन् । हालका केही वर्षहरुमा, संसारका महान भएको दाबी गर्ने दुई पेन्तिकोस्टल महिला प्रचारकहरुले नक्कली कपाल सहित चरम पोशाकहरु अनि तिनीहरुको अनुहारमा सबैभन्दा सुन्दर मेकअपको साथ महँगो गहनाहरु लगाएका छन् । तिनीहरु हव्वाको उदाहरण पछयाउने र तिनीहरुका व्यवहारको बारेमा परमेश्वरले भन्नुभएको सबै कुराहरु बहिरा गर्ने महिलाहरुको उत्तम दृष्टान्त हुन् ।

परमेश्वरले महिलाहरुलाई सार्वजनिकरुपमा प्रचार गर्ने अधिकार दिनुभएको छैन् ।

## कक्षा छलफलको लागिः

(१) आज धेरै मानिसहरुलाई लाग्छ कि महिलाहरुले अहिले के गर्न सक्छन्?
(२) धार्मिक समुहहरुमा हाल महिलाहरुले ओगटेका केही कार्यहरुका बारे छलफल गर्नुहोस् । के यी कार्यहरु पहिलो शताब्दीको मण्डलीमा देखा परेको थियो?
(३) हामीले बाइबल कसरी पायौं?
(४) मलाई इन्कार गर्नेले कसलाई इन्कार गर्छ भनी येशूले भन्नुभयो?
(५) यदि एक जना स्वर्गदूतले हामीलाई धर्मशास्त्र विपरित केही गर्न भन्यो भने के हामीले सुन्नुपर्छ? के तपाईले यस्तो घटनाको उदाहरण दिन सक्नुहुन्छ?
(६) के नयाँ नियममा हामीले कुनै पनि महिलालाई सुसमाचार प्रचार गर्न पठाएको उदाहरण पाउँछौ?
(७) १ तिमोथी ३:८-१४ मा महिलाहरुलाई कसरी व्यवहार गर्न निर्देशन गरिएको छ?
(८) तिमोथीको पत्रमा, जहाँ "पुरुष" लाई प्रार्थना गर्न निर्देशन दिइएको छ, के ग्रीक शब्दको सामान्य अर्थ "मानजाति" हो वा "पुरुष" हो?
(९) १ तिमोथीमा महिलाहरुलाई सिकाउन वा पुरुषहरुमाथि अधिकार जमाउन नपाउने दुईवटा कारणहरु के हुन्?

❖



# पाठ-८

## के महिलाले सिकाउन सक्छिन्?

"के महिलाले सार्वजनिक रुपमा वयस्कहरुको मिश्रित समुहलाई सिकाउन सक्छ?" भन्ने यदि प्रश्न उठयो भने जवाफमा सक्दैनन् भन्ने हुन्छ । १ कोरिन्थी १४:३४,३५ र १ तिमोथी २:१२-१४ मा धर्मशास्त्रले मण्डलीको सभामा स्त्रीलाई पुरुषमाथि अधिकारको स्थितिमा रहन निषेध गर्दछ । "तर स्त्रीले पुरुषलाई सिकाउने र पुरुषमाथि अधिकार जमाउने काममा म अनुमति दिन्नँ, तर तिनी चुपचापै रहून् ।"

तर "शिक्षण" मा सार्वजनिक व्याख्यान भन्दा धेरै कुरा सम्लग्न हुन्छ । हामी सबैले हाम्रो हरेक दिनको सामान्य जीवन भएर जाँदा धेरै कुरा सिकाउँछौं ।

- हामी हाम्रो व्यवहारबाट सिकाउँछौं, यसरी हामी अरुसँग अन्तरक्रिया गर्छौं । स्त्रीहरु आफ्नो व्यवहारमा विवेकी र शुद्ध हुनुपर्छ, "ताकि परमेश्वरको वचनको निन्दा नहोस्" (तीतस २:५) भनी पावलले जवान प्रचारक तीतसलाई लेख्दछ । जवान विधवाहरुलाई निर्देशन दिन पावलले तिमोथीलाई लेख्दछ, कि तिनीहरुले आफूलाई यस्तो तरिकाले व्यवहार गर कि तिनीहरुले, "विरोधीलाई हाम्रो बदनाम गर्ने मौका नदिऊन्" (१ तिमोथी ५:१४) । यी निर्देशनहरुबाट यो स्पष्ट हुन्छ कि हामी सबैले सिकाउँछौं- राम्रो पाठ वा ती पाठहरु जसले परमेश्वरको वचन र उहाँका मानिसहरुलाई लाज र निन्दा ल्याउँछ- यसरी हामी अरुको अगाडि जिउँछौं ।

- स्त्रीहरुले घरको सिमाभित्र निरन्तर सिकाउँछन् । कोही खीष्टियान स्त्रीहरुले अविश्वासी पुरुषहरुसित विवाह गरेका थिए भन्ने थाहा पाएर पत्रुसले यी निर्देशनहरु लेख्दछ, "पत्नी हो, तिमीहरु पनि आफ्ना पतिको अधिनमा रहो, यसरी तिनीहरुले वचन पालन नगरे तापनि आफ्ना पत्नीहरुको आचरणले

गर्दा शब्दविना पनि तिनीहरुका मनको परिवर्तन हुन सक्छ । तिमीहरुका जीवनको शुद्धता र श्रद्धा देख्दा तिनीहरुको परिवर्तन हुनेछ" (१ पत्रुस ३:१,२) । यस्तो अवस्था जहाँ पत्नी खीष्टियान तर पति अखीष्टियान हुन, मुक्तिको लागि पतिको एउटै आशा भनेको उनकी पत्नीको विश्वासयोग्यमा छ । यदि तिनी आफ्नो खीष्टियान धर्मको बारेमा आधा मन राख्छिन्, सेवामा अनियमित रुपमा उपस्थित हुन्छिन्, र आफ्नो दैनिक आत्मिक वृद्धि र अरुको शिक्षाको बारेमा चिन्तित छैनन भने, उनी सम्भवत: आफ्नो पतिको लागि बाधा बन्न सक्छन् । उसको आफ्नै व्यवहारले उनलाई सुसमाचारको सत्यतामा अन्धा बनाउनेछ । यदि, उनले मायालु र आदरपूर्वक आफ्नो जीवनमा परमेश्वरलाई पहिलो स्थान दिनुपर्छ भनी जोड दिन्छन् भने उनको पति र परिवारका सदस्यहरुले उनको ईश्वरीय आचरणबाट सिक्नेछन् ।

- स्त्रीहरु पनि आफ्ना विश्वासका शिक्षक हुन्, तिनीहरुका छोराछोरीहरुले घरमा धेरै कुरा सिकेका हुन्छन् । हामीले जवान प्रचारक तिमोथीको बारेमा पढ्छौं, "...त्यो विश्वास, जो पहिले तिम्री बज्यै लोइसमा थियो, र तिम्री आमा युनिसमा, अनि मलाई निश्चय छ, त्यो विश्वास तिमीमा पनि रहेको छ" (२ तिमोथी १:५) । तिमोथीको बुबा अन्यजाति थिए । खीष्टमा विश्वास निर्माण गर्न सक्ने जगको रुपमा उनीसँग पुरानो नियमको धर्मशास्त्रको विश्वास थिएन् । तिमोथीले ती सत्यता बाल्यकालमा आफ्नी आमा र हजुर आमाको पाउमा बसेर सिकेको थियो, जसरी तिनीहरुले होशियारीपूर्वक उनलाई परमेश्वरको वचन सिकाए ।



**छलफलको बिन्दु**

हामी यो संसारमा एक्लै बस्दैनौं । हामी जे गर्छौं अरुले देख्छ र तिनीहरुमा केही प्रभाव पर्छ । आफैले आफूलाई "खीष्ट जस्तै" भनेर बोलाएर उहाँजस्तै जीवन नजिएर हामीले खीष्टियानिटीलाई टाढा लैजान्छौ । रोमी २:२४ मा भविष्यवाणीलाई सन्दर्भ गरिएको छः "अन्यजातिहरुका बीचमा परमेश्वरको नाउँ तिमीहरुद्वारा नै निन्दित भएको छ ।"

परमेश्वरको वचन सिकाउने महिलाहरुको यी उदाहरणले हामीलाई देखाउँछन् कि तिनीहरु हरेक अवसरमा, आफ्नो व्यवहार र घर भित्र सिकाउन स्वतन्त्र छन् । तर के एउटी महिलाले आफ्नो परिवार बाहिरकाहरुलाई सिकाउन सक्छिन्?

- प्रेरित १८:२,२५,२६ मा अकिलास र प्रिस्किला नाम गरेका पुरुष र तिनकी

पत्नीको बारेमा पढ्छौं । तिनीहरु कोरिन्थमा बस्थे र यहूदी पृष्ठभूमिमा पाल बनाउनेहरु थिए । पावल कोरिन्थमा हुँदा तिनीहरुसँग बसेका थिए । प्रिस्कला र अकिलास पहिले नै खीष्टियान भइसकेका थिए वा पावलद्धारा प्रभुमा परिवर्तन भएका थिए भनी धर्मशास्त्रले बताउँदैन् । पावलले कोरिन्थ छोड्दा यी जोडी तिनीसँगै एफिससम्म गएका थिए । त्यहाँ तिनीहरुले अपोल्लोस नामका एक जना यहूदी भेट्टाए जो "एकजना कुशल वक्ता र धर्मशास्त्रमा पोख्त थिए" (पद २४), जब अकिलास र प्रिस्किलाले उनलाई सुने, तिनीहरुले अपोल्लसलाई एकै ठाउँमा लगे र उनलाई परमेश्वरको मार्ग अझ प्रष्टसँग बुझाइदिए, (पद २६) । धर्मशास्त्रको शब्दहरुले संकेत गर्दछ कि अकिलास र उनकी पत्नीको संयुक्त प्रयासमा अपोल्लोसलाई सिकाएको थियो । निस्सन्देह यो सभाघर वा मण्डली सभा भेलाको सार्वजनिक रुपमा सिकाएका थिएनन्, तर यो एउटा घरको निजी रुपमा गरिएको थियो, जहाँ "तिनीहरुले उनलाई आफ्नो घरमा ल्याए ।" घरमा निजी बाइबल छलफल गरेका धेरै उदाहरणहरु छन् जहाँ महिलाले सिकाइमा भाग लिनु राम्रो हुन्छ । ती घटनाहरुमा उनको स्वभाव र व्यवहार कुनै खीष्टियानलाई गरेको जस्तो समान हुनुपर्छः नम्र र मायालु, सबै कुरा थाहा पाए जस्तो होइन्, वा कोधको पनि होइन् ।



**छलफलको बिन्दु**

यहाँ एउटा वृद्ध जोडीको कथा छ । तिनीहरु खीष्टियान थिएनन् । ऊ बलियो थियो । उनी नम्र र आज्ञाकारी थिइन् । उनले सत्य सिकिन् सुसमाचार पालन गर्न चाहन्थिन् । यदि उनले बप्तिस्मा लिइन् भने पतिले उनलाई सम्बन्धविच्छेद गर्नेछन् भनी उनीमाथि हल्ला गरे । र अवश्य पनि तिनले आफू कहिल्यै पनि बप्तिस्मा नगर्ने वाचा गरे । अन्तमा, उनले आफ्नो पतिको भन्दा परमेश्वरको आज्ञा पालन गर्ने शक्ति पाए । सूरुमा चर्काचर्की र रिस उठ्दा पनि एक वर्षभित्रै उसले आफ्नो कडा जिद्दी हृदयलाई नरम पारेको थियो र उनी खीष्टियान भए । साँच्चै नै उनी उनको एक मात्र आशा थिइन् । यदि उनले आफ्नो विश्वास पछ्याउने शक्ति कहिल्यै पनि राम्रोसँग पछ्याएनन् भने उसले आज्ञा पालन गर्ने हृदयको कोमलता भेट्टाउने थिएन् ।

- मुद्रणको बर्तमान युग र धेरै पुस्तकहरुको उपलब्धतामा, कहिलेकाहीं यो प्रश्न सोधिन्छ, "के स्त्रीद्धारा लेखिएको पुस्तक वा लेखहरु कुनै पुरुष मानिसले पढ्नु गलत हो? स्त्रीले घरमा निजी अध्ययन गरे जस्तै यो समानान्तर कुरा हो, त्यो बाहेक शब्दहरु मौखिक रुपमा बोल्नुको सट्टा छापिएको हुन्छ । त्यहाँ कुनै सार्वजनिक सिकाई संलग्न छैन्; मानिसले लेख

लिन वा पढ्न स्वतन्त छन्, त्यो उनको रोजाइ हो । र उनी अनुपस्थित स्त्रीको नेतृत्वको कुनै दबाबमा हुदैनन् ।

- के त्यहाँ कुनै अवसरहरु छन् जब एउटा महिलाले सार्वजनिक रुपमा सिकाउन सक्छ? पावलले तीतसलाई वृद्ध स्त्रीहरुको बारेमा निर्देशन दिन्छन्, "तिनीहरुले तरुणीहरुलाई आ-आफ्ना पति र बालबच्चाहरुलाई प्रेम गर्न, र तिनीहरु समझदार, पतिव्रता, घरजम गर्न सक्ने दयालु, आ-आफ्ना पतिका अधीनमा रहने हुनलाई तालीम दिऊन, ताकि परमेश्वरका वचनको निन्दा हुन नपाओस्" (तीतस २:४,५) । त्यसो भए यो अनुमति मात्र होइन तर आज्ञा दिइएको छ कि स्त्रीहरुले अन्य महिलाहरुलाई सिकाउने छन्, महिलाहरुले बच्चाहरुलाई सिकाउने छन् । यो निजी रुपमा गर्न सकिन्छ, घर भित्र, वा यो सार्वजनिक रुपमा, साना कक्षाहरुमा, वा ठूलो कक्षाहरुमा, गोष्ठीहरुमा र कार्यशालाहरुमा- कुनै पनि अवस्थामा जहाँ पुरुषहरु उपस्थित छैनन् ।

- त्यहाँ साना, पृथक मण्डलीहरु महिलाहरुद्धारा मात्र पनि बनेको हुन सक्छन् । त्यस्तो अवस्थामा तिनीहरुले के गर्ने? के तिनीहरुले आराधना सभा छोड्नुपर्छ, किनभने तिनीहरुको नेतृत्व गर्ने कुनै पुरुष सदस्य छैन्? होइन; यदि मण्डलीका सबै सदस्यहरु महिलाहरु मात्र छन् भने, कुनै पनि पुरुष खीष्टियानहरु उपस्थित नभएसम्म सेवा संचालन गर्ने जिम्मोवारी तिनीहरुको हुनेछन् ।

त्यसो भए प्रश्न यो होइन, "के स्त्रीहरुले सिकाउन सक्छन्?" तर, फेरि यो नेतृत्वको भूमिकाको प्रश्न हो । पुरुष स्रोताहरु भएको ठाउँमा स्त्रीले सार्वजनिक रुपमा सिकाउनु हुँदैन् । सार्वजनिक सभामा, जहाँ पुरुष खीष्टियानहरु उपस्थित हुन्छन्, पुरुषहरुले आराधना गतिविधिहरुका साथ सिकाइमा सबै अगुवाई गर्नुपर्छ । यो तिनीहरुलाई परमेश्वरले दिनुभएको जिम्मेवारी हो, र महिलाहरु जतिसुकै "योग्य" भए तापनि उनीहरुले त्यो काम महिलाहरुलाई सुम्पिँदा उनीहरु स्वयं परमेश्वरप्रति अनाज्ञाकारी भइरहेका हुन्छन् ।

बच्चाहरु, अन्य स्त्रीहरु र अविश्वासीहरुलाई सिकाउने काम एउटा ठूलो समय-उपभोग गर्ने काम हो । यदि महिलाहरुले त्यो काम राम्रोसँग गरेका छन् भने, धैरै मानिसहरु परमेश्वरसँग अनन्तसम्म बाँच्नेछन्, नत्रभने हराउने छन् । महिलाहरुले के गर्न सक्दैनन् भन्ने कुरामा विवाद र बकबक गर्नुको सट्टा तिनीहरुले के गर्न सक्छन् भन्ने कुरामा ध्यान केन्द्रित गरौं ।

## कक्षा छलफलको लागि

(१) के एक जना महिलाले वयस्कहरुको मिश्रित समुहमा सार्वजनिक रुपमा

सिकाउन सक्छ?

(२) महिलाहरुले कसरी सिकाउन सकिन्छ?

(३) खीष्टियान स्त्रीले आफ्नो अविश्वासी पतिलाई कसरी सिकाउन सक्छ?

(४) के कमजोर र आधा-परिवर्तित "खीष्टियान" जोडीहरुले प्रायः आफ्नो परिवारको लागि मुक्तिको ढोका बन्द गर्छन्, यस्तो खराब उदाहरणहरु राख्छन् कि कोही पनि उनीहरुसम्म पुग्न सक्दैन्?

(५) महिलाहरु पनि आफ्ना...................................विश्वासको शिक्षक हुन् ।

(६) के एउटी स्त्रीले आफ्नो परिवारका खीष्टियान नभएकाहरुलाई निजी रुपमा सिकाउन सक्छ? एउटा उदाहरण दिनुहोस् ।

(७) कुन अवस्थामा महिलालाई सार्वजनिक रुपमा सिकाउने अनुमति दिएको छ?

(८) एउटा महिलाले सिकाउन सक्ने यी धेरै तरिकाहरु छलफल गरिसकेपछि, हामी महसुस गर्छौं कि कुन वास्तविक प्रश्न फेरि चिन्ताको विषय हो?

(९) एउटा सार्वजनिक भेलामा पुरुषहरु जम्मा भएको बेलामा कसले सिकाउने, आराधनाका क्रियाकलापहरु गर्ने अगुवाईको भूमिका निभाउनुपर्छ?

(१०) यदि एउटी महिला पुरुषहरु भन्दा बढी योग्य, राम्रो शिक्षित र राम्रो वक्ता छ भने, के तिनलाई प्रचार गर्न वा सिकाउन अनुमति दिनुपर्छ? किन?

❖



# पाठ–९

## यदि पुरूषले महिलालाई सार्वजनिकरूपमा प्रचार गर्न बोलाउँछ भने के गर्ने?

“महिला मुक्ति” अभियानको प्रभावको यो युगमा, सबै प्रकारका तर्कहरु अगाडि राखेर महिलाहरुलाई सार्वजनिक नेतृत्वको भूमिकामा अधिकार दिने प्रयास गरिन्छ ।

धर्मशास्त्रले भनेको कुरालाई महसुस गर्दै, “तर स्त्रीले पुरुषलाई सिकाउने र पुरुषमाथि अधिकार जमाउने काममा म अनुमति दिन्नँ...” (१ तिमोथी २:१२), प्रश्न सोधिएको छ, “एल्डरहरु वा झुण्डका पुरुषहरुमा स्त्रीहरुमाथि अधिकार हुन्छन् । यदि एल्डरले स्त्रीलाई सभामा प्रार्थना गर्न वा प्रचार गर्न बोलाइयो भने के त्यो अनुमति हुन्छ, किनकि उसले एल्डरको निर्देशन मात्र पालन गरिरहेकी हुन्छिन्?” यो क्रममा भएको जस्तो देखिन्छ । यदि पुरुष आफैले उनलाई प्रार्थना गर्न वा सिकाउन आग्रह गरेका छन् भने एउटी महिलाले कसरी आफ्नो अधिकार माथि कब्जा गर्न सक्छ? तर हामीले एउटा महत्वपूर्ण कुरा बिर्सनु हुँदैनः स्त्रीको शिर पुरुष हो तर हरेक पुरुषको शिर ख्रीष्ट हुनुहुन्छ । (१ कोरिन्थी ११:३) । पवित्र आत्माको अधिकारद्धारा धर्मशास्त्र लेखिएको थियो, मानव लेखकहरुको विचारद्धारा होइन् । पुरुष मानिसहरुले मण्डलीको सभाहरुमा सार्वजनिक अगुवाइ प्रदान गर्नुपर्दछ भनी तिनीहरुले लेखेका थिए, पवित्र आत्माले निर्देशन दिएका कुराहरु तिनीहरुले लेखिरहेका थिए । लेखेका शब्दहरु आफ्नै थिएनन् ।

यदि आज मण्डलीका एल्डर वा पुरुषले मिश्रित स्रोताहरुको माझ एउटी स्त्रीलाई प्रार्थना गर्न वा प्रचार गर्न बोलाउँछन् भने, तिनले उसलाई धर्मशास्त्रका स्पष्ट निर्देशनहरुलाई उलंघन गर्न आग्रह गरिरहेको हुन्छ । यद्यपि,



**छलफलको बिन्दु**

यदि प्रेरित पावल आज यहाँ भएर यसो भन्यो, “म (पवित्र आत्माको अधिकारले) स्त्रीलाई सिकाउन अनुमति दिँदैन ।” उनको अनुहार हेरेर हिँड्ने मध्ये एक जनाले कस्तो महसुस गर्दछ? र घोषणा गर्दछ, “तर म भन्दछु यो सबै ठीकै छ । केवल आफ्नो घोषणाहरुमा यति अहंकारी गर्ने मानिसहरु को हुन्?

एउटा पुरुषको रुपमा, उनी महिलाहरुमा अगुवाइको भूमिकामा छन्, उनी स्वयं प्रभु भन्दा माथि र बराबरीको अधिकारमा होइन् । यस्तो कुरा सोध्नु अभिमानपूर्ण पाप हो, यस्तो स्वभावलाई धर्मशास्त्रमा दृढ निन्दा गरिएको छ ।

सामान्यतया यी निर्देशनहरु पछयाउने ब्रेकडाउन एउटा निजी सेटिङमा सुरु हुन्छः एउटा रेस्टुरेन्टमा दुइ जोडीहरु थिए, एक जना पुरुषले एउटा स्त्रीलाई खानाको लागि धन्यवाद दिन बोलाइन्छ; वा घरमा प्रार्थना सत्रमा भाग लिने मिश्रित समुह, जहाँ पुरुष र महिला दुवैले “सिक्री” प्रार्थनामा भाग लिने अपेक्षा गरिएको छ । किनकि यो मण्डलीको पूर्ण आराधना सभाको अवसरहरु होइनन्, तिनीहरु स्पष्ट धर्मशास्त्रको सन्दर्भको सट्टा व्यक्तिगत न्यायले निर्णय गर्न सक्ने किनारमा पर्ने देखिन्छ ।

तापनि, प्रार्थनाका अवसरहरु सधै आराधनाका अवसरहरु हुन, र एउटा पुरुषले एउटी महिलालाई परमेश्वरको सिंहासनमा यस्तो दृष्टिकोणमा सबैको दिमागलाई डोऱ्याउन आव्हान गर्ने अनुमान गर्नु ठ्याक्कै त्यस्तै अभिमान हो । हामीसँग परमेश्वरको सिंहासनमा कुनै पनि मिश्रित समुहको दृष्टिकोणमा महिला अगुवाईलाई अनुमति दिने कुनै उदाहरण वा धर्मशास्त्र छैन, हामीसँग त्यस्तो काम गर्ने अधिकार छैन् ।

व्यवस्थाको पुस्तकमा हामीसँग यस्तो प्रकारको समानान्तर अवस्था छ । परमेश्वर भन्नुहुन्छ कि यदि “अगमवक्ता वा कसैले दावी गरेका स्वप्नदर्शीहरुले इस्रायलीहरुलाई चमत्कारी चिन्ह वा आश्चर्यकर्म देखाएर भ्रामक बाटोमा डोऱ्याउन खोज्दै अन्य देवताहरुका पछि लागौं र तिनीहरुको पूजा गरौं भनी त्यसले भन्यो भने तिमीहरुले त्यस अगमवक्ता वा स्वप्नदर्शीका कुरा नसुन्नू । तिमीहरुले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्ना सारा हृदय र प्राणले प्रेम गर्छौ कि गर्दैनौं भनी उहाँले तिमीहरुलाई जाँच गर्नुभएको हो । तिमीहरुचाहिँ परमप्रभु आफ्ना परमेश्वरको मार्गमा हिँड्नु, उहाँको डर मान्नू, उहाँका आज्ञाहरु पालन गर्नू, उहाँका वचन मान्नू, उहाँको सेवा गर्नू र उहाँमै लीन भइरहनू । त्यो अगमवक्ता वा स्वप्न-दर्शी मारिनुपर्छ, किनभने परमेश्वरले आज्ञा गर्नुभएको मार्गबाट तिमीहरुलाई बहकाउनलाई त्यसले तिमीहरुलाई उहाँको विद्रोह गर्न सिकायो...” (व्यवस्था १३:२-५) ।

हामी मोशाको व्यवस्था अन्तर्गत वा त्यो युगमा बाँचिरहेका छैनौं । परमेश्वरका आज्ञा तोड्नेहरुलाई कार्यान्वयन गर्ने अधिकार परमेश्वरका जनहरुमा छन्, तर हामीले उहाँका कुरा सुन्ने र उहाँका आवाज पालन मात्र गर्ने महत्वलाई कम गर्नु हुँदैन् । परमेश्वरका निर्देशनहरुलाई पुनः लेख्न र उहाँले स्थापना गर्नुभएको अधिकारको क्रमलाई परिवर्तत गर्ने अनुमान गर्नु कुनै पनि पुरुष वा महिलाको तर्फबाट गम्भीर अपराधहरु हुन् । निस्सन्देह, कोही पनि ख्रीष्टियानहरु त्यस्तो पापको दोषी हुन चाहँदैनन् ।

## कक्षा छलफलको लागिः

(१) हाम्रो संस्कृति परिवर्तन भएको छ, के ख्रीष्टियानहरुले त्यो अगुवाईलाई पछयाउन र पुरुषहरुले महिलाहरुको अधीनतालाई पुनः जाँच गर्ने?

(२) स्त्रीको शिर को हो? पुरुषको शिर को हो?

(३) धर्मशास्त्रले किन शिरत्वको प्रश्नलाई निरन्तर रुपमा दर्शाउँछ?

(४) ..............................को............................द्धारा धर्मशास्त्रहरु लेखियो, ...................................को विचारद्धारा होइन् ।

(५) यदि एक जना पुरुषले एउटी स्त्रीलाई प्रार्थना गर्न वा मिश्रित स्रोताहरुको माझमा प्रचार गर्न बोलाउँछन् भने, उसले वास्तवमा के गर्न आग्रह गरिरहेको छ?

(६) यस्तो काम गर्नेले.......................लाई.........................भन्दा आफैलाई पहिलो स्थानमा राख्छ ।

(७) यो कस्तो पाप हो?

(८) के महिला र पुरुष दुवै उपस्थित हुँदा "सिकी प्रार्थना" मा भाग लिन अनुमति छ?

(९) एल्डरहरुले परमेश्वरका निर्देशनहरु उलंघन गर्ने व्यवस्थामा कस्तो उदाहरण दिइएको छ?

(१०) "तिमीहरुचाहिँ परमप्रभु आफ्ना.............................................हिँड्नू, उहाँको.....................मान्नू, उहाँका.....................पालन गर्नू, उहाँको ................मान्नू, उहाँको.................गर्नू र उहाँमै लीन भइरहनू ।"

(११) झुटा आत्मिक नेतृत्वलाई परमेश्वरले कत्तिको गम्भीरतासाथ हेर्नुभयो? यस्तो मानिसलाई के गर्न उहाँले आज्ञा दिनुभयो?

(१२) आज हामी मोशाको व्यवस्था अन्तर्गत वा त्यो युगमा बाँचिरहेका छैनौं परमेश्वरका निर्देशनहरुलाई....................................र उहाँले स्थापना गर्नुभएको................................गर्न अनुमान गर्नु कुनै पनि पुरुष वा महिलाको निम्ति.......................................हुन् ।

❖



# पाठ-१०

## के महिलाले आराधनामा आफ्नो शिर ढाक्नुपर्छ?

१ कोरिन्थी ११ अध्यायले मण्डलीको सार्वजनिक भेलामा एउटा महिलाले टोपी वा घुम्टोले आफ्नो टाउको छोप्नु पर्छ भन्नेहरु पनि छन् । महिलाले कक्षामा पढाउँदा, सुपरमार्केटमा भेट्ने साथीसँग धर्मशास्त्रको चर्चा गर्दा, वा भाँडा धुँदै गर्दा, प्रार्थना गरिरहँदा शिर ढाक्नेको बारेमा यी मानिसहरुले केही भनेका छैनन् ।

अरुहरुले अन्य संस्कृतिहरुमा भन्दछन्, कि एउटा महिलाले सधैं घुम्टोले ढाकेको हुनुपर्छ । अनुहार, पूरै शरीरको साथै कपाल पनि ढाकेको हुनुपर्छ भनी कसैकसैले माग गर्दछ । कुनै कृत्रिम आवरणले ढाक्नु आवश्यक छैन भनी अरुहरु भन्छन् । यो १ कोरिन्थी ११:२-१६ मा शिरत्व, चलन, र आवरण ढाक्ने बारेको गलत बुझाइको भ्रमित परिणाम हो ।

यस अध्ययनको सुरुमा, यो औंल्याउनुपर्छ कि १ कोरिन्थी ११ को खण्डले महिलाको पहिरन वा सामान्य रुप सम्बन्धी सन्दर्भ सार्वजनिक आराधना अवधिमा सीमित छ भनेर कतै पनि संकेत गर्दैन ।

पहिलो शताब्दीको समयमा "प्रेरितहरुको हात राखेर" विशेषरुपमा पवित्र आत्मा मानिसहरुलाई छान्नको लागि दिइएको थियो, महिलाहरुलाई पनि प्रतिज्ञामा समावेश गरिएको थियोः "म सबै मानिसहरुमाथि मेरा आत्मा खन्याइदिनेछु, र तिमीहरुका छोराहरु र तिमीहरुका छोरीहरुले अगमवाणी बोल्नेछन्" (प्रेरित २:१७ख) ।

हामी प्रेरित २१:९ मा पढ्न पाउँछौं कि फिलिपका चार कुमारी छोरीहरु थिए जसले अगमवाणी गरे । तैपनि, पावलले भनेझैं पवित्र आत्माको प्रेरणाद्धारा, मण्डलीको मिश्रित सभामा महिलाहरुलाई बोल्न निषेध गरिएको थियोः "स्त्रीहरु मण्डलीको सभामा चूपचाप रहून् । तिनीहरुलाई बोल्ने अनुमति छैन, तर



**<u>छलफलको बिन्दु</u>**

के यो संस्कृतिको हिस्सा हो कि कुनै स्त्रीले आफ्नो शीरमा घुम्टो वा कुनै दुपट्टाले ढाक्नु आदरको चिन्ह वा आफ्नो पतिको अधिनमा रहेको चिन्ह जनाउँछ? के तपाई संस्कृतिलाई मान्नुहुन्छ? के तपाईले धर्मशास्त्रको यो अनुच्छेदलाई पढ्नुभयो, यदि तपाईले पढ्नुभयो भने शीरमा कुनै कपडाले ढाक्नु आवश्यक छ भन्ने कुरालाई के तपाई विश्वास गर्नुहुन्छ?

व्यवस्थाले भनेझैं तिनीहरु अधीनमा रहून्" (१ कोरिन्थी १४:३४) । त्यसकारण, फिलिपका छोरीहरुले केवल महिलाहरु, निजी स्थानहरुमा, घरहरुमा, र व्यक्तिहरुसँगको सभाहरुमा अगमवाणी गरिएको हुनुपर्छ ।

मण्डलीमा महिलाहरुको समग्र भूमिकामा प्रकाश पार्ने यी धर्मशास्त्रहरुको आधारमा, हामी यो निष्कर्षमा पुग्नु पर्छ कि १ कोरिन्थी ११ अध्यायको यो खण्डले एउटा महिलाको लुगा र उनको कपाल ढाक्ने सामान्य अवस्थाबारे बोल्दैछ जुन उनी चुपचाप वा सुन्दै प्रार्थना गर्छिन् । निजी र व्यक्तिगत छलफलहरुमा, अन्य महिलाहरुलाई सिकाउँदै उनले पवित्र आत्माको प्रेरणाद्धारा अगमवाणी गर्नेछिन् ।

यस्तो देखिन्छ कि खीष्टियान महिलाहरु बीचको आत्मिक कामदारलाई मूर्तिपूजक महिला कामदारहरुबाट छुट्याउनको लागि राम्रो रेखा कोरिएको थियो । मन्दिरका वेश्याहरुले शिर ढाक्दैनथे र कपाल खौरिन्थे, स्थानीय चलनहरु उलंघन गर्थे र आफ्नो भूमिकाको विज्ञापन गर्थे, तर विशेष गरी उनी आत्मिक काममा सम्लग्न हुँदा खीष्टियान महिलाले सधै ईश्वरभक्त र भद्र पहिरन लगाउने गर्थे- प्रार्थना वा अगमवाणी गर्ने कुरा पुरुष मानिसहरुको मात्र काम हो भनी बाहिरीका मानिसहरुले सोच्थे ।

घुम्टो लगाउने कुरा सामान्य चलन थियो, खीष्टियान महिलाले आफूलाई मूर्तिपूजक महिलाहरुबाट फरक पारिन् र आत्मिक काम गर्दा पनि उनी मण्डलीका पुरुषहरुसँग प्रतिस्पर्धा गर्दैनन्, तर पनि आफ्नो पतिको अधीनमा थिइन् भन्ने कुराको गवाही दिइन् ।

सामान्य सोचको विपरीत, उनी सम्पूर्ण मण्डलीको सभामा सहभागी भइरहँदा यी पदहरुले महिलाको पोशाकको बारेमा बोलेको जस्तो देखिँदैन । वास्तवमा, उनको निजी पहिरन, दैनिक जीवन पनि सभाको पहिरन हुन सक्छ, यी पदहरुले सार्वजनिक सभाहरुसँग व्यवहार गर्दैनन् । पद २-१६ मा "भेला हुँदा", "मण्डलीमा एकसाथ भेला हुँदा" (११:१८), "तिमीहरु एकसाथ भेला भएर" (११:२०), "जम्मै मण्डली भेला भएर" (१४:२३), वा "तिमीहरु एक साथ भेला हुँदा" (१४:२६) भन्ने कुराहरु उल्लेख गरेका छैन् ।

अब, हामी पाठ्यखण्डलाई विचार गरौं:

> १ कोरिन्थी ११:२ "म तिमीहरुको तारीफ गर्दछु,...मैले तिमीहरुलाई दिएका **शिक्षाहरु** कायम राख्तछौं ।"

सुरुवाटमै पावलले कस्तो प्रकारको विषयमा छलफल गर्ने भन्ने बारे परिचय दिन्छ, तिनीहरुले प्रष्टरुपमा सोधेका प्रश्नहरुको वर्गलाई "परम्परा" भनियो- व्यवस्था होइन् ।

> १ कोरिन्थी ११:३ "तर तिमीहरुले यो बुझ भन्ने म चाहन्छु कि हरेक मानिसको शिर ख्रीष्ट हुनुहुन्छ, स्त्रीको शिर तिनको पति हो अनि ख्रीष्टको शिर परमेश्वर हुनुहुन्छ ।"

"परम्परा" को विपरित उनले "तर" भन्नुभयो, र त्यसपछि विचार गर्नको निम्ति अधिकार शब्दको प्राथमिक वा अन्तर्निहित व्यवस्थाको परिभाषित गऱ्यो: आवरणको चर्चा केवल माध्यमिक हो, परम्परा भन्नाले संरचना गरिएको अधिकार बारे परमेश्वरको व्यवस्थाको अधीनमा रहने कुरालाई व्यक्त गर्दछ ।

यो खण्डले अरु जे सिकाएता पनि परमेश्वरले स्थापना गर्नुभएको अधिकार क्रमको वास्तविकतालाई हामीले कहिल्यै बिर्सनुहुँदैन । हामी वास्तवमा कुन प्रकारको आवरण वा अधिकारको कुन प्रतीक थियो भन्ने प्रश्नमा बहस गर्न सक्छौ, र हामी इमानदारीपूर्वक निष्कपट भई गलत निष्कर्षमा पुग्न सक्छौं, जसको लागि परमेश्वरले हामीलाई निश्चित रुपमा क्षमा गर्नुहुनेछ । तर हामीले स्पष्ट शिक्षालाई त्याग्न सक्दैनौं कि हरेक पुरुषको शिर ख्रीष्ट हुनुहुन्छ, महिलाको शिर पुरुष हो, र ख्रीष्टको शिर परमेश्वर हुनुहुन्छ । यो सत्यतालाई बेवास्ता वा अवहेलना गर्दा परमेश्वरको प्रणालीको केन्द्रलाई प्रहार गर्दछ ।

> १ कोरिन्थी ११:४-६ "प्रार्थना गर्दा वा अगमवाणी बोल्दा आफ्नो शिर ढाक्ने मानिसले आफ्नो शिरको अपमान गर्दछ । तर शिर खुला राखेर प्रार्थना गर्ने, अथवा अगमवाणी बोल्ने स्त्रीले आफ्नो शिरको अपमान गर्दछे, किनकि यो उसले आफ्नो केश खौरेको जस्तो हो । किनकि कुनै स्त्रीले शिर ढाक्दिन भने बरु उसले केश काटोस् । तर केश काट्नु कि खौरनु स्त्रीको निम्ति शर्मको कुरो हो भनेता उसले शिरमा घुम्टो हालोस् ।"

परमेश्वरको अधिकारको आज्ञा (परमेश्वर, ख्रीष्ट, पुरुष, स्त्री) लाई स्पष्ट रुपमा शब्द दिएर, पावलले प्रार्थना वा भविष्यवाणी गर्दा शिर ढाक्ने वा नढाक्नाले शिरको सम्मान वा अनादर गरेको कुरा औंल्याए । यदि मानिसले आफ्नो शिर ढाकेर प्रार्थना गऱ्यो भने, उसले आफ्नो शिरको अनादर गऱ्यो (आफ्नो शिर वा ख्रीष्ट-

मानिस माथिको अधिकार- यो स्पष्ट छैन; खीष्टियान पुरुष मानिसले यस्तो अपमान ल्याउन चाँदैनन् भन्ने महसुस गर्नुपर्छ) ।

अर्कोतर्फ, बिनाशिर ढाकी प्रार्थना गर्ने एउटी स्त्रीले आफ्नो शिरको अपमान गरिन् । पुनः चाहे उसले आफ्नै शिरको अपमान गरिरहेका होस्, वा आफ्नो पतिको, खीष्टियान महिलाले कसैलाई पनि शर्ममा पारेर दोषी हुन चाहँदैनन् ।

यस बिन्दुमा हामी पढाइलाई जारी राख्दै, पावलले कोरिन्थका खीष्टियानहरुसँग छलफल गरिरहेको अवस्थामा एउटा शर्त समावेश छः "यदि स्त्रीको लागि केश काट्नु कि खौरनु शर्मको कुरा हो ।" संस्कृति- प्रथा- जबसम्म परमेश्वरको विनम्रताको नियमहरु उलंघन हुँदैन, केही हदसम्म लज्जास्पद वा आवरणमा स्वीकार मानिने कुराहरु आज्ञा गर्दछ ।



**छलफलको बिन्दु**

यस पदमा, पावलले प्रेरणाद्धारा शिर ढाक्ने सम्वन्धी शर्तहरु, जसमा "यदि यो लाजमर्दो छ" भन्ने अवस्थाको आधारमा बनाए । यदि कुनै देशको बर्तमान संस्कृतिले कपालको लम्बाइको लेबल, वा घुम्टो हाल्ने कुराको अनुपस्थितिलाई लजास्पद ठान्दैनन् भने के शर्तहरु लागू हुन्छन्?

जब आदम र हव्वाले सुरुमा पाप गरेर तिनीहरु नग्न थिए भन्ने तथ्यलाई बुझे, तब धर्मशास्त्रले भन्छ कि परमेश्वरले हव्वामाथि आदमको शिरत्वलाई घोषणा गर्नुभयो, र उहाँले तिनीहरुको नग्नता ढाक्नको लागि छालाको लुगा बनाउनुभयो (उत्पति ३:१६,२१) ।

यो घटनाबाट हामीले दुईवटा महत्वपूर्ण कुराहरु सिक्न सक्छौंः (१) घरमा अधिकारको व्यवस्था (पुरुष प्रमुखको रुपमा र महिला उसको अधीनमा रहेको) कानुन हो, परम्परा होइन्, सुरुदेखि नै बनाइयो । (२) परमेश्वरले हाम्रो शरीरलाई लुगाले छोप्ने व्यवस्था गर्नुभयो ताकि हाम्रो नग्नता लुकाउन सकियोस् । हव्वाको शिर ढाक्ने बारेमा केही भनेको थिएन् । यसले यो भन्न खोज्दैछ कि सुरुदेखि नै परमेश्वरको व्यवस्थाको रुपमा घुम्टो लगाउने कुरालाई नियमको रुपमा उल्लेख गरिएको थिएन् ।

यस अध्ययनसँग सम्वन्धित, तैपनि कपाल वा घुम्टो र अन्य प्रकारका ढाक्नेहरु कसरी ऐतिहासिक रुपमा सम्भवतः सबै संस्कृतिहरुमा साथै धर्मशास्त्रमा, कसैको धार्मिक विश्वासहरु पनि प्रयोग गरिएको छः

- पुरानो करार र नयाँ नियमको यहूदी पृष्ठभूमिमा, शिर "नढाक्नु" भनेको

यसलाई खौरनु हो । लेवी १०:१ मा, जब नादाब र अबिहूलाई तिनीहरुको पापको लागि मारिएको थियो, परमेश्वरले हारुनलाई शोकमा आफ्नो शिर "ढाक्न" निषेध गर्नुभयो, जस्तो त्यहाँको चलन थियो । अयूब १:२० मा अभिलेखले गरेको छ कि जब अयूबले आफ्ना छोराछोरीहरु हिंस्रक आँधीमा मारिएको खबर पाए, तब तिनले आफ्नो लुगा च्याते र आफ्नो टाउको खौराए ।

- मोशाको व्यवस्था अन्तर्गत पूजाहारीहरुले "महिमा र सौन्दर्यको लागि" फेटा वा टोपी लगाउँथे (प्रस्थान २८:४०; ३९:२८) । प्रधान पूजाहारीले आफ्नो पगडीको अतिरिक्त, "पवित्र मुकुट" (प्रस्थान २९:६) लगाउँथे । यहूदी पुरुषहरुले अझै पनि आराधनामा आफ्नो शिरमा केही चिजले ढाकेको हुन्छन् ।
- अर्को पट्टि कुष्ठरोगीले आफ्नो जुँगा छोप्दा आफ्नो टाउको खाली छोड्नु पर्‍थ्यो (लेवी १३:४५) ।
- गन्ती ६ अध्याय अनुसार नाजरी भाकल गर्ने व्यक्तिको भाकल रहेसम्म आफ्नो कपाल काट्नु हुदैन् । शिमशोन नाजरी थिए ।
- जब रिबेकाले इसहाकलाई तिनीहरुको विवाह अघि उनलाई भेट्न मैदानमा आउँदै गरेको देखे, उत्पति २४:६५ ले भन्छ, "तब रिबेकाले घुम्टो हालेर आफ्नो अनुहार छोपिन् ।" स्पष्ट रुपमा स्थानीय प्रथाले निर्धारित गरे अनुसार अविवाहित स्त्रीहरुले सुहाउँदो घुम्टोले ढाक्ने गर्‍थ्यो ।
- तैपनि, उत्पति ३८:१४ मा हामी पढ्छौं कि जब तामारले यहूदालाई बहकाउन चाहन्थिन्, "विधवाको लुगा फुकाली घुम्टो हालेर भेष परिवर्तन गरी ।" स्पष्टरुपमा त्यहाँ घुम्टो सम्लग्न थिएन् । त्यो संस्कृतिमा घुम्टो वेश्यावृत्तिको प्रतीक बनेको देखिन्थ्यो ।
- सारा र रिबेकालाई मिश्रका राजा र पलिश्तीहरुका राजाको घरमा जबरजस्ती लगिएको कुरा हामी पढ्छौं, "किनभने उनी हेर्नमा सुन्दर छिन्" (उत्पति १२:१४; २६:७) । स्पष्ट रुपमा, संस्कृतिले त्यस दिन र स्थानका महिलाहरुलाई उनीहरुको सुन्दरता कसैले देख्न नसकोस् भनेर घुम्टोले ढाक्नुपर्ने आवश्यकता थिएन् ।
- पहिलो शताब्दीमा कोरिन्थी शहरको धेरै मूर्तिपूजक संस्कृतिमा, महिला पूजाहारीहरु र धार्मिक वेश्याहरु, एफ्रोडाइट देवीको काममा हुन्थ्यो: प्राय आफ्नो कपाल काट्ने वा कपाल खौरने गर्थे, यो तिनीहरुको पेशाको प्रतीक थियो । एउटा ख्रीष्टियान महिलाको लागि यस्तो "ढंगले" आफैलाई नढाक्नु "लज्जाजनक" थियो किनभने उसले आफ्नो पतिसँगको सम्बन्ध र आफ्नो बारेमा अरुसँग त्यस्तो निष्कर्षमा पुर्‍याउँछ ।
- कोरिन्थमा धेरै मानिसहरु, ग्रीक, रोमी, यहूदी र ख्रीष्टियान सहितको मिश्रण संस्कृति थियो । यस्तो परिस्थितिमा, घुम्टो लगाउनु, कपालको पहिरनले पहिचान गर्ने कारकको रुपमा काम गर्नेछ ।
- समानान्तरुपमा, समाजको विद्रोही तत्वका केही महिलाहरुले "पङक" कपाल

लगाउने साहस गर्दछ र कोही ख्रीष्टियान महिलाले त्यस्तो तरीकाले कपालको पहिरन गर्नु लाजमर्दो कुरा हो । "हिप्पीहरु" को कपालको शैलीलाई अधिकारप्रति विद्रोह र स्थापित प्राणीको अस्वीकृतिको दृश्य बयान गर्न प्रयोग गरिएको थियो ।

यो साँचो हो कि पुरानो र नयाँ नियमको बीचमा एउटा प्रमुख विभाजन रेखा छ, र एउटा करार अन्तर्गतका नियमहरुले अर्को नियममा कुनै असर गर्दैन् । त्यसकारण, हामीले पुरानो नियममा पुरुषहरुका लागि लामो कपाल, पगडी र महिलाहरुका लागि घुम्टो वा तिनीहरुको अनुपस्थितिको बारेमा पढेकोले, हामी यी कारकहरुले नयाँ नियमका ख्रीष्टियानहरुलाई निर्देशनहरुमा कुनै असर गर्छ भन्ने निष्कर्षमा पुग्न सक्दैनौं ।

हामी यो निष्कर्षमा पुग्न सक्छौं कि पूजाहारीहरु, कुष्ठरोगीहरु र नाजरीहरुका लागि आवरणको अपवाद बाहेक, यी धेरैजसो उदाहरणहरु संस्कृति प्रथाको श्रेणीमा आउँछन् । अधिकांश अवस्थामा परमेश्वरले कपालको बारेमा नियम कानून बनाउनुभएन् ।

१ कोरिन्थी ११:७ "पुरुषले आफ्नो शिर ढाक्नुहुँदैन, किनभने ऊ परमेश्वरको प्रतिरुप र गौरव हो, तर स्त्रीचाहिँ पुरुषको गौरव हो ।"

प्रचलित संस्कृतिलाई विचार गर्दै कोरिन्थका ख्रीष्टियानहरुलाई, पावलले यी निर्देशनहरु लेख्दछ :-

त्यस युग र संसारको त्यो भागको प्रचलित चलन अन्तर्गत, अन्यजाति पुरुषहरुले स्पष्ट रुपमा आफ्नो शिर र शिरमा कुनै लुगाले वा लामो कपालले छोप्दैनथ्यो, यद्यपि विश्वासयोग्य यहूदीहरुले त्यसो गर्थ्यो; अर्कोतर्फ, विनम्र र सम्मानित महिलाहरुले स्पष्ट रुपमा त्यसो गर्थे । सम्भवतः कोरिन्थीको मण्डली मुख्यतया समाजको अन्यजाति क्षेत्रबाट परिर्वतन भएकाहरुबाट मिलेर बनेको थियो, ताकि तिनीहरुको प्रचलित चलन अनुसार पुरुषहरुको कपालबारे केही कुरा उल्लेख नगरेको र महिलाहरुको लागि घुम्टो लगाउने थियो ।

१ कोरिन्थी ११:८-१० "किनकि स्त्रीबाट पुरुष बनिएको होइन्, तर स्त्रीचाहिँ पुरुषबाट बनिएकी हो । स्त्रीको निम्ति पुरुष सृष्टि भएको होइन, तर स्त्री पुरुषको निम्ति हो । यसैकारण र स्वर्गदूतहरुका खातिर पनि स्त्रीले आफ्नो शिर घुम्टोले ढाकेको हुनुपर्छ ।"

छलफल सुरुवाटमा फर्केर जान्छ, सृष्टिको क्रमको अधिकारद्धारा महिलामाथि पुरुषको शिरत्वमा जान्छ । यी तथ्यहरु स्पष्ट छन्, तर एउटा प्रश्न उठ्छ :-

- यसको अर्थ के हो, "...स्वर्गदूतहरुको कारणले...?" यो प्रश्नमा धेरै

अध्ययन र छलफल भएको छ । यसको के मतलब थियो भनी कसैले पनि निश्चित रुपमा भन्न सक्दैन, तर सम्भवत छलफलको निम्ति एउटा मुख्य भागमा मिल्छः यो पतित स्वर्गदूत थियो- शैतान- जो हव्वा कहाँ आएको थियो र उनलाई परमेश्वरमा अनाज्ञाकारितातर्फ डोऱ्यायो । फलस्वरुप, हव्वाको लागि ढाल र सुरक्षाको रुपमा, परमेश्वरले उनलाई आफ्नो पतिको अधिकारमा राख्नुभयो । पत्नी र संसारको बीचमा पति हरेक तवरले खडा हुनुपऱ्यो ।

शैतान र उसका दुष्ट स्वर्गदूतहरु अझै पनि संसारमा भएकोले मानिसलाई प्रलोभनमा पारिरहेका छन्, महिला जो आफ्नो शिर- उनको पतिको अधिकारमा बस्छिन्- आफै र शैतान बीचको ढाल हुन्छ । चाहे उसले आफ्नो सुरक्षाको सूचकको रुपमा घुम्टो लगाएको होस् वा अन्य कुनै प्रतीक, वा चाहे उसको ढाल केवल उसको आज्ञाकारी हृदय होस्, ऊ अधिकारको अधीनमा हुनुपर्दछ ।

पुरुष र महिला बीचको सम्वन्धको बहसले एकअर्काको अन्तरनिर्भरतालाई परिभाषित गर्दछः यद्यपि मूल रुपमा स्त्री पुरुषबाट बनेको थियो, परमेश्वरले प्रजनन प्रणालीलाई नियुक्त गर्नु भयो, पुरुषहरुका पछिल्ला पुस्ताहरु स्त्री मार्फत संसारमा ल्याएका छन् । निष्कर्ष यो हो कि त्यहाँ एउटा अन्तरनिर्भरता छ, कि पुरुष र महिला दुवै महत्वपूर्ण छन् । तर सबै चीजहरु अन्ततः परमेश्वरबाट हुन् ।

१ कोरिन्थी ११:११,१२- "तरै पनि प्रभुमा पुरुषबाट स्त्री स्वतन्त्र हुँदिन, नता स्त्रीबाट पुरुष नै । किनकि जसरी पुरुषबाट स्त्री बनिई, त्यसरी नै पुरुष स्त्रीबाट जन्मन्छ । तर सब थोक परमेश्वरबाट नै आँउदछन् ।

१ कोरिन्थी ११:१३-१५- "तिमीहरु आफै विचार गर, शिर नढाकी परमेश्वरलाई प्रार्थना गर्नु स्त्रीलाई सुहाउँछ र? पुरुषले लामो केश पाल्यो भने त्यो त्यसको निम्ति शर्मको कुरो हो भनी के प्रकृतिले पनि तिमीहरुलाई सिकाउँदैन र? तर यदि स्त्रीको लामो केश छ भनेता त्यो उसको निम्ति गौरव हो । किनकि स्त्रीको केश उसलाई ढाक्नलाई दिइएको हो ।"

यो विषयमा कोरिन्थीहरु आफैले आफैलाई न्याय गर्न चुनौती दिन्छ, "के स्त्रीले शिर नढाकिन प्रार्थना गर्नु उचित हो?" भनी प्रश्न सोधेको छ । त्यसपछि, घुम्टो वा अन्य कृत्रिम कपालको चर्चाबाट बदलेर जवाफ दिइन्छ कि महिलाको लामो कपाल उनको महिमा हो, र यो उसलाई ढाक्नको लागि दिइन्छ । कसैले सुझाव दिन्छ कि कपाल आफै, र महिलाको कपालको लम्बाइ पुरुषको कपालको विपरित छ, जुन "शिर ढाक्न" लाई दिएको छ, यहि कुरा सम्पूर्ण खण्डमा छलफल भइरहेको छ ।

पक्कै पनि यस्तो देखिन्छ कि अघिल्लो पदहरुले अतिरिक्त आवरणको बारेमा छलफल गरेको देखिन्छ, जस्तै कि आदरणीय महिलाहरुले लगाउने परम्परागत रुपमा व्यक्त थियो । यद्यपि यो पदले सुझाव दिन्छ कि लामो कपाल पनि स्त्रीको लागि स्वीकार्य आवरण हो, जुन संसारका सबै ठाउँका सबै महिलाहरुमा छ । यो प्राकृतिक आवरणको प्रथामा परिवर्तनको प्रभुत्व छैन् ।

बहस बिना, यो सामान्यतया सत्य भएको हो कि पुरुषहरुले महिलाहरुभन्दा पहिचानयोग्य रुपमा छोटो कपाल पालेको हुन्छ, एउटा तथ्य जसको प्रकृतिमा यसको आधार हुनुपर्छ, जसरी यो पदले सुझाव दिन्छ । यसको मतलब यो होइन कि पुरुषको कुनै कपालै हुनुहुँदैन्, वा महिलाको कपालमा कहिल्यै कैंची प्रयोग गर्न सकिँदैन् । "लम्बाइ" लाई सेन्टिमिटर वा इन्चमा परिभाषित गरिएको छैन् । बरु, यो हाम्रो शरीरको एउटा परिवर्तनीय अंग भएकोले, कपालको लम्बाइ पुरुष र महिला बीचको शारीरिक भिन्नता कायम राख्नको लागि प्रयोग गरिन्छ ।

सायद दुई फरक बाइबलीय विषयहरुमा "जोडाहरु" को बीचमा समानान्तर बनाएर एउटा दृष्टान्त कोर्न सकिन्छ :-

- कपालको प्राकृतिक आवरण र कृत्रिम आवरण बीचमा; आराधनामा कण्ठ स्वरसितको तुलनामा वाद्ययन्त्रहरुको प्रयोग ।

अन्य सबै विचारहरु बाहेक, स्थान, समय वा परिस्थितिको वास्ता नगरी, व्यक्तिको स्वर संगीतको प्रयोगले उसलाई आराधनामा गाउन सक्षम बनाउँछ, यदि  बाद्ययन्त्रको चाहना गर्ने हो भने जुन जहिले पनि सम्भव हुँदैन् ।



**छलफलको बिन्दु**

खण्डको शब्दाबलीहरुलाई ध्यान दिनुहोस्: "तिमीहरु आफै विचार गर"...."उचित"..."गर्नुपर्छ"..."यदि"..."चलन".....यस्ता शब्दहरुले नियमलाई भन्दा पनि निर्णयको लागि अपिल गरिएको संकेट र्दछ । कृतिम बस्तुहरुले शीर ढाक्नुपर्छ भनी यो अनुच्छेदले बताउँछ भनेर जिद्दी गर्नेहरुको निम्ति, यसलाई बुझ्न त्यहाँ कुनै अरु धर्मशास्त्रसँग सम्बन्धित पदहरु छन? जब पदहरुलाई एकैसाथ राखिएको छ भने स्पष्ट बुझाइलाई स्थापना गर्न परमेश्वरले त्यस विषयमा एक भन्दा बढी स्थानमाहरुमा सिकाइरहनु भएको हुन्छ ।

स्त्रीहरुसँग त्यही लाभ छ भनी जानेर स्त्रीहरुले ढाकेको कपालबाट उनलाई पुरुषदेखि पृथक बनाउँछ, र कृत्रिम आवरणको उपलब्धतालाई ध्यान नदिएर यस अर्थमा उनको अधीनतालाई संकेत गर्दछ ।

अन्य दुई बुँदाहरु सान्दर्भिक छन्:

- मण्डलीमा महिलाहरुका कपाललाई प्रयोग गर्ने बारेमा आदेश दिने कुनै खण्ड नभए पनि- एउटा आश्चर्यजनक मौनता, यदि पावलले संस्कृतिको सिद्धान्तको सट्टा सार्वभौमिक कानूनको बहस गर्दैछन्- स्थानीय संस्कृतिमा दैनिक जीवनलाई अनुकूलन गर्ने (जब यो परमेश्वरको व्यवस्थासँग बाझिएको छैन) गरिन्छ: मूर्तिहरुलाई चढाइएको मासु खाने सम्बन्धमा (१ कोरिन्थी ८ र १०); ख्रीष्टमा स्वतन्त्रता (गलाती ५:१३-१५); विवाह गर्ने वा अविवाहित रहने स्वतन्त्रता (१ कोरिन्थी ७); यहूदी चलनहरुको पालना गर्ने या नगर्ने (प्रेरित १६:३; गलाती २:३-५; प्रेरित २१:१८-२६) ।
- आफूलाई ध्यानाकर्षण गर्ने कुरामा ख्रीष्टियानहरुलाई आफ्नो धर्मको अभ्यास गर्न निषेध गरिएको छ । येशूले मत्ती २३:५ मा आफ्ना निधार र नाडीमा व्यवस्था-पत्री बनाउने र मत्ती ५ अध्यायमा मानिसले देखिने गरी गरेको प्रार्थना र उपवासबारे चेतावनी दिनुभयो ।

१ कोरिन्थी ११:१३-१५ को अर्थ यो हो: पुरुषहरुले स्त्रीको रुप धारण गरेर उहाँको अपमान गरेको परमेश्वर चाहनुहुन्न; न त एउटा ख्रीष्टियान स्त्रीले शिर नढाकेर आफ्नो पतिको अपमान गरेको उहाँ चाहनुहुन्छ, आफ्नो कपाल खौरने वा काटनेले, ती दिनमा मन्दिरको वेश्यालाई संकेत गरे जस्तै हुन जान्छ, वा उसको रुप एउटा पुरुषको जस्तो भ्रममा परेको हुन जान्छ ।

पुरुष-महिला उपस्थितिको यो विशेष प्रश्न "संस्कृति" को बदलिँदो लहरको परिणाम होइन् । पुरुष र महिलाको भूमिकाबारे यो परमेश्वरको नियमको अधिकारमा आधारित हुन्छ जुन आदम र हव्वाको समयसम्म पहिचान गरेर हेर्न सक्छौं ।

कृत्रिम वस्तुले घुम्टो ढाक्ने विषयको प्रश्नमा थप्दै कपालको प्राकृतिक आवरणको कुरा स्थानीय संस्कृतिको कुरा हो र समय अनुसार परिवर्तन हुन सक्छ ।

- आज, यदि कुनै संस्कृतिमा यस्तो घुम्टो नलगाउने स्त्रीलाई अनैतिक मानिने वा आफ्नो पतिको अनादर ठानिन्छन् भने यसलाई अपहेलना गर्नु भन्दा स्थानीय संस्कृतिलाई सम्मान गर्नु बुद्धिमान हुनेछ । आफ्नो पतिको अधिनमा देखाउने कुनै विशेष संस्कृतिको केही "संकेत" प्रयोग गरेको छ भने उपयुक्त तरिकाले ती संस्कृतिहरु पछ्याउनु पर्छ, ताकि "उनले विरोधीलाई बदनाम गर्ने मौका नदिऊन्" (१ तिमोथी ५:१४) ।
- अर्कोतर्फ, घुम्टो वा टोपीको विशेष संस्कृतिमा कुनै सान्दर्भिक छैन भने, त्यो

> १ कोरिन्थी ११:१६ "तर कसैले यस विषयमा वाद-विवाद उठाउन चाहन्छ भने, हामीचाहिँ अरु कुनै प्रथालाई मान्यता दिँदैनौ, नता परमेश्वरका मण्डलीहरुले दिन्छन् ।"

लगाउनुको अर्थहीन हुनेछ, र खीष्टियानहरुको तमाशा पनि बनाउँछ । यो हामी आफैमा खिच्ने किसिमको अनावश्यक ध्यान होइन् (मत्ती ६:५,१६) ।

के पावलले यसो भनेका छन्, "हामी-संसार भरका खीष्टका मण्डलीहरु-शिर ढाक्ने संस्कृतिलाई त्याग्ने? वा के उनले यसो भन्दछ, "हामी-संसारभरका खीष्टका मण्डलीहरुमा-शिर ढाक्ने संस्कृतिको अभ्यास गर्ने? वा के पावलले यो विवादको योग्य बिन्दु होइन् भनेर भनिरहेका छन्? के उनले पुरै प्रश्नलाई एउटै "संस्कृति" को रुपमा वर्गीकरण गर्दैछन्?

अन्त्यमा, हामी सबै बुँदाहरुलाई फेरि हेरौं:-

(१) परमेश्वरले स्थापना गर्नुभए अनुसार सिङ्गो खण्डहरुलाई अधिकारको क्रमसँग व्यवहार गरिरहेको छ । खीष्टको शिर परमेश्वर हुनुहुन्छ; मानिसको शिर खीष्ट हुनुहुन्छ; स्त्रीको शिर पुरुष हो । स्त्रीको लागि पुरुष सृष्टि गरिएको होइन, तर पुरुषको निम्ति स्त्री सृष्टि गरिएको हो । मानिस परमेश्वरको प्रतिमा र महिमा हो; स्त्री पुरुषको महिमा हो, पुरुषको अंशबाट बनेको हो ।

(२) दोस्रो मुख्य कुरा के हो भने पुरुष र महिलाको उपस्थितिमा स्पष्ट भिन्नता हुनुपर्छ: प्रकृति आफैले सिकाउँछ कि यदि पुरुषको कपाल लामो छ भने त्यो उसको लागि अपमानको कुरा हो, तर यदि स्त्रीको लामो कपाल छ भने त्यो उसको लागि महिमाको कुरा हो ।

(३) स्त्रीको केश ढाक्नको लागि दिइएको हो ।

(४) केश ढाक्ने परमेश्वरबाट हुनुपर्छ । घुम्टोले थप ढाक्ने स्थानीय र विभिन्न चलनहरुको पालन गर्ने कुरामा आधारित हुनेछ, धर्मशास्त्रमा होइन् ।

(५) सबै खीष्टियान महिलाहरुले हरेक संस्कृतिमा पूरै शिर ढाक्नुपर्छ भन्ने कुरामा जोड दिदाँ अन्य धर्मशास्त्रका सिद्धान्तहरु उलंघन हुनेछ, जहाँ खीष्टियानहरुलाई आफूप्रति अनावश्यक ध्यान नदिने गरी व्यवहार गर्न निषेध गरिएको छ ।

## कक्षा छलफलको लागि:

(१) १ कोरिन्थी ११ अध्यायको सुरुको खण्डमा, पवित्र आत्माले फेरि अधिकारको क्रम स्थापित गर्नुहुन्छ । यो के हो?

(२) धर्मशास्त्रले जे सिकाएता पनि.................................स्थापना गर्नुभएको ......................को यर्थाथलाई हामीले कहिल्यै पनि हल्का लिनुहुँदैन् ।

(३) स्त्रीले आफ्नो कपाल काट्छिन् वा बुर्का लगाउँदिन् भने के तपाईको समुदायमा लाजमर्दो मानिन्छ?

(४) विश्वास, नैतिकता, धार्मिक विश्वास, इत्यादिलाई संकेत गर्न विगतमा कपाल र आवरणका विभिन्न तरिकाहरु प्रयोग गरिएका केही उदाहरणहरु दिनुहोस् ।

(५) किनभने मूर्तिपूजक धर्महरुमा स्त्री पूजाहारीहरुले सामान्यतया आफ्नो कपाल

काट्ने वा आफ्नो केश खौरने गऱ्यो । यदि कुनै ख्रीष्टियान स्त्रीले त्यसो तरीकाले शिर..................................भने यो.....................कुरा हो ।

(६) तपाईहरु आफै न्याय गर्नुहोस्, के कुनै स्त्रीले...............नढाकी परमेश्वरमा ........................गर्न उपयुक्त हो?

(७) धर्मशास्त्रको धेरैजसो अवस्थामा, परमेश्वरले............................सम्बन्धमा कानून बनाउनुभएन् ।

(८) शिर ढाक्ने र कपालको लम्बाइको सन्दर्भमा पुरुष र महिलाहरुका लागि कोरिन्थमा के प्रचलित चलन थियो?

(९) "स्वर्गदूतहरुका खातिर" बारे सम्भावित अर्थ छलफल गर्नुहोस् ।

(१०) प्रकृतिले नै सिकाउँछ भनेर पावलले के भन्दैछन्?

(११) १ कोरिन्थी ११:१५ मा महिलाको कपालको बारेमा कुन दुई शब्दहरु प्रयोग गरिएको थियो?

(१२) तपाई दुई "समानान्तरहरु" बीचको बिन्दु देख्न सक्नुहुन्छ जुन एउटा उदाहरणको रुपमा प्रयोग गरिन्छ । किन परमेश्वरले केशलाई महिलाको लागि पर्याप्त आवरणको रुपमा गणना गर्न सक्नुहुन्छ?

(१३) के तपाईलाई नयाँ नियमको कुनै अन्य खण्डको बारेमा जानकारी छ जहाँ ख्रीष्टियानले स्त्रीहरुले आफ्नो शिरमा केही लगाउनु पर्छ वा लगाउनु पर्दैन् भन्नेबारे बताउँछ?

(१४) के धर्मशास्त्रमा छलफल गरिएका संस्कृतिका अन्य बुँदाहरु छन् जुन संस्कृतिसँग सम्बन्धित छ, र "कानून" सँग सम्बन्धित छैन? यसलाई सूचीबद्ध रुपमा छलफल गर्नुहोस् ।

(१५) के ख्रीष्टियानहरुले आफ्नो पहिरन र व्यवहारले आफूतिर ध्यान खिच्ने खालको लुगा लगाउनु वा व्यवहार गर्नु गलत हो?

(१६) यदि स्थानीय संस्कृति परमेश्वरको व्यवस्थासँग बाझिएको छैन भने, के यसलाई हामीले पालन गर्नुपर्छ?

(१७) एक जना अमेरिकन ख्रीष्टियान स्त्रीले घुम्टो बिना आराधना गर्छिन, उनी पाकिस्तानको मण्डली जहाँ सबै स्थानीय महिलाहरुले घुम्टो लगाएको ठाउँमा जाँदा कस्तो जस्तो लाग्छ? यदि पाकिस्तानमा सामान्यतया लगाइने बुर्का उनले अमेरिकामा लगाएकी थिइन् भने के उनी त्यस ठाउँबाट बाहिर देखिन्थे?

(१८) के जुनसुकै संस्कृति र देशमा हामी बस्ने कुनै पनि ख्रीष्टियानको लागि उपयुक्त जस्तो व्यवहार गर्न यसले हामीलाई ख्रीष्टमा भएको स्वतन्त्रतालाई अझ राम्ररी बुझ्न मद्दत गर्छ?

(१९) ..........................लाई हाम्रो.....................गर्ने मौका नदिऊन् ।

(२०) सारांशमा पाँच बुँदाहरु समीक्षा र छलफल गर्नुहोस् ।

❖



# पाठ–११

## के महिलाले सावर्जनिक भेलामा "अन्य भाषा" बोल्न सक्छिन्?

आजको संसारमा सबैभन्दा छिटो बढ्दो धार्मिक अभियानहरु मध्ये एउटा "पेन्तिकोस्टल" पनि एउटा हो । यो समुहमा धेरै मण्डलीहरु छन्: परमेश्वरको सभाहरु, परमेश्वरको मण्डली, पेन्तिकोस्टल मण्डली आदि । प्रमुख रेखामा रहेका मण्डलीहरुले पनि पेन्तिकोस्टलका शिक्षाहरु अपनाएका छन्, जस्तै पवित्र आत्माको बप्तिस्मामा विश्वास, आश्चर्य कर्म गर्ने कुराहरु, अन्य भाषाहरुमा बोल्ने, र आश्चर्यपूर्ण तरिकाद्धारा पवित्र आत्माले काम गर्नुहुन्छ भनी अरुले दावी गर्दछ ।

किनभने यी मण्डलीहरुले बाइबलका शब्दहरुलाई जोड दिन्छन्- पवित्र आत्मा, पेन्तिकोस, परमेश्वरको मण्डली आदि । धेरै मानिसहरुले तिनीहरुको इतिहास, सिद्धान्तहरु, र परमेश्वरको वचनको तुलनात्मक प्रदर्शनहरुलाई नजिकबाट नहेरीकनै धर्मशास्त्रीय मण्डलीहरु भएको दाबीलाई स्वीकार गर्छन् ।

- नयाँ नियमलाई अध्ययन गर्दा यो साँचो हो कि हामी पेन्तिकोसको दिन, येशू स्वर्गमा उचालिनु भएको एक हप्ता पछि, पवित्र आत्मा खन्याएर खीष्टको मण्डली सुरु भएको पाउँछौं । त्यसो भए यी समूहहरुको भाषाले यी नामहरु लिन्छ र तिनीहरुलाई पूंजीकृत गर्दछ, परिणाम स्वरुप सत्यको खोजी गर्नेहरु बीच ठूलो भ्रम उत्पन्न हुन्छ ।

समस्या यो छ कि यी मण्डलीहरु साँच्चै पहिलो शताब्दीमा खीष्टद्धारा स्थापित भएका थिएनन् । धेरै प्रचारकहरु र विगतका मिसनरीहरुद्धारा अमेरिकाको अर्कान्सासको हट स्प्रिङमा सन् १९१४ तिर एसेम्बली अफ गड संगठन गरिएको थियो । चर्च अफ गड मूल रुपमा "होलिनेस चर्च" रिचर्ड जी. स्पर्लिङद्धारा मोनरो काउन्टी, टेनेसीमा १९०२ मा सुरु भएको थियो । १९४३ मा टोमलिन्सन भाइहरुले



**छलफलको बिन्दु**

आश्चर्यकर्मको प्रयोग, अन्य भाषाहरु बोल्ने, पहिलो शताब्दीमा चुनिएका ख्रीष्टियानहरुलाई दिएको विशेष वरदानहरुको बारेमा धर्मशास्त्रले के भन्दछन् भनी के तपाईले अध्ययन गर्नुभयो? आजभोलि भनाउँदाका आश्चर्यकर्महरु तिनीहरुमा भएका आर्श्चकर्महरु उस्तै थिए भनी के तपाई विश्वास गर्नुहुन्छ? के टेलिभिजनवादी पेन्तिकोस्टल बैठकहरु आजको सन्दर्भ प्रारम्भिक मण्डलीमा भएको प्रचार वा आराधनासँग कुनै वास्तविक समानता छ?

यसलाई दुई भागमा विभाजित गरे जसले यसको नेतृत्व आफ्नो बुबाबाट बिरासतमा पाएका थिए । दुबै शाखाहरुको मुख्यालय क्लिभल्याण्ड, टेनेसीमा छ । पेन्तिकोस्टल होलिनेस चर्च १८९८ मा एन्डरसन, दक्षिण क्यारोलिनामा संगठित गरिएको थियो । आज, विश्वाव्यापी रुपमा, त्यहाँ सयौं पेन्तिकोस्टल-प्रकारका मण्डलीहरु छन्, केही समुहहरुमा व्यवस्थित छन्, केही स्वतन्त्र रुपमा सञ्चालित छन् । तर यी समुहहरु मध्ये कुनै पनि पहिलो शताब्दीको मितिमा छैनन्, यसको मतलब तिनीहरु येशूले सुरुवाट गर्नुभएको मूल मण्डली हुन सक्दैनन् ।

- मण्डलीको जन्म पेन्तिकोसको दिनमा भएता पनि परमेश्वरले आफ्नो परिवारलाई त्यो नामले उच्चारण गर्न लगाएर यहूदी चाडको दिनलाई महिमा गर्न चाहनुभएन् । एफिसी ३:१४,१५ ले हामीलाई बताउँछ कि हामीले हाम्रा घुँडा टेक्नुपर्छ, "जसद्धारा स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउँ राखिएको छ ।" प्रेरित ४:१२ ले भन्छ कि "हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ (ख्रीष्टको नाम बाहेक) दिइएको छैन ।" हामीले ख्रीष्टसँग विवाह गरेका छौं भनी पावलले रोमी मण्डलीलाई लेख्दछ (रोमी ७:४) र उनी रोमी १६:१६ मा भन्दछ, "ख्रीष्टका मण्डलीहरुले तिमीहरुलाई अभिवादन गर्दछन् ।" एफिसी ५:२३-३२ मा पति र पत्नी लगायत ख्रीष्ट र उहाँको मण्डली बीचको सुन्दर समानान्तर चित्रण गरिएको छ । यी खण्डहरुले स्पष्ट रुपमा देखाउँछन् कि पूर्णरुपमा मण्डली र हरेक ख्रीष्टियानहरुले ख्रीष्ट, दुलहाको नाउँ लगाउनु पर्छ । धर्मशास्त्रमा कतै पनि मण्डलीलाई "पेन्तिकोस्टल" भनेर यहूही चाडको दिनलाई महिमा



**छलफलको बिन्दु**

यदि तपाईले टेलिभिजनवादी पेन्तिकोस्टलहरुको कार्यक्रम हेर्नु हुनुहुन्छ भने सो कार्यक्रम अवधि कतिपल्ट "पवित्र आत्मा", "परमेश्वर" र "येशू" लाई उल्लेख गर्दछ, सो को अभिलेख राख्नुहोस् । यसलाई प्रेरितको पुस्तकमा रेकर्ड गरिएको प्रवचनसँग तुलना गर्नुहोस् ।



**छलफलको बिन्दु**

प्रेरितहरुका कार्यहरु, विभिन्न मण्डलीहरु र व्यक्तिहरुलाई लेखिएका पत्रहरु भएर जानुहोस् र आश्चर्यकर्म प्रदर्शन गरेको प्रत्येक अभिलेख नोट गर्नुहोस् । यी खण्डहरुमा तपाईले एउटै रंगद्वारा चिन्ह लगाउनुहोस् ताकि कहाँ आश्चर्यकर्महरु प्रदर्शन गरिएको थियो भनी तपाई सजिलैसँग पानाहरु पल्टाउन सक्नुहुन्छ, र त्यहाँ कति थोरै घटनाहरु थिए भनेर हेर्न सक्नुहुन्छ ।

गर्न दिइएको छैन् । ती मानिसहरुले यो गर्नमा गम्भीर गल्ती गरेका छन्- तर पनि तिनीहरुले पवित्र आत्माको बप्तिस्मा भएको दाबी गर्छन् । यदि पवित्र आत्माले प्रेरितहरु मार्फत त्यसरी नै काम गर्नु भएको भए, उहाँले तिनीहरुलाई नयाँ नियममा स्पष्ट रुपमा लेख्नुभएको कुराको विरोध गर्दै यो लगायत अन्य गम्भीर त्रुटिहरु गर्न दिनुहुने थिएनन् ।

यी मानिसहरुले पवित्र आत्माको आश्चर्य कर्मलाई पनि जोड दिन्छन्, मानौं उहाँ ईश्वरत्वमा प्राथमिक व्यक्ति हुनुहुन्छ, र त्यसरी नै आश्चर्य कर्म र भौतिक शरीरको चंगाई परमेश्वरको प्राथमिक चिन्तन थियो ।

जब कसैको खुला आँखाले नयाँ नियमलाई ध्यानपूर्वक पढ्छ, उनले नयाँ नियमको लेखनलाई प्रेरित गर्न र नयाँ नियम पूरा हुनुभन्दा अघि नै त्यस दिनमा प्रचार गरिएको वचनलाई पुष्टि गर्न पवित्र आत्मा दिइएको थियो भनी देख्दछ । तर त्यस समयमा पनि उहाँले तिनीहरुलाई “ख्रीष्टको प्रचार गर्नुहोस्” भनी प्रेरित गर्नुभयो, आफैलाई होइन्, र भौतिक शरीरको रोग निको पार्नु भनेको सन्देशवाहकलाई प्रमाणित गर्ने आकस्मिक घटना थियो; प्रचार गर्नुको उद्देश्य कहिल्यै पनि आश्चर्य कर्महरु प्रदर्शन गर्नु थिएन् ।

पेन्तिकोसको दिन पत्रुसले येशूको बारेमा प्रचार गरे (प्रेरित २), फिलिप सामरिया गएर येशू र परमेश्वरको राज्यको बारेमा प्रचार गरे (प्रेरित ८:१२), उनले इथियोपियालीलाई येशूको बारेमा प्रचार गरे (प्रेरित ८:३५), र पावलको रुपान्तरण पश्चात्त उनले तुरुन्तै ख्रीष्टको बारेमा प्रचार गर्न थाले (प्रेरित ९:२०) । कुनै पनि पाठ खण्डमा प्रचारकहरुले पवित्र आत्माको विषयमा प्रचार गरेनन् जसरी आज पेन्तिकोस्टल प्रचारकहरुले प्रचार गदर्छन् ।

सुसमाचारका विवरण पश्चात्त प्रमुख रुपमा प्रेरितको पुस्तकमा मात्र आश्चर्य कर्महरुका हरेक घटनाहरु उल्लेख गरेका छन् । प्रेरितको पुस्तकमा फर्किनु र पाठमा आश्चर्य कर्महरुका प्रत्येक उदाहरणलाई चिन्ह लगाउनु ज्ञानदायी हुनेछ । धेरै पाठकहरु अच्चमित हुनेछन्- आजको मण्डलीमा आश्चर्य कर्मका कार्यहरु र विषयलाई अत्याधिकरुपमा ध्यान दिन्छन्- ती लेखहरुमा कति

थोरै कुराहरुलाई जोड दिन राखिएको थियो, र कति थोरै घटनाहरु उल्लेख गरिएका छन् । केवल १ कोरिन्थी, गलाती, हिब्रू र अरु पत्रहरुमा पनि आश्चर्यकर्महरुको बारेमा उल्लेख गर्दछन् । किन? किनभने नयाँ नियमका पुस्तकहरु लेख्ने कार्य पूरा हुँदै थियो, आश्चर्य कर्मको आवश्यकता कम हुँदै गइरहेको थियो । जब वचन लेख्ने काम भयो र त्यसलाई चिन्हहरुद्धारा पक्का गरियो, जसरी मर्कूस १६:२० मा आश्चर्य कर्मको युगको अन्त्य नजिकिँदै थियो भनी वर्णन गर्दछ ।

१ कोरिन्थी १४ अध्याय पेन्तिकोस्टल मानिसहरुलाई मनपर्ने खण्ड हो, किनभने खण्डको किङ्ग जेम्स अनुवादमा "भाषा" उल्लेख गरिएको छ । तिनीहरुले यी "भाषाहरु" लाई स्वर्गीय भाषाको रुपमा परिभाषित गरेका छन्, जुन केवल परमेश्वरले बुझ्न सक्नुहुन्छ, पवित्र आत्माको चमत्कारी शक्तिद्धारा आज त्यस्ता भाषाहरु बोल्छन् भनी तिनीहरु दाबी गर्छन् । के यो साँचो हो? सम्पूर्ण खण्डलाई नजिकबाट जाँच गर्दा तिनीहरुका सिद्धान्त र अभ्यासहरु स्पष्ट शिक्षाहरुका विरोधाभासपूर्ण छन् भनी देखाउनेछ ।

(१) पद ४० बाट सुरु गरेर पछाडिबाट हेर्ने हो भने, प्रेरित पावललाई "सबै काम शिष्टतापूर्वक र सुव्यवस्थित ढङ्गले हुनुपर्छ" भनी पवित्र आत्माले प्रेरित गर्नु भएको देख्छौं । पेन्तिकोस्टल सभाहरुमा ताली बजाउने, अव्यवस्थिता र विभिन्न व्यक्तिहरु बारम्बार उफ्रेको जुन पवित्र आत्माले अचानक केही बयान गर्न वा भाषाहरु बोल्न परिचालित गर्नुहुन्छ । पवित्र आत्माले आज मानिसहरुलाई १ कोरिन्थी १४:४० मा लेख्नुभएको कुराको प्रत्यक्ष उलंघनमा गर्न लगाउनुहुन्न् ।

(२) अन्य भाषाहरु बोल्ने र भविष्यवाणी गर्ने सन्दर्भ पदहरुको बीचमा, पवित्र आत्माको प्रेरणाद्धारा आज्ञा दिइएको छ, "स्त्रीहरु मण्डलीको सभामा चूपचाप रहुन् । तिनीहरुलाई बोल्ने अनुमति छैन, तर व्यवस्थाले भने झैं तिनीहरु अधीनमा रहून् । केही कुराको बारेमा तिनीहरु सोध्न चाहन्छन्



**छलफलको बिन्दु**

परमेश्वरले तिनीहरुलाई पहिले नै जे भन्नुभएको थियो केही आज्ञाहरुलाई मानिसहरुले उलंघन गरेकोले त्यसलाई समर्थन गर्न झुटा अगमवक्ताले चिन्ह वा आश्चर्यकर्म गर्न सक्छन् भनी परमेश्वरले व्यवस्था १३:१-५ मा भन्नुभयो । यदि त्यस्तो घटना भयो भने मानिसहरुले त्यस्तो अगमवक्तालाई पछ्याउन निषेध गरिएको थियो, र त्यस्तालाई मृत्युदण्ड दिनुपर्छ भनी आज्ञा गरिएको थियो । नयाँ नियममा लेखिएको कुरालाई उलंघन गरी जब प्रचारकहरुले अन्य भाषा बोल्ने र आश्चर्यकर्म गर्न सक्छु भनी दाबी गर्दछन् भने कसरी हामीले तिनीहरुको सन्देश र तिनीहरुसित सामना गर्नुपर्छ?

भने घरमा आ-आफ्ना पतिलाई सोधून् । किनभने मण्डलीमा स्त्रीहरुले बोल्नु शर्मको कुरो हो" (१ कोरिन्थी १४:३४,३५) ।

- पेन्तिकोस्टल समुहहरु तिनीहरुका धेरै महिला प्रचारहरुको लागि परिचित छन्, र यस तथ्य अनुसार तिनीहरुको सभामा पुरुषहरु भन्दा महिलाहरु धेरै "अन्य भाषाहरुमा बोल्ने" गर्दछन् । पवित्र आत्माको अवरोधमा पनि तिनीहरुले शक्तिसाथ बोलेको कुरामा दाबी गर्छन्, र तिनीहरुको व्यवहारमा कुनै नियन्त्रण छैन् जस्तो देखिन्छ । यद्यपि पद ३२ ले स्पष्ट रुपमा बताउँछ कि पवित्र आत्माले व्यक्तिको आफ्नै इच्छाको विपरीत, कुनै मानिसलाई बोल्न लगाउनुहुन्न् । त्यसो भए यी मानिसहरुले बोल्छन्, किनभने तिनीहरुले बोल्ने कुरालाई रोजेका छन्, र तिनीहरुले जे बोल्छन् र गर्छन् त्यो पवित्र आत्माद्धारा लेखिएका यी स्पष्ट शब्दहरुको प्रत्यक्ष उलंघन हो । यो तथ्यबाट हामी जान्न सक्छौ कि पवित्र आत्माले तिनीहरुलाई बोल्न उत्प्रेरित गर्नुहुन्न् ।

(३) परमेश्वर गोलमालको परमेश्वर हुनुहुन्न् भनी पद ३३ ले भन्दछ । पद २९-३२ ले सिकाउँछ कि अगमवाणी गर्ने (प्रचार गर्ने वा सिकाउने) ले पालैपालो लिनुपर्छ, ताकि कुनै भ्रम नपरोस् । विभिन्न व्यक्तिहरु उफ्रने, आत्माको प्रकाश भएको दाबी गर्ने, अरुले बोलेको भाषामा बाधा पुऱ्याउने विचार, पेन्तिकोस्टल चर्चमा सामान्य छ, जुन पवित्र आत्मा आफैद्धारा अभिप्रेरित गर्नुभएका पदहरुमा निषेध गर्दछ ।

(४) मानिसहरुद्धारा बोलेका भाषाहरुका रुपमा पद ९,१०,११ मा "भाषा" लाई स्पष्ट रुपमा पहिचान गर्दछ । पद ९ मा पावलले सोध्छन्, "यदि बुझ्नै नसकिने शब्द तिमीहरु आफ्नो जिब्रोले बोल्दछौ भने तिमीहरुले के भनिरहेछौ कसले बुझ्ने? तिमीहरु त हावामा बोलिरहेझैं हुनेछौ ।" उहाँले आज अन्य भाषा बोलेर दाबी गर्नेहरुलाई पनि यही प्रश्न सोध्नुहुन्थ्यो ।

(५) पद १० ले सामान्यरुपमा संसारमा धेरै भाषाहरु छन् भनी व्यक्त गर्दछ (ध्यान दिनुहोस् कि उनले "स्वर्गीय भाषा" को कुरा गरिरहेका छैनन्), र ती सबै भाषाहरुको अर्थ छ ।

(६) पद ११ ले भन्दछ कि यदि पावलले बोलेको भाषाको अर्थ थाहा भएनन् भने, उनी वक्ताको लागि विदेशी हुनेछ, र वक्ता उनको लागि विदेशी हुनेछ । जब विभिन्न मानव भाषाहरुको विषय र श्रोताहरुलाई विदेशी भाषामा बोल्ने प्रश्नको बारेमा विचार गर्दा यी सबै कथनहरु पूर्णरुपमा समझदार छन् ।

(७) पद १२ मा पावलले निष्कर्ष दिन्छ कि तिनीहरु मण्डलीलाई सुदृढ गर्न

जोसिलो हुनुपर्छ; र पद १९ मा उनी भन्दछ कि अन्य भाषामा दश हजार शब्द बोल्नुभन्दा त बरु आफ्नै दिमागले पाँचओटा शब्द अरुहरुलाई शिक्षा दिने हेतुले म बोल्न चाहन्छु । यदि पवित्र आत्माले पावललाई त्यस समयमा त्यस्ता स्पष्ट कथनहरु लेख्न निर्देशन दिनुहुन्थ्यो भने, कसैले कसरी सोच्न सक्छ कि उहाँले आज "अन्य भाषा" जसलाई कुनै अर्थ लाग्दैन्, जसले कुनै कारण दिर्दैन् र यसले भ्रम बाहेक अरु केही गर्दैन्? यी सबै कुरा भनेको यस अध्यायलाई प्रत्यक्षरुपमा उलंघन गर्ने कुरा हो ।

१ कोरिन्थी १४ अध्यायमा पावलले सामना गरिरहेको वास्तविक अवस्था के थियो?

- प्रेरित २ मा फर्कदा हामी थाहा पाउँछौं कि प्रेरितहरुले पवित्र आत्माबाट बप्तिस्मा लिएका थिए, जसरी येशूले प्रेरित १:५ मा प्रतिज्ञा गर्नुभएको थियो । पवित्र आत्माको यो बप्तिस्माले तिनीहरुलाई विभिन्न प्रकारका आश्चर्य कर्महरु गर्न सक्षम बनायोः तिनीहरुलाई आश्चर्य कर्मको ज्ञान, बुद्धि, विवेक, उनीहरुले अध्ययन नगरेका धेरै भाषाहरुमा बोल्ने क्षमता, बिरामीहरुलाई निको पार्ने शक्ति, दुष्ट आत्मा हटाउने शक्ति र तिनीहरुले मृतकहरुलाई पनि जीवित पारे । प्रेरितहरुकहाँ ल्याइएका सबै निको भए भनी प्रेरित ५:१६ ले भन्दछ । उनीहरुसँग यो कहिल्यै भएको छैन थिएन् कि उनीहरुले बिरामी व्यक्तिसँग पर्याप्त विश्वास नभएको दाबी गरेर असफलताको लागि बहाना बनाउनुपर्छ, जसरी आज "विश्वासद्धारा निको पार्नेहरु" को मामलामा हुन्छ । प्रेरितहरुले गरेका आश्चर्य कर्महरु तत्कालै पुरा हुन्थ्यो र पूर्ण थिए, आजको दावी अनुसार बिरामी व्यक्ति "उत्तम हुँदै गयो" भन्ने होइन् ।

यद्यपि प्रेरित ५:३२ ले स्पष्ट रुपमा भन्छ कि परमेश्वरले उहाँको आज्ञा पालन गर्ने सबैलाई पवित्र आत्मा दिनुभयो, त्यस समयमा कुनै पनि आश्चर्यकर्म गर्न सक्ने प्रेरितहरु मात्र थिए । हजारौले बप्तिस्मा लिएर ख्रीष्टियान भए, तर पद १२ ले भन्दछ, "अब प्रेरितहरुका हातबाट धेरै चिन्हहरु र आर्श्चकर्महरु जनताका बीचमा हुन लागे ।"

- प्रेरितहरुले निश्चित ख्रीष्टियानहरुलाई चुनेर (प्रेरित ६:३ पहिले नै पवित्र आत्माले भरिएको थियो) उनीहरुमाथि हात राखी तिनीहरुलाई विशेष र व्यक्तिगत वरदानहरु नदिएसम्म प्रेरितहरु बाहेक अरु कसैले पनि आश्चर्य कर्महरु गर्न सकेनन् । प्रेरितहरुले गर्न सक्ने सबै आश्चर्यकर्महरु यी मानिसहरुले सबै गर्न सक्दैन्थ्यो, तर एक जनासँग निश्चित भाषामा बोल्ने शक्ति थियो, अर्कोले अर्को भाषा बोल्न सक्थ्यो, अर्कोले बिरामीलाई निको पार्न सक्थ्यो, अर्कोसँग आश्चर्यकर्मको ज्ञान थियो, कसैमा भाषा उल्था गर्ने शक्ति थियो, किनभने मण्डलीमा मिश्रित-भाषा बोल्ने मानिसहरुका समुह

थिए, अर्कोलाई अगमवाणीको वरदान थियो, इत्यादि ।

१ कोरिन्थी १२:८-१० मा वरदानका सम्पूर्ण सूची दिइएको छ, त्यहाँ स्पष्टरुपमा देखाएको छ कि एउटा खीष्टियानलाई एउटा वरदान दिएको थियो, र अर्को खीष्टियानलाई अर्कै थियो । नयाँ नियम लेख्नु अघिको त्यो समयमा तिनीहरु आफ्नो आत्मिक विकासको निम्ति एक अर्काको वरदानमा निर्भर भएको थियो ।

कुनै-कुनै अवस्थामा अनुवाद गर्नुपर्ने आवश्यकता देखिन्छ (प्रेरितहरुलाई अनुवाद गर्नुपर्ने आवश्यकता थिएनन्, यसले यो प्रमाणित गर्छ कि तिनीहरुलाई पवित्र आत्माले जुनसुकै भाषाहरु जहाँ भएता पनि जान्ने शक्ति दिनुभएको थियो) । यो स्पष्ट छ कि एक जना खीष्टियान आफू नजन्मेको ठाँउमा बसेर अच्चम तरिकाले स्थानीय भाषा बोल्ने ज्ञान दिएको हुन्थ्यो । यदि ऊ अर्को ठाउँमा गयो, जहाँ अर्को भाषा बोलिन्छ, त्यहाँ "उनीमाथि हात राख्न" र उसलाई त्यो क्षेत्रको भाषा दिनको लागि त्यहाँ कुनै प्रेरित उपलब्ध नहुन सक्छ । त्यस्तो अवस्थामा, उसँग पहिले नै भएको आश्चर्य कर्मको वरदान तब मात्र उपयोगी हुन्थ्यो । यदि त्यो मण्डलीमा कसैसँग उल्था गर्ने आश्चर्य कर्मको वरदान थियो भने उसको अहिलेको "विदेशी" भाषालाई स्थानीय मानिसको भाषामा अनुवाद गर्न सकोस् ।

हामीले बुझ्नुपर्ने कुरा पाठबाट स्पष्ट देखाउँछ कि जब एकजना व्यक्तिलाई "अन्य भाषा" को वरदान दिएको थियो भने यसको मतलब उसलाई आश्चर्य जनकरुपमा एउटा भाषाको ज्ञान दिइएको थियो, स्पष्ट रुपमा उसलाई वरदान दिइएको समयमा यो आवश्यक थियो । उसलाई सबै भाषाहरुको ज्ञान दिइएको थिएन, न त उसको भाषाहरुको ज्ञान क्षेत्र-क्षेत्रमा स्वतः परिवर्तन भयो । यदि त्यसो भएको भए अनुवादकहरुको आवश्यकता पर्ने थिएन् । तर सतावतको कारण, र खीष्टियानहरु बारम्बार स्थानान्तर गर्ने क्रममा, अन्य भाषाहरुको ज्ञान र भाषाहरुको व्याख्या दुवैको आवश्यकता थियो ।

यस सन्दर्भमा पावलले आश्चर्यकर्मको "अन्य भाषाहरु" को प्रयोग बारेमा धेरै बुँदाहरु राखेका थिए:

- अन्य भाषा बोलेका मानिसहरुको भाषा स्थानीय खीष्टियानहरुले बुझिराखेका छैनन् भने यो वरदान परमेश्वरबाट आएको हो, तिनीहरुले के बोलिरहेका छन्, सो परमेश्वर बुझ्नुहुन्छ, (यसको विपरीत आजभोलि बोलिरहेको अन्य भाषामा बोल्ने वक्ता स्वयम आफूले के भनिरहेका छन् भन्ने कुरा थाहा छैनन् भन्छन्, तर पावलले पद ४ मा भनेका थिए कि ती दिनहरुमा वक्ताले के भनिरहेको थियो सो आफैलाई थाहा हुन्थ्यो), तर श्रोताहरुलाई व्याख्या गर्न सक्ने कोही नभएसम्म यसले कुनै वास्तविक फाइदा दिएन् (१ कोरिन्थी १४:२) ।

**छलफलको बिन्दु**



तपाईलाई हुर्काउनमा तपाईको अभिभावको दर्शन के थियो? आफ्नो छोराछोरी हुर्काउनमा तपाईको दर्शन के छ? तिनीहरुको जीवनसित सामना गर्न कुन उत्तम कुराले राम्रोसँग लैजान्छ जस्तो लाग्छ? सामान्य वयस्यको रुपमा के तपाईले पछाडि फर्केर सोच्नुहुन्छ, "यदि मलाई यो सिकाइएको भए वा मैले सिकेको भए म अहिले राम्रो हुने थिएँ? के तपाईलाई वयस्क जिम्मेवारीहरुमा सहज संक्रमण वा गाह्रो भएको महसुस गर्नुहुन्छ?

- उसले व्याख्या गरिरहेको सत्यताको आफ्नै बुझाइ स्रोताहरुले बुझेनन्, त्यसैले श्रोताहरुको हृदयमा यसले कुनै फल दिन सकेन् (पद १४) ।
- उपस्थित भएकाहरु मध्ये उनीहरुबिच उल्था गर्न सक्ने कोही छैनन् भने तिनीहरुलाई अन्य भाषा बोल्न निषेध गरिएको छ (पद २८), किनभने अन्य भाषा बोल्दा श्रोताहरुले नबुझेको खण्डमा अविश्वासी आगन्तुकहरु सभामा आउँदा तिनीहरु बौलाहा भएका छन् भन्ने प्रभाव पर्छन् (पद २३) ।
- तिनीहरुले त्यो इच्छा गर्नुभन्दा अगमवाणीका वरदान, प्रचार गर्ने वरदानको इच्छा राख्नू, किनभने यसले श्रोताहरुलाई उन्नति, प्रोत्साहन र सान्त्वना दिनेछ । यो एउटा सन्देश थियो जुन सबै दर्शकहरुले बुझ्न सक्छन् । कुनै पनि वक्ताको लागि प्राथमिक उद्देश्य यो हो कि उसले आफ्ना श्रोताहरुलाई सुधार गर्छ, न कि उसले प्रदर्शनमा राख्छ (पद १,५) ।

हामी यी पदहरुको विश्लेषणबाट देख्न सक्छौं कि आज पेन्तिकोस्टल कहलिएका मानिसले जे गरेका छन् त्यो १ कोरिन्थी १४ मा पावलले छलफल गरेका भन्दा पूर्णतया फरक छ । आजको अभ्यास वास्तवमा पावलले पवित्र आत्माको अगुवाइबाट लेखेका निर्देशनहरुको प्रत्यक्ष उलंघन हो । हामी जान्दछौं कि न त आत्माले धर्मशास्त्रमा एउटा कुरा भन्नुहुन्छ न त त्यसपछि आजको समयमा ठिक त्यसको विपरीत गर्नुहुन्छ । त्यसैले आत्माको शक्तिले यी कामहरु गरिरहेका दाबी गर्नेहरुले झूटा दाबी गरिरहेका छन् । तिनीहरु निश्चय नै इमान्दार छन् तर तिनीहरु धर्मशास्त्रमा अनभिज्ञ छन् र तिनीहरु छलिएका छन् ।

आज मण्डलीको सभामा महिलाहरुले "अन्य भाषा" बोल्न सक्दैनन् । वास्तवमा, प्रेरितको युगमा भाषाहरुको वास्तविक वरदान भएता पनि यसलाई कहिले पनि अनुमति दिइएन् ।

## कक्षा छलफलको लागि:

(१) असंख्य पेन्तिकोस्टल र प्रमुख रेखामा रहेका चर्चहरु के मा विश्वास गर्दछ?

(२) प्रेरित २ मा उल्लेख गरिएझैं प्रभुको मण्डली कहिले सुरु भयो? एसेम्बली अफ गड कहिले सुरु भयो? चर्च अफ गड र पेन्तिकोस्टल चर्च कहिले सुरु भयो?

(३) हामी कसको नामले बोलाइन्छौं?

(४) के पवित्र आत्माले नयाँ नियमको समयमा अगुवाहरुलाई प्रचार गर्न वा लेख्न प्रेरित गर्नुभयो, उहाँ र उहाँको शक्ति केन्द्रिय व्यक्तित्व हो, जसरी आज "पेन्तिकोस्टल" प्रचारकहरुले गर्छन्?

(५) किन आश्चर्यकर्मका सन्दर्भ कम हुन्छन् र अन्तमा नयाँ नियमका पुस्तकहरु लेखिएका थिए?

(६) १ कोरिन्थी १४:४० मा पावलले कोरिन्थीको मण्डलीलाई निर्देशन दिए कि सबै काम....................................हुनुपर्छ । के यसले पेन्तिकोस्टल प्रकारका बैठकहरुलाई वर्णन गर्दछ?

(७) १ कोरिन्थी १४:३४ मा के आदेश दिइएको छ?

(८) पेन्तिकोस्टल महिला प्रचारकहरुले पवित्र आत्माद्धारा अगुवाइ गरेको दाबी गर्छन् । तिनीहरु गलत छन् भन्ने कुरा हामीलाई कसरी थाहा हुन्छ?

(९) पद ९ मा पावलले कस्तो प्रश्न सोध्यो?

(१०) पद १० मा, के पावलले अन्य भाषाहरुलाई "स्वर्गीय भाषा" वा संसारिक भाषाहरु हुन भनी उल्लेख गर्दछन्?

(११) बोलेको कुरा बुझ्नको लागि पवित्र आत्माले पावललाई के निर्देशन दिनुभयो?

(१२) के प्रेरित ५:३२ अनुसार सुसमाचार पालन गर्ने सबैले पवित्र आत्माको बास पाउँछन्? के सुरुदेखि नै सबै ख्रीष्टियानहरुसँग आश्चर्यकर्म गर्न सक्ने शक्ति थियो?

(१३) प्रेरित ६:३ मा प्रेरितहरुले अरुलाई आश्चर्यकर्म गर्ने शक्ति कसरी दिए?

(१४) के यस प्रकारको वरदान पाएका ख्रीष्टियानहरुले सबै प्रकारका आश्चर्यकर्महरु गर्न सक्थे?

(१५) अन्य भाषाको वरदान दिनुको कारण के थियो?

(१६) के उसलाई सबै भाषाको ज्ञान दिइएको थियो?

(१७) के आज पेन्तिकोस्टल मानिसहरुले उल्था गर्ने मानिसहरु कोही नभएको बेला अन्य भाषा बोल्छन्? के यो पवित्र आत्मा र पावलद्धारा निषेध गरिएको थियो?

(१८) के आज महिलाहरुलाई सभामा अन्य भाषाहरु बोल्न परमेश्वरले अनुमति दिनुभएको छ? १ कोरिन्थी १४ अनुसार के परमेश्वरले यस्तो अभ्यासलाई कहिल्यै अनुमति दिनुभएको छ? ❖



# पाठ–१२

## आमाहरू, "आफ्ना साना केटा-केटीहरुलाई सिकाउनुहोस्, तालिम दिनुहोस् ।"

(अघिल्लो पाठ ११ मा अध्ययन गरिएको धर्मशास्त्रका सन्दर्भहरुलाई निर्माण गर्दै, यी विचारहरु दिइएको छः)

हामी एउटा व्यस्त, द्रुत-गतिको संसारमा बाँचिरहेका छौं, धेरै कुराहरुको लागि कम समय छ । दुर्भाग्यवश, हाम्रा बच्चाहरु प्रायः प्राथमिकताहरुको सूचीमा धेरै तल आउँछन् ।

अभिभावकत्वको दृष्टिकोणमा जनसंख्या विभाजित छ । हामी यी मध्ये तीनवटा कुरालाई विचार गर्न चाहन्छौं:

- धेरैको सोच यो छ कि बाल बच्चाहरु "नाबालिक" हुन्; जबसम्म उनीहरुलाई खुवाइन्छ र लुगा लगाइन्छ, उनीहरुका अन्य आवश्यकताहरु त्यति महत्वपूर्ण हुँदैनन् । बच्चाहरु जवान वयस्कहरुमा बढ्न थालेपछि, उनीहरुले के सोच्छन्, उनीहरुलाई सताउन सक्ने समस्याहरु, उनीहरुको मनपर्ने र मन नपर्ने कुराहरुमा बढी ध्यान दिइन्छ ।

तर बच्चाहरु "नाबालिग" होइनन् । तिनीहरु बच्चाहरु हुन् जो वयस्क बन्ने प्रक्रियामा छन्, तिनीहरुको बारेमा सबै कुरा महत्वपूर्ण छ, आलोचनात्मक रुपमा पहिलेका वर्षहरु झन महत्त्व छ । आमाबाबुले दिमागमा राख्नुपर्छ कि "मैले वयस्कलाई हुर्काउँदैछु ।" अहिले मैले उसलाई जे सिकाउँछु त्यो त्यसै अनुसार जिउँछन् र उनी वयस्को रुपमा पुग्छन्, यो प्रक्रियालाई धेरै फरक तरिकाले सम्हाल्न सकिन्छ ।

**छलफलको बिन्दु**



तपाईले आफ्ना बालबच्चाहरुलाई हुर्काउने क्रममा के तपाईको आफ्नै पालनपोषणले प्रभाव पार्‍यो? के तपाई ती आमाबाबु मध्ये एक हुनुहुन्छ जसले आफ्ना बाल्यकालमा गुमाउनुभएका सबै कुराहरु आफ्ना छोराछोरीहरुलाई दिन चाहनुहुन्छ? वा तपाईको आमाबुबाले तपाईको निम्ति सबै कुरा गर्नुभयो र अहिले पेन्डुलम घडितर्फ फर्केको छ, त्यसकारण संसारका कम भौतिक चीजहरुमा तिनीहरु खुशी हुन सिकेको होस् भनी तपाई चाहनुहुन्छ? परिवारले तपाईलाई गर्नुभएको भन्दा के तपाईले आफ्ना बालबच्चाहरुलाई कम वा बढी कठोर गर्नुहुन्छ? कसले कसलाई बढी सम्मान गर्छन?

यी पहिलो पाँच वर्ष बच्चाको सबैभन्दा ठूलो मानसिक र भावनात्मक विकासको समय हुन् । उसका आमाबाबुहरुले उनीहरुसित सिकाउँदै, बाँडचुड गर्दै, सिकाउँदै समय बिताउन सक्छन् ताकि ऊ आफ्नो जीवनको लागि राम्रोसँग सुसज्जित हुनेछ ।

"तिमीहरुले मेरा यी वचनहरु आफ्ना मन र हृदयमा राख । ती आफ्ना हातमा र निधारमा चिन्हहरु स्वरुप बाँध । आफ्नो घरमा बस्दा, बाटोमा हिँडदा, ढल्कँदा र उठ्दा तिमीहरुले तिनीहरुका विषयमा चर्चा गरेर आफ्ना छोराछोरीहरुलाई सिकाओ" (व्यवस्था ११:१९) । जब तपाई बेलुकाको खाना तयार गर्दै हुनुहुन्छ, वा गाडी चलाउँदै हुनुहुन्छ वा लुगा पट्याउँदै हुनुहुन्छ...हामीले हाम्रा बच्चाहरुलाई परमेश्वरको वचनले एकैसाथ बेर्ने कुनै पनि अवसर नगुमाएको होस् भनी परमेश्वरको चाहनुहुन्छ ।

- छोराछोरीको सम्बन्धमा केही अभिभावकको सोचमा दोस्रो भ्रम छः "उनलाई धेरै दवाबमा नराख्नुहोस् । उसलाई बच्चा भएकोमा रमाइलो गर्न दिनुहोस् । उसले छिट्टै ठूलो भएर जिम्मेवारीको निरन्तर वजन बोक्नुपर्छ ।" यसको परिणामले ठूलो कठिनाइहरु सिर्जना हुन सक्छ ।

निश्चय नै, बालबच्चाहरुले वयस्कहरुको जिम्मेवारीहरु उठाएको होस् भन्ने अपेक्षा गर्नुहुँदैन्, त्यसको साथै तिनीहरुलाई आफ्नो प्रारिम्भक जीवनमा पूर्ण रुपले लापरवाही तरिकामा बहाव गर्ने अनुमित दिनु हुँदैन् । एक दिन-टक्कर हुन्छ– उसले घर छोड्छ, कलेज पूरा गर्छ, जागिर पाउँछ, र त्यसपछि आफ्नै परिवार सुरु गर्छ । तालिम र अनुशासन बिना यी जिम्मेवारीहरु सिक्दै, हुर्कदै गर्दा, उसले अचानक लाइफ ज्याकेट बिनाको मान्छे जस्तै महसुस गर्नेछ । उसलाई के गर्ने वा कसरी गर्ने भनेर थाहा छैन, र उसले अन्ततः जिम्मेवारी अस्वीकार गर्न सक्छ । बिदेशी घरहरुमा एउटा गम्भीर समस्या यो हो कि



**छलफलको बिन्दु**

यदि बच्चाहरु परिवारको आर्थिक र आमाबाबुको जिम्मेवारीहरु बारे सचेत छन् भने के यसले तिनीहरुमा असुरक्षाको भावना वा तिनीहरुमा व्यर्थता सृजना गर्दछ? परिवारले पैसाको सन्दर्भमा कसरी सन्तुलन राख्न सक्छन्? भौतिक कुराहरु र संसारिक इच्छाहरुभन्दा माथि कसरी तिनीहरुले आत्मिक कुराहरुलाई महत्व राख्नुपर्छ भनी बच्चाहरुको अगाडि राख्छ? (मत्ती ६:१९-३४)

परिपक्व बच्चाहरु घर छोड्न हिचकिचाउँछन्, र घर छोड्ने धेरैमा विवाह टुटेको , काममा अस्थिरता, र "घर" को सुरक्षाको लागि द्रुत यात्राको अन्त्यमा समाप्त हुन्छन्- यसको अर्थ सम्बन्धविच्छेद र बालबच्चाहरुको विछोड हुन्छ ।

- अर्को दृष्टिकोण यो हो कि बच्चाहरुलाई उसको अगाडि रहेको जीवनको ढाँचामा पर्दाफास गर्नुपर्छ, ताकि उ बिस्तारै त्यो ढाँचामा बढ्न सकोस् । यो आदर्श हो, ठूलो बुद्धि, दूरदर्शिता र धैर्यताका साथ आमाबाबुको छनौट हो ।

"बालकलाई ऊ हिँड्नुपर्ने बाटोमा तालीम देऊ, र वृद्धावस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन्" (हितोपदेश २२:६) ।

साना केटीहरु पत्नी, आमा र गृहिणी बन्न सिक्नुपर्छ । विगतका वर्षहरुमा, हरेक साना केटीको मनपर्ने संलग्नताहरु (तिनीहरुका लागि, तिनीहरु "खेलहरु" भन्दा बढी थिए), "घर बनाएर खेल्नु" र "आमा र बच्चा" बनेर खेल्नु थियो । अब, धेरै साना केटीहरु यी कुनै पनि अनुभव बिना बाल्यकालमा हुर्कन्छन् । तिनीहरु गुडियासँग खेल्दैनन्; बरु, तिनीहरु नरम भकुन्डो वा कुनै अन्य खेलमा निपूर्ण हुन्छन् ।

आफ्नो बच्चालाई माया र हेरचाह गर्न प्रोत्साहन दिने सानो केटीले सामान्यतया दह्रिलो मातृत्व भावनाहरु विकास गर्नेछ । "बाँधिने" क्षमता लिएर वयस्क अवस्थामा पुग्छ, जब उसको आफ्नै जीवित बच्चालाई प्रेम गर्न पुग्छ । जवान आमाको रुपमा उनले धेरै भावनाहरुलाई अनुभव गर्नेछिन्, उनले ती प्रारम्भिक वर्षहरुमा आमाको रुपमा कल्पना गरेका कुराहरु सम्झना गर्नेछिन् ।

खाना पकाउने, भ्याकुम गर्ने, टेबल सफा गर्ने, भाँडा माझ्ने काममा "मद्दत" गर्ने कुरा पनि त्यस्तै सत्य हो । एउटी आमाले आफ्नी सानी छोरीलाई घर निर्माणका यी कुराहरुमा समावेश गरेर आमाले उनलाई यी कुराहरु सिकाउँदै हुनुहुन्छ भने उनले गरेको कामबाट ज्ञान, सीप र सन्तुष्टिको विकास गर्नेछन् ।

साना केटाहरुले कार धुने, कार र घरको वरिपरि मर्मत सम्भारको लागि जिम्मेवार हुने, घाँस काट्ने- पुरुष मानिसहरुले गर्नुपर्ने सबै कामहरु गर्न सिक्नु पर्छ । सानै उमेरमा छोराले यी कामहरु स्वतन्त्र रुपमा गर्न नसक्ने भएता पनि, बुद्धिमान् बुबाले तिनलाई यी जिम्मेवारीहरु स्वीकार गर्नका लागि तालिममा संलग्न गराउनु पर्छ ।

निस्सन्देह, धेरै महिलाहरुले घाँस काट्छन्;, श्रीमानहरु प्रायः भाँडा धुन्छन्, भुइँहरु पुच्छन् र बच्चाको थाङ्ना पनि फेरिदिन्छन् । वयस्यको रुपमा विवाह साझेदारहरुका लागि पारस्परिक सहयोगी बन्ने प्रशिक्षणको एउटा भाग भनेको बच्चाहरुको रुपमा काम र जिम्मेवारीहरुको पूर्ण दायरामा प्रशिक्षण हुनेछ । तर, एकै समयमा, "केटा" को काम विशेष गरी पुरुषहरुको आकारमा जोड दिनु आवश्यक छ, र केटीहरुलाई विशेष गरी महिला रेखाको काम र भावनाहरुमा ढाल्नु आवश्यक छ । दुई लिङ्गहरु फरक छन्, तिनीहरु आफ्नो भूमिकाहरु राम्रोसँग पूरा गर्न सक्छन्, प्रशिक्षणले त्यो स्वभावलाई बलियो बनाउनुपर्छ ।

बच्चाहरु ठूलो हुँदै जाँदा, उनीहरुले परिवारको बजेटको सामान्य खर्चहरु बारे सचेत हुनु, पैसा व्यवथापन गर्नेबारे अनुभव लिनु आवश्यक छः घर भुक्तानी, कार भुक्तानी, उपयोगिताहरु, बीमा, कर, खाना, कपडा, इत्यादि । तिनीहरुलाई बजेट निर्धारणमा समावेश गर्नुपर्छ । ताकि तिनीहरु पनि कठिनाइहरुबारे सचेत हुन सक्छन् जसरी धेरै जसो परिवारहरुमा नमुना हुने गर्दछ । यसले तिनीहरुलाई वयस्क संसारको अझ दृष्टिकोण राख्न मद्दत गर्नेछ ।

किशोर किशोरीहरुले फाराम र कागजातहरु (बंधक ऋण, केडिट कार्ड आवेदनहरु, आयकर, बीमा, वारेन्टीहरु, आदि) को खुलासा गर्नुपर्छ जुन वयस्कहरुले भर्नुपर्छ र जिम्मेवार हुनुपर्दछ । विशेषगरी उनीहरुलाई आफ्नो आम्दानीको केही अंश वा आफ्नो जागिरको कमाइको केही अंश परमेश्वरलाई छुट्याउनको लागि तालिम दिनु पर्छ, ताकि तिनीहरु कहिल्यै "परमेश्वरलाई लुट्ने" (मलाकी ३:८-१०) र दोषी नहोस् । आर्थिक मामिलामा एक जोडी वा अर्काको गैर जिम्मेवारीपनले गर्दा धेरै विवाह असफल भएका छन् । प्रारम्भिक वर्षहरुको सावधानीपूर्वक प्रशिक्षणले यो धेरै रोक्न सक्छ ।

## पुरुषहरु अगुवा हुनुपर्छ, स्त्रीहरु सहयोगी-साथी बन्नुपर्छ ।

शिक्षणको सिकाइ भन्दा बाहिर केटाहरुलाई केटाहरुको कुरा गर्न र रुपैया पैसाको मामिलामा जिम्मेवार हुने कुरा एउटा ईश्वरीय पुरुषको मनोवृत्ति सिकाउनुको महत्व होः कि उनी आफ्नै परिवारको शिर हुनुपर्छ । उसको घर, नम्र र मायालु ढंगमा, र तिनी आफ्नो पत्नी, छोराछोरी र संसारको बीचमा खडा हुनुपर्छ; कि उनी आत्मिकी अगुवा हुनेछ, र उसले आफ्नो परिवारलोई दिने

निर्देशनको लागि परमेश्वरमा जवाफदेही हुनुपर्छ ।

आजको केटीहरुको सामान्य प्रशिक्षण पुरुषहरुसँग प्रतिस्पर्धात्मकता हुन्छ । सुरुदेखि नै, यस्तो तालिमले केटीलाई आफ्नो पति वा पत्नीसित समस्याहरु समाधना गर्न तयार पार्छ । ईश्वरीय परिप्रेक्ष्य यो हो कि आफ्नो जीवन समयको लागि आफूलाई तयार पार्नु हो, जब उनी विवाहमा प्रवेश गर्नेछिन्, आफूले रोजेको जीवनसाथी (वा उसलाई छनोट गर्ने व्यक्तिको लागि) जीवनको पूर्णता हुनको लागि, उनले प्रेम गर्ने र उनको परिवारको पालनपोषण गर्ने, र परमेश्वरले स्वयं उनको पतिलाई उनको हितको लागि जिम्मेवार बनाउनुभएको छ । निस्सन्देह, उनले राम्रो शिक्षाको साथै आफ्नो दिमागको विकास गर्नुपर्छ ताकि उनले आफ्नो पतिको संगत र छोराछोरीको तालिममा आफ्नो उत्कृष्ट योगदान दिन सकून् ।

दुःखको कुरा, यो महिलाहरुका लागि केवल एउटा पत्नी, आमा र गृहिणी हुनको लागि विलाप गर्ने कुरा भएको छ । यो एउटा सुस्त, अल्छी लाग्दो अस्तित्व भएको घोषणा गरिएको छ । धेरै आमाहरु कुनै कार्यालयमा काम गर्न उत्साह हुँदा पनि बच्चा हुर्काउने कामले गर्दा सक्दैनन् । धेरै जसो यो सिकेको मनोवृत्ति हो- बारम्बार हाम्रो संस्कृतिले महिलाहरुलाई मूर्ख र उत्पीडितहरु मात्र घरमा बस्न भनिरहेका छ; दिमाग भएकाहरु संसारमा प्रतिस्पर्धा गर्दै, जीवनवृत्ति निर्माण गर्दै, र शानदार तलब कमाउँछन् ।

विगतका पुस्ताहरुमा मातृत्वको प्रशंसा गरिन्थ्यो; स्त्रीहरु आफ्ना छोराछोरीहरुमा गर्व गर्थे, तिनीहरुले आफ्ना पतिहरुमा गर्व गर्थे, र तिनीहरुले आफ्नो गृहनिर्माण कौशलमा गर्व गर्थे । ती महिलाहरु, समग्र रुपमा, दलित वा अल्छी, अशिक्षित जीवन बिताइरहेका थिएनन् । उनीहरु जे थिए र के गरिरहेका थिए त्यसमा उनीहरु खुशी थिए, किनभने उनीहरुलाई त्यो दृष्टिकोणमा सिकाइएको थियो ।

## तिनीहरुले के सुन्छन्, वा तिनीहरुले के देख्छन्?

हामीले कसरी राम्रोसँग सिकाउने? हाम्रा छोराछारीहरुले कसरी राम्रोसँग सिक्छन्?

- मुखको वचनद्धारा । आमाबाबुको रुपमा हरेक दिन हामीले हाम्रा बच्चाहरुलाई सफल वयस्क बन्नको लागि सिकाउनु पर्ने कुराहरु मौखिक रुपमा भनिरहेको हुनुपर्छ ।
- उदाहरणद्धारा । हामी बेलाबेलामा अनुच्छेदहरु भन्छौं; र हामी दिनको चौबीस घण्टाको जीवन बिताउँछौं । स्वाभाविक रुपमा, हाम्रा छोराछोरीहरुले हामीबाट सुनेका कुराहरु भन्दा पनि हामीले गरेका कुराहरुबाट धेरै गुणा बढी सिक्नेछन् ।

विशेष गरी यो स्वभाविक सत्य हो । आफ्नो पतिसँग सधैं झगडा गरिरहेकी, घरमा आफ्नो शिरत्वलाई चुनौती दिने महिलाले आफ्ना छोरीहरुलाई पतिको अधनीमा रहन र उनीहरुलाई आदर गर्न सिकाउन निकै कम सफलता पाउँछन् । त्यसैगरी, आफ्नी पत्नीप्रति दुर्व्यवहार गर्ने वा "कुखुराको टोकरी" भएको मानिसले आफ्ना छोराहरुलाई आफ्ना पत्नीहरुलाई प्रेम गर्न सिकाउन सक्नेछैन जसरी खीष्टले मण्डलीलाई प्रेम गर्नुभयो; न त उनले आफ्ना छोराहरुमा जिम्मेवारी र अगुवाईको विशेषताहरु विकास गर्न सक्षम हुनेछन् । निस्सन्देह, हाम्रा छोराछोरीहरुले हामीबाट उनीहरुको जीवनको दृष्टिकोण सिक्नेछन्, त्यसैले हामीले सिकाउने पाठहरुमा धेरै होसियार हुनुपर्छ ।

## साँचो अधिकार को हो?

स्त्री, पुरुष, अभिभावकहरुले आफ्नो अन्तरनिर्हित सम्बन्धको अधिकार कसबाट पाउँछन्? धेरै पटक, मानिसहरुले अगुवाइ र आज्ञाकारितालाई स्थानीय संस्कृतिको एउटा भागको रुपमा हेर्छन् र अरु केही होइन् । पुरुषहरु केवल पुरुष अधिनायकवादी भएकाले महिलामाथि प्रभुत्व जमाउने आरोप लगाइएको छ । यदि महिलाहरु आफ्ना पतिको अधीनमा छन् भने उनीहरु शोषण र तल्लो तहको रुपमा मानिन्थ्यो । धेरै बच्चाहरुले आजको संसारमा, कुनै प्रकारको अधिकारको सम्मान गर्दैनन्, उनीहरुलाई नियन्त्रण गर्ने सबैलाई क्रोधित र विद्रोही अनुहारमा बदल्छन्: आमाबाबु, शिक्षक, अधिकार र सरकार, समान रुपमा ।

तर अधिकारको उत्पति परमेश्वरबाट आँउछ । उहाँ सबै मानव र सबै मानव सम्बन्धहरुमा परम अधिकार हुनुहुन्छ । पतिहरु घरको प्रमुख भन्नुहुँदा उहाँले त्यो अराजकतावादी काममा पुरुषहरु नियुक्त गर्ने सृष्टिकर्त्ताको रुपमा आफ्नो अधिकारबाट बोल्दै हुनुहुन्थ्यो । नारीलाई पुरुषको सहयात्री बनाउनुहुँदा, जीवनमा उनको भूमिका नियुक्त गर्नुहुँदा, उहाँ फेरि सृष्टिकर्ताको रुपमा आफ्नो अधिकारबाट बोल्दै हुनुहुन्थ्यो । कुनै पनि मानिसले परमेश्वरको अधिकार, उहाँको आदेश, वा उहाँको व्यवस्थालाई सफलतापूर्वक अवहेलना गर्न सक्दैन् ।

आफ्नो जिम्मेवारीलाई गम्भीरतापूर्वक लिन अस्वीकार गर्ने मानिसले आरोप लगाउने र दुःखी पत्नीसँग अनिच्छुकतासाथ व्यवहार गर्न सक्छ, तर अन्तिम विरोध तब हुनेछ जब परमेश्वरले उहाँको व्यवस्थाको अवज्ञालाई चुनौती दिनुहुन्छ । आफ्नो पतिको नेतृत्वलाई अस्वीकार गर्ने महिलाको हकमा पनि त्यस्तै हुन्छ । उहाँ स्वयंम परमेश्वर हुनुहुन्छ, जससँग उनी लड्दै छिन् ।

महिला र पुरुषले पनि आफ्ना छोराछोरीहरुलाई यो सत्यता सिकाउनुपर्छ । आमाबाबुले भन्नु हुँदैन, "मैले यसो भनेकोले तिमीले यसो गर ।" तर तिनीहरुले

जोड दिनुपर्छ कि, आमाबाबुको रुपमा, आफ्ना बच्चाहरुको हितको लागि परमेश्वरको अधीनमा जिम्मेवार भएर, तिनीहरुले आवश्यक कुराहरु गरिरहेका छन् । आमाबाबुको अधिकारको विरुद्धमा उठाएका रीस र अस्वीकार हटाउन मद्दत गर्नेछ । यसले तिनीहरुलाई परमेश्वरको अधिकारमा परिपक्व हुन प्रशिक्षण पनि दिनेछ ।

"छोराछोरी हो, प्रभुमा आफ्ना आमा-बाबुको आज्ञापालन गर, किनकि यो उचित हो । आफ्ना बाबु र आमाको मान गर । जो प्रतिज्ञासहितको पहिलो आज्ञा हो । कि तिमीहरुलाई भलो होस्, र पृथ्वीमा तिमीहरु दीर्घायु होओ । बाबु हो, आफ्ना छोराछोरीलाई रीस नउठाओ, तर तिनीहरुलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ" (एफिसी ६:१-४) ।

"छोराछोरी हो, प्रत्येक कुरामा आफ्ना बाबु-आमाको आज्ञापालन गर । किनकि यस कुराले प्रभुलाई प्रसन्न तुल्याउँछ" (कलस्सी ३:२०) ।

तिनीहरुका आमाबाबुहरु परमेश्वरले दिनुभएको व्यवस्थाको अधीनमा छन् भन्ने कुरा बच्चाहरुले सिक्नुपर्छ । तिनीहरुको सन्तानहरुले परमेश्वरलाई प्रेम गर्ने, आफ्ना आमाबाबुको आज्ञा पालन गर्ने, व्यवस्थाको सम्मान गर्ने र अरु हजारौं कुराहरु सिकाउने बारेमा कुनै रोजाई छैन् । जसरी आमाबाबुहरुले अभिभावक्त्वको आज्ञा पालन गर्दछ, त्यसरी नै आमाबाबुले मात्र होइन्, तर तिनीहरुले आफ्ना आमाबाबुको मात्र होइन, तर परमेश्वरको जस्तै गर्नुपर्छ ।

मानव सम्बन्धको सम्पति अर्को पुस्तामा हस्तान्तरण गर्नु एउटा ठूलो जिम्मेवारी हो । पतिको जिम्मेवारी छ । यो धेरै, परिवारको प्रमुखको रुपमा, तर पत्नीले आफ्नो अद्धितीय कारणले अझ बढी सिकाउँछ, घरको पूर्ण समय संरक्षक र यसमा बालबालिकाको पालनपोषण गर्ने सुअवसर प्राप्त हुन्छ । जीवनमा यो परिप्रेक्ष्य एउटा परमेश्वर हुनुहुन्छ जसले हामीलाई समात्नुहुन्छ । त्यसो गर्ने परिवारहरु धन्यका हुन् ।

## कक्षा छलफलको लागि:

(१) अभिभावकत्वको लागि चाहिने तीनवटा दृष्टिकोणहरु छलफल गर्नुहोस् ।
(२) सानी केटीले "बच्चाहरु" खेल्दा कस्तो बन्धन सिक्छ?
(३) जब साना केटीहरुमा मातृत्वको मनोवृत्ति बलियो हुँदैन, र केटाकेटीको रुचिहरुमा धकेलिन्छ, के यसले परिपक्वतामा बढ्दै जाँदा महिला भूमिका स्वीकार गर्ने उनको तयारीलाई असर गर्छ?
(४) बुबाहरुले छोराहरुमा पुरुषत्व कसरी बलियो बनाउन सक्छन्?

(५) बच्चा परिपक्व हुँदै जाँदा कस्तो प्रकारका तालिमहरु दिनुपर्छ? छलफल गर्नुहोस् । पाठमा उल्लेख नगरिएका अन्य क्षेत्रहरु सुझाव दिनुहोस् ।
(६) केटाकेटीहरुलाई कसरी सिकाउन र तालिम दिन सकिन्छ, ताकि तिनीहरु कहिल्यै "परमेश्वरलाई लुट्ने" प्रलोभनमा नपरोस्?
(७) केटाकेटीहरुलाई तिनीहरुको स्वभावबारे निरन्तररुपमा के सिकाउनुपर्छ? केटीहरुलाई के सिकाउनुपर्छ?
(८) महिलाहरुलाई परमेश्वरले प्रदान गर्नुभएको कामलाई आज धेरै महिलाहरुले कसरी हेर्नुपर्छ?
(९) बच्चाहरुले कसरी राम्ररी सिक्छन्?
(१०) सबै मानव सम्बन्धहरुको आखिरी अधिकार को हुनुहुन्छ?
(११) आमाबाबुले आफ्ना छोराछोरीलाई परमेश्वरप्रति आज्ञाकारी मनोवृत्ति सिकाउन कसरी मद्दत गर्न सक्छन्?
(१२) बच्चाहरुले के सिक्नुपर्छ?

❖

# पाठ-१३

## महिलाको भूमिका के हो?

स्त्री मानव सृष्टिको आधा भएकोले, स्पष्ट रुपमा उनी महत्वपूर्ण छिन, र जीवनमा उनको भूमिका महत्वपूर्ण छ । परमेश्वरले पुरुषलाई केही जिम्मेवारी दिनुभएको छ, र अन्य जिम्मेवारीहरु महिलाहरुको हो । यो अत्यावश्यक छ कि दुवैले आ-आफ्नो काम राम्ररी गर्नुपर्छ, ताकि सबै भागहरु ढाक्नेछन् र कुनै पनि कुरालाई पीडा नहोस् । समस्या तब आउँछ जब पुरुष होस् वा महिलाले आफ्नै कामलाई बेवास्ता गरेर अरु समुहको काम गर्न खोज्छन् । परमेश्वरको अघि जिम्मेवारीका चार क्षेत्रहरु छन्: (१) वैवाहिक जीवनमा (२) घरमा (३) मण्डलीमा (४) समुदायमा । कुनै पनि क्षेत्रमा महिलाले आफ्नो कामलाई बेवास्ता गरेमा सबैले दुःख पाउँछन् ।

### वैवाहिक जीवनमा

पत्नीको शिर, आवश्यकता उपलब्ध गराउने, र संरक्षकको जिम्मेवारी पतिको हुन्छ । एफिसी ५:२५, २८,२९ ले देखाउँछ कि पतिले पत्नीलाई आफ्नो शरीरलाई जस्तै प्रेम गर्नुपर्छ, जसरी खीष्टले मण्डलीलाई प्रेम गर्नुभयो त्यसरी नै उहाँले मण्डलीको हितको लागि आफूलाई बलिदान दिनुभयो । यदि एक जना पुरुषले आफ्नी पत्नीको लागि यो हदसम्म चासो राख्छ, र उनको सुरक्षा र पालन पोषण गर्ने प्रतिबद्धता राख्छ भने, एउटा बलियो र सुरक्षित वैवाहिक जीवनको जग हुनेछ ।

परमेश्वरले प्रदान गर्नुभएको अगुवाइको यो मतलब होइन् कि पतिले आफ्नी पत्नीलाई अत्याचारी वा दुर्व्यवहार गर्ने अधिकार छ । कोही-कोही पुरुषलाई रीस उठ्दा आफ्नी पत्नीलाई शारीरिक रुपमा कुटपिट गर्छन् । कसै-कसैले आफ्नी पत्नीलाई नोकरको व्यवहार गर्छन, तिनीहरुबाट अत्याधिक काम र सेवाको माग



**छलफलको बिन्दु**

यदि ख्रीष्टियान पुरुष र महिलाले आफ्नो मनमा सुन्दरताकासाथ निकै नै व्यवहारिक रुपमा पति, पत्नी, ख्रीष्ट र मण्डली बीचको धर्मशास्त्रीय समानान्तरलाई खिचेको छ भने, परमेश्वरले चाहनुभए अनुसारको व्यवहार एकअर्काले गर्न सक्छन् । कक्षाको रुपमा छलफल गर्दा तपाईको पतिसितको सम्बन्धमा कस्तो समानान्तर परिवर्तन आउँछ?

गर्छन, जबकि तिनीहरुको स्वास्थ्य वा खुशीको केही वास्ता गर्दैनन् । कसै-कसैले आफ्नी पत्नीलाई बोलीमा बेइज्जत र गाली गर्छन, उनीहरुलाई मूर्ख र अज्ञानी भएको महसुस गराउँछन्, उनीहरुको विचारलाई कुनै मूल्यको ठान्दैनन् । तिनीहरु पुरुष हुन् भन्ने आधारमा तिनीहरुको आचरणलाई न्यायोचित ठहराउँछन्, कि परमेश्वरले तिनीहरुलाई महिलाहरुमाथि शासक बनाउनुभएको छ । यद्यपि यो व्यवहार र यो तर्क भनेको बिल्कुलै परमेश्वरले ख्रीष्टियान पुरुषहरुको लागि चाहना गर्नु भएको होइन् । यो पापपूर्ण र गलत हो, र तिनीहरुको सुरक्षाको आवश्यकतामा यसले महिलाहरुलाई पापपूर्ण प्रतिक्रियाको लागि उत्तेजित गर्छन् ।

कुनै पनि ख्रीष्टियान महिलाले आफ्नो पतिबाट आफूबाट बचाउन वा सुरक्षा गर्ने आवश्यकता महसुस गर्नु हुँदैन् । के मण्डलीले ख्रीष्टबाट आफूलाई बचाउने वा जोगाउने आवश्यकता महसुस गरेको छ? ख्रीष्टियान पतिले ख्रीष्टमा देखेको उदाहरणको आधारमा आफ्नो प्रेम र अगुवाइको नमुना बनाउनु पर्छ ।

- आफ्नो पतिको सम्मान गर्नु पत्नीको काम हो, उनको नेतृत्वको आज्ञाकारितामा पेश गर्नु हो । उनले आफ्नो शारीरिक भावनात्मक र यौन आवश्यकताहरु पूरा गर्नु हो, ताकि उसलाई जीवनको यी कुनै पनि क्षेत्रमा अरु कसैप्रति फर्केर प्रलोभनमा नपरोस् । १ कोरिन्थी ७:२-५ ले निर्देशन दिन्छ: "तर व्यभिचारसम्बन्धी परीक्षा अनेक भएका हुनाले हरेक मानिसकी आफ्नी पत्नीलाई यसको वैवाहिक हक दिओस्, र यसरी नै पत्नीले पनि आफ्ना शरीरमाथि अधिकार राख्दिन, तर उसको पतिले राख्छ । यसरी नै पतिले पनि आफ्नो शरीरमाथि अधिकार राख्दैन, तर उसकी पत्नीले राख्छे । पति पत्नीले आफ्नो पारस्परिक संसर्गदेखि एक-अर्कालाई इन्कार नगर । इन्कार गऱ्यौ भने पनि आपसमा सल्लाह गरेर केही समयको निम्ति मात्र, ताकि तिमीहरु प्रार्थनामा बस, ताकि आत्मसंयमको अभावको कारणले शैतानले तिमीहरुलाई परीक्षामा नपारोस् ।"
- पत्नी पतिको "सहयोगी" बन्नुपर्छ, उसको कमीलाई पूरा गर्नुपर्छ । कहिले काहिँ उनमा जे कमी हुन्छ, त्यही अगुवाइको शक्ति हुन्छ । यस्तो अवस्थामा



**छलफलको बिन्दु**

यदि पति र पत्नीले निर्णय वा समस्याहरु छलफल गर्छन, र पत्नीले तर्क र सल्लाहरु दिन्छन्, के उसले आफ्नो पतिमाथि अधिकारको प्रयोग गरिरहेको हुन्छ? आफ्नी पत्नीको सल्लाह सुनेर उनको निर्णयमा आधारित भएर निर्णय गर्नुभयो भने के पतिले आफ्नो अगुवाईको भूमिका त्याग्दै हुनुहुन्छ? के पत्नीले आफ्नो निर्णयमा आधारित निर्णय हो भनेर जिद्दी गर्नु उचित हुन्छ? यदि पछि अरु नै कुनै उत्तम मार्ग हुन सक्थ्यो भनी पतिले निर्णय गरेर पत्नीलाई दोष लगाउन खोज्नु के सही हो? पति र पत्नीबीच बारम्बार आरोप- प्रत्यारोपले वैवाहिक जीवन कस्तो हुनेछ?

पत्नीले उसलाई परिवारको प्रमुखको रुपमा बढ्न प्रोत्साहन र मद्दत गर्नु पर्छ, उसलाई एकै ठाउँमा धकेल्ने र पति माथी आफैले नेतृत्व लिनु हुँदैन् ।

कसैलाई पनि सबै कुरा थाहा हुँदैन् र सबै उत्तरहरु हुँदैन् । तर उपयोगी छ, सबै मामिलाहरुमा कुरा गर्न पत्नीसँग पनि केही ज्ञान छन्, जसले पति र पत्नी दुवैको सोच, बुद्धि, विचार र निर्णयहरुमा मार्गदर्शनको लागि परमेश्वरसँग प्रार्थना गर्न सक्छन् । यी कुराहरुलाई ध्यानमा राखेर, त्यसो भए निर्णय लिने जिम्मेवारी पतिको हुन्छ । सो निर्णयलाई स्वीकार गर्ने र पतिसित सहकार्य गरी यसलाई कार्यान्वय गर्ने जिम्मेवारी पत्नीको हुन्छ । किनभने अधिकारको यो प्रणाली परमेश्वरले व्यवस्था गर्नुहुन्छ । हामी जान्दछौं कि उहाँले यस बाइबलीय तरिकाद्धारा गरिएका निर्णयहरुलाई आशिष दिन सक्नुहुन्छ ।

कहिलेकाहिँ फरक पृष्ठभूमि वा योग्यताको फरक स्तरले गर्दा पोशाक वा बोली, संस्कृतिको चलन, वा बाइबलीय ज्ञान, वा आफ्नो पत्नीको रुपमा अरु धेरै कुराहरु वा अरु विपरित कुराहरु सही हुन सक्छन् । यी कुनै पनि अवस्थामा,



**छलफलको बिन्दु**

तपाईलाई हुर्काउन तपाईको अभिभावकको दर्शन के थियो? आफ्नो छोराछोरी हुर्काउनुमा तपाईको दर्शन के हो? बच्चाहरुलाई उनीहरुको जीवनको सामना गर्न कुन कुराले राम्रोसँग लैजान्छ जस्तो लाग्छ? वयस्कको रुपमा, के तपाई फर्केर हेर्नुहुन्छ र सोच्नुहुन्छ, “यदि मलाई यो सिकाइएको थियो, वा यो सिकेको भए, म अहिले राम्रो हुने थिएँ ।” के तपाईलाई वयस्क जिम्मेवारीहरुमा सहज संक्रमण वा गाह्रो भएको महसुस गर्नुहुन्छ?

तिनीहरुले एकअर्कालाई बढ्न र कमी भएको जुनसुकै क्षेत्रमा विकास गर्न मद्दत गर्नुपर्छ, ताकि तिनीहरु उत्तम जोडी हुन सकोस् । अशिक्षित महिलासँग विवाह गर्ने शिक्षित पुरुषले यदि आफ्नै पत्नीलाई सकेसम्म आफ्नो शिक्षाको स्तरसम्म पुऱ्याउने काम गर्दैनन् भने आफैलाई र आफ्नो सम्पूर्ण परिवारको विकास गर्ने कुरालाई वास्तवमै सीमित पार्छ ।

- जब पत्नीले आफ्नो पतिको कमी भएको कुनै क्षेत्र देखेमा, त्यो क्षेत्रमा उसलाई बढ्नको लागि मद्दत गर्नुपर्छ, उनलाई त्यस वरिपरि आदेश दिएर वा बेवास्ता गरेर, वा खुल्ला रुपमा सच्याएर र आलोचना गरेर होइन्, तर नम्र र सहयोगी स्वभावका साथ, पत्नीले चुपचापका साथ पतिलाई विकासको बिन्दु हेर्न र उत्कृष्टताको खोजी गरी प्रोत्साहित गर्न मद्दत गर्नुपर्छ ।

## घरमा

घर परिवारमा के जिम्मेवारीहरु छन्?

- पतिको काम भनेको आफ्नो परिवारको लागि जीविकोपार्जन गर्नु, आफ्नी पत्नी र छोराछोरीको रक्षा गर्नु र घरको नेतृत्व गर्नु हो । उहाँ तिनीहरु र संसारको बीचमा खडा हुनु पर्छ, तिनीहरुको आवश्यकताको जवाफदेही हुनुपर्छ । किनकि उसले बाहिर गएर काम गर्नुपर्छ, संसारको कठोरता र अन्यायको सामना गर्न, पुरुष शारीरिक र भावनात्मक बलले बनेको हुन्छ जुन पत्नी भन्दा फरक हुन्छ । परमेश्वरले उनलाई आफ्नो कामको लागि सुसज्जित गर्नुभएको छ, उनले आफ्नो काम राम्रोसँग गर्नको लागि यी क्षेत्रहरुमा आफूलाई थप विकास गर्नुपर्छ ।

- अर्कोतर्फ, पत्नीले घर र परिवारको आवश्यकताको हेरचाह गर्ने उद्देश्य राखेका छन् । बालबच्चाहरुमाथिको अधिकारमा तिनीहरुलाई कोमलता, दया, समझ जस्ता अर्को प्रकारको सामर्थ्यको आवश्यकता पर्दछ ताकि उनीहरुले वयस्कहरुको लागि उचित सम्मान दिने कुरा सिक्छन् । एफिसी ६:४ मा आफ्ना छोराछोरीहरुलाई रीस नउठाउन, तर तिनीहरुलाई प्रभुको पालनपोषण र शिक्षामा हुर्काउन आमाबाबुलाई निर्देशन दिइएको छ । यसले दुइवटा कुराहरु भन्दछः एउटा, आमाबाबुले आफ्ना छोराछोरीसँग कसरी व्यवहार गर्ने भन्नेमा बुद्धि र विवेक प्रयोग गर्नुपर्छ, ताकि बच्चाहरुले अधीनता सिक्छन् तर विद्रोह होइन्; र दोस्रोमा आमाबाबुलाई तालिम दिन (यसको अर्थ उनीहरुलाई ख्रीष्टियान बन्ने गतिविधि र काममा अगुवाइ गर्ने) र सल्लाह दिन (यसको अर्थ उनीहरुलाई धर्मशास्त्रले भनेको कुरा राम्ररी सिकाउनु हो) परमेश्वरको साम्‍ु जिम्मेवार हुन्छ ताकि उनीहरु आफै विश्वासयोग्य ख्रीष्टियान भएर बढ्न सकोस् ।

## मण्डलीमा

मण्डलीमा के जिम्मेवारीहरु छन्? फेरि, सम्पूर्णको दुई भागहरु छन् ।

- पुरुष मानिसहरुमा सार्वजनिक अगुवाइ गर्ने, शिक्षा प्रदान गर्ने र आफूलाई धर्मशास्त्रको अध्ययनमा समर्पित गर्ने ताकि तिनीहरुले मण्डलीलाई बहकाउन नपरोस् । पुरुषहरु मध्येबाट प्रचारकहरु, शिक्षकहरु, एल्डहरु र डिकनहरु विकसित गर्नुपर्छ, ताकि सम्पूर्ण मण्डलीको आत्मिक आवश्यकताहरु पूरा गर्न सकून् । हिब्रू १३:१७ ले भन्छ, "तिमीहरुका अगुवाहरुको आज्ञा पालन गर, र तिनीहरुका अधीनमा बस । किनकि लेखा दिनुपर्छ भन्ने कुरा जानेर नै तिनीहरुले तिमीहरुका प्राणको हरेचाह गर्छन्...।"

- यी अगुवाहरुले समुदायमा काम गर्नुपर्छ, परमेश्वरको वचनको अध्ययन गर्न चाहनेहरुलाई खोज्दै तिनीहरुलाई सिकाउनु पर्छ । तिनीहरुले मण्डलीलाई यसको सुसमाचार अभियान र परोपकारी कार्यक्रमहरुमा अगुवाइ गर्नुपर्छ । तिनीहरुले पनि मण्डलीको लागि समग्र कार्यक्रमहरुमा मार्गदर्शन प्रदान गर्नुपर्दछ, यसले मण्डलीका सदस्य परिवारहरुको आत्मिक आवश्यकताहरु हेर्छन्, किनकि यसले संसारका अन्य भागहरुमा पनि सुसमाचार प्रचार गर्न जान्छन् । मण्डलीको आराधना सेवाहरु, प्रचार गर्ने, सार्वजनिक रुपमा प्रार्थना गर्ने, भजन गाउने अगुवाइ आदिको नेतृत्व पुरुषहरुले गर्नुपर्छ ।

- महिलाहरुले मण्डलीमा के गर्न सक्छन्? पहिलो, तिनीहरुले प्रत्येक प्रभुको दिनको आराधनाको लागि बाँकी मण्डलीसँग भेला हुने आफ्नो जिम्मेवारी महसुस गर्नु महत्वपूर्ण छ । कहिलेकाहिँ महिलाहरु-वा तिनीहरुका पतिहरुले निर्णय गर्छन् कि उनीहरु र बच्चाहरुलाई आराधना गर्न जान धेरै गाह्रो छ, त्यसैले पति मात्र जान्छ । के हाम्रा प्रभुलाई यात्रा गर्न स्वर्गबाटको दूरी धेरै ठूलो थियो वा क्रूसको मृत्यु उहाँको लागि धेरै गाह्रो थियो? यदि उहाँले हाम्रो लागि पहिले नै धेरै गरिसक्नुभएको छ भने, उहाँले हामीलाई सोध्नुभएको कुनै पनि कुरा गर्न कसरी धेरै हुन सक्छ? यसरी फिल्मी र ईश्वरहिन तरिकाबाट आफैलाई आराधना गर्नबाट बहाना बनाउने जो कोहीलाई पनि लज्जित होस् । हामीले गर्न नसक्ने कुरा परमेश्वरले सोध्नुभएको छैन्, त्यसकारण तिनीहरुको कठोर परिस्थितिमा पनि आफ्ना बालबच्चाहरुलाई आफैसित आफ्ना पतिसँगै मण्डलीको हरेक सभामा जानुपर्छ ताकि तिनीहरुले परमेश्वरलाई पहिलो स्थान दिन सक्छौं भन्ने कुरा सिक्न सक्छन । अनि मात्र परमेश्वरले हामीहरुलाई पूर्णरुपमा आशिष दिनुहुन्छ ।

- आत्मिकी महिलाहरु नभएसम्म कुनै पनि मण्डली बलियो हुन सक्दैन, त्यसैले महिलाहरुले धर्मशास्त्रको अध्ययनमा आफूलाई समर्पित गर्नुपर्छ । यसले

तिनीहरुलाई ईश्वरीय पत्नी र आमा बन्न सक्षम बनाउँछ, यसले अरुलाई परमेश्वरको सत्य वचन हस्तान्तरण गर्न सबल बनाउँछ । पुरुष मानिसहरुको लागि वचन अध्ययनको अतिरिक्त, महिला र बच्चाहरुको लागि नियमित बाइबल कक्षाहरु पनि व्यवस्थित रुपले संचालन गर्नुपर्छ । जसले आफूलाई शिक्षकको रुपमा विकसित र तयार पारेका छन्, यी खीष्टियान महिलाहरुले सिकाउन सक्छन् ।

जब एउटी महिलालाई शिक्षिकाको रुपमा नियुक्त गरिन्छ, उनले आफ्नो कक्षाको लागि पहिले नै सावधानीवपूर्वक पाठहरु तयारी गर्नुपर्छ, सामग्रीहरु अध्ययन गर्ने र कुनै पनि दृश्य र अन्य सामग्रीहरु प्रयोग गर्ने योजनाको निम्ति तयार गर्नुपर्छ । उनले के गरिरहेकी छिन् त्यो धेरै महत्वपूर्ण छ भन्ने कुरामा उनी सचेत हुनुपर्छ, केवल समय खर्चिने वा बच्चाहरुलाई शान्त राख्नु मात्र होइन् ताकि उनीहरुका आमाबाबुले कुनै विचलित नभई अध्ययन गर्न सकून् । हाम्रा छोराछोरीहरुलाई तिनीहरुको मुक्तिको लागि आवश्यक सत्यतामा जगाउन हामीसँग केही वर्ष मात्र छ, त्यसैले हरेक अवसरहरुमा सिकाउनु अति आवश्यक छ ।

- पुरुषको अगुवाइमा स्त्रीहरुले पनि आराधनामा भजन गीत गाउने, बाइबल अध्ययन गर्ने, प्रार्थना गर्ने, हप्तामा काम गरेर केही धन कमाएको भए आफ्नो आम्दानीको केही अंश दिने, प्रभुभोजद्धारा परमप्रभुको मृत्युको सम्भनामा सहभागी हुन्छन् । मण्डली कोठालाई कुचोले बढारेर, हललाई सरसफाइ गरेर, बगैचाको झारपातहरु गोडी सफा गरेर, कुनै पनि तरिकाबाट आराधना गर्ने स्थललाई सम्भव भएसम्म हेरचाह र सफा गर्नुपर्छ । यदि मण्डली भवन फोहोर र कमजोर स्थितिमा राखिएको छन भने संसारलाई बताउँछ कि त्यहाँ आराधना गर्ने मानिसहरु परमेश्वरलाई उचित आदर देखाउने बारेमा चिन्तित छैनन् । उहाँको आराधना गर्ने ठाउँले उहाँप्रतिको हाम्रो प्रेम र श्रद्धा झल्काउनु पर्छ । पक्कै पनि, यसको हेरचाह हाम्रो घरको हेरचाह जत्तिकै ठूलो हुनुपर्छ ।
- प्राय खीष्टियानहरु मूर्तिपूजकहरुद्धारा लाजमा पर्छन् जसले आफ्नो मन्दिरहरु निमार्ण गर्न वा सुन्दर बनाउन ठूलो योगदान गर्छन् । खीष्टियानहरुले भवन बनाउनको लागि, यसलाई रंग लगाउन, वा अन्य मर्मत गर्नको लागि विशेष योगदान गर्नको निम्ति बचन गर्नुपर्छ । शायद तिनीहरुले नयाँ भजन पुस्तकहरु, वा नयाँ बाइबलहरु, प्रभु भोजको टेबुल ढाक्न नयाँ कपडाको लागि पैसा तिर्नुपर्ने हुन्छ । आराधना स्थल मर्मत सम्भारमा धेरै भौतिक आवश्यकताहरु संलग्न हुन्छन् । यो कत्ति दुःखको कुरा हो जब खीष्टियानहरु आफूले गर्न सक्ने विशेष कुराहरु उत्सुकतासाथ हेर्दैनन्, तापनि परमेश्वर प्रतिको आफ्नो जोस र प्रेम देखाउँछन् ।

- महिलाहरुले प्रभुको भोजको लागि रोटी र दाखको रस तयार गर्न सक्छन् । यो सम्झनाको भोज बिना आराधना पूरा हुँदैन, र यद्यपि पुरुषहरुले मण्डली सेवाकाईमा अगुवाई गर्नुपर्छ, महिलाहरुले किस्तीहरु र कपडाहरु सफा गरेर तयारी अवस्थामा राख्न सक्छन् । तिनीहरुले आफ्नो लागि रोटी मिलाउने र पकाउने विशेष सुअवसर लिन सक्छन्, ताकि सम्झनाको रोटी प्रत्येक हप्ता ख्रीष्टियानहरुको प्रेमिलो हातहरुद्धारा ताजा बनाइन्छ, बेवास्तापूर्वक बाहिरबाट किनेर ल्याएको होइन् ।

रोटीको लागि सामग्रीहरुमा पीठो, पानी समावेश हुन्छ । एउटा पकाउने विधिको लागि १/२ कप पीठो, पानी चाहिन्छ । तर यसलाई पर्याप्त मात्रामा मिसाउनुपर्छ ताकि यसलाई राम्रोसँग मुछेर सानो डल्लो जस्तो बनाइन्छ र पातलो आकारमा बेलिन्छ । त्यसपछि यसलाई चुलोमा वा कभर प्यानमा पकाउन सकिन्छ । अभ्यासले पूर्णता ल्याउनेछ ।

## समुदायमा

- पहिलो शताब्दीमा स्त्रीहरुलाई यस्तो तरीकाले जिउने चेतावनी दिइएको थियो कि उनीहरुले मण्डलीलाई लाजमा पार्नेछैनन् (१ तिमोथी ५:१४, तीतस २:५) । हामी आफूलाई वरपरको समुदायबाट अलग गर्न सक्दैनौ, र संसारमा हाम्रो काम सुसमाचारको ज्योति हुनु हो । महिलाहरुको साथसाथै पुरुषहरु पनि संसारका ज्योतिहरु हुन् (मत्ती ५:१४), र येशू तिनीहरुमा बास बस्नुहुन्छ (२ कोरिन्थी ५:१९,२०) । तिनीहरु यसबारे सधैं सचेत हुनुपर्छ । साथीहरु र छिमेकीहरुसँगको सम्बन्धमा ईश्वरीय तरिकाले व्यवहार गर्नुपर्छ । यसरी, दिन प्रतिदिन, तिनीहरुले अविश्वासीहरुलाई ख्रीष्टियान मूल्य, नैतिकता र व्यवहार सिकाउन सक्छन् ।
- तर महिलाहरुले मुखबाट पनि सिकाउन सक्छन् । तिनीहरु आफ्ना छिमेकीहरुको घरमा गएर बाइबल कक्षाको प्रबन्ध गर्न मौका खोज्न सक्छन् । सायद तिनीहरुले छिमेकीका अरु महिलाहरुलाई हप्ताको एक बिहान वा एक साँझ आफ्नो टेबल वरिपरि भेला भएर एक कप चिया वा कफी बाँड्न र सँगै धर्मशास्त्र अध्ययन गर्न प्रोत्साहन दिन सक्छन् ।
- महिलाहरुले अरुलाई पनि सेवा आराधनामा निमन्त्रणा गर्न सक्छन् । धेरै मानिसहरु परमेश्वरमा आएका छन् किनभने कोही महिलाले उनीहरुका छिमेकी र बालबालिकाहरु, आफ्ना बालबच्चाहरुसित जान लगाएका छन्, बाइबल कक्षाहरुमा उपस्थित हुन र परमेश्वरको बारेमा जान्न आमन्त्रित गर्दछ ।

**निष्कर्षः**

हामी यस अध्ययनबाट देख्न सक्छौ कि आफ्ना पतिहरुसँग कुनै प्रतिस्पर्धा नगरी त्यहाँ स्त्रीहरुको लागि कामले भरिएको जीवन छ । परमेश्वरले हामी सबैलाई हाम्रो आफ्नै भाग राम्रोसँग पूरा गर्न मद्दत गर्नुहुन्छ, ताकि हाम्रै आत्माले उन्नति गरोस्, र हाम्रो सबै परिवार र मण्डलीलाई भलो होस् ।

## कक्षा छलफलको लागिः

(१) जिम्मेवारीका चार क्षेत्रहरु के-के हुन्?
(२) वैवाहिक जीवनमा पतिको जिम्मेवारी के हो?
(३) विवाहमा पत्नीको भूमिका कस्तो हुन्छ?
(४) ख्रीष्टियान पति र पत्नीहरुलाई एक अर्काको यौन आवश्यकताहरु किन पूरा गर्न दिएको छ?
(५) यदि पुरुष मजबुट अगुवा होइनन् भने पत्नीले कस्तो प्रतिक्रिया गर्नुपर्छ?
(६) के पति-पत्नीले घर र परिवारसँग सम्बन्धित विषयमा छलफल गर्नु महत्वपूर्ण छ? यदि मतभेद छ भने, परमेश्वरले घरको प्रमुखको रुपमा कसलाई नियुक्त गर्नुभएको छ?
(७) पति र पत्नीले एकअर्कालाई किन मद्दत गर्नुपर्छ?
(८) घरमा पतिको भूमिका कस्तो हुन्छ?
(९) परमेश्वरले स्त्रीहरुलाई तिनीहरुको भूमिकाको लागि कसरी सुसज्जित पार्नुभएको छ?
(१०) घरमा पत्नीको जिम्मेवारी के हुन्छ?
(११) परमेश्वरले उनलाई यो काम गर्न कसरी सुसज्जित पार्नुभएको छ?
(१२) आफ्ना छोराछोरी हुर्काउन आमाबाबु कुन दुइ तरिकामा जिम्मेवार छन्?
(१३) मण्डलीमा पतिको जिम्मेवारी कस्तो हुन्छ?
(१४) मण्डलीमा पुरुषहरुले काम गर्नको निम्ति के तयार हुनुपर्छ?
(१५) मण्डलीमा महिलाहरुले के गर्नुपर्छ?
(१६) के आराधना स्थल सफा राख्ने सामान्य काम पुरुष र महिला दुवैले गर्न सक्ने महत्वपूर्ण काम हो?
(१७) स्त्रीले प्रभुभोजको निम्ति के तयार गर्न सक्छिन्?
(१८) समाजमा पुरुषको जिम्मेवारी के छ?
(१९) समाजमा महिलाको भूमिका कस्तो छ?
(२०) यो अध्ययनबाट महिलाको काम के देख्छौं?

❖